

## मौलिक हक कार्यान्वयनमा

# विधायिका र कार्यपालिकाको भूमिका

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर

मौलिक हक कार्यान्वयनमा
# विधायिका र कार्यपालिकाको भूमिका

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

लेखन तथा सम्पादन : मोहन लाल आचार्य
हरि प्रसाद झवाली
श्यामबाबु काफ्ले

ले आउट : हिमाल श्रेष्ठ

प्रकाशन मिति : २०७६ श्रावण

प्रकाशन प्रति :

प्रकाशन नं. : २४४

प्रकाशक

राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.नं. ९१८२, काठमाडौं ।

सहयोग :

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपि), संसदीय सहयोग र आयोगको रणनीतिक योजना सहयोग परियोजना ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मौलिक हक, सिद्धान्ततः केवल नागरिकका अधिकारहरू हुन् भन्ने मान्यता रहेको छ । मानव अधिकार, नागरिकसहित व्यक्ति र समूहका पनि अधिकारका विषयहरू हुन् । नागरिक, व्यक्ति र समूहका अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यको हो । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्यको हुने व्यवस्था नेपालको संविधानले पनि गरेको छ । उल्लिखित अवस्था मानव अधिकारप्रति राज्यको दायित्वको परिपूर्ति गर्न राज्यका निकायभित्र पनि सम्मानको सन्दर्भमा विशेषतः विधायिका र व्यवहारिक कार्यान्वयनका सन्दर्भमा कार्यपालिकामा रहन्छ । संविधानले नेपाल राज्यको मूल संरचनालाई सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गर्दै राज्यशक्तिको बाँडफाँड पनि तीनै तहमा गरिसकेको छ । यस व्यवस्थाले नागरिकका मौलिक हकसहितका मानव अधिकार तथा व्यक्ति र समूहका मानव अधिकारका विषयहरूको सम्मान, संरक्षण र परिपूर्तिमा राज्यका तीनै तहहरू जिम्मेवार हुनुपर्ने अवस्थाको स्वतः सिर्जना गरेको छ । राज्यले मानव अधिकारप्रतिको दायित्वमा खेलेको भूमिकाको अनुगमन, मूल्याङ्कन र राज्यलाई सुझाव एवं सिफारिस गर्न राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको छ । संविधानले आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्ने दायित्व सुम्पिएको छ ।

उल्लिखित व्यवस्था, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ जारी भएको ७०औं वर्ष र राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्ने सम्बन्धी पेरिस सिद्धान्त जारी भएको २५औं वर्ष पूरा भएको सन्दर्भमा आयोगले प्रदेशसभा र प्रदेश सरकारहरूसँगको संयुक्त आयोजनामा "मौलिक हक कार्यान्वयनमा प्रदेश सभा र सरकारको भूमिका" विषयक कार्यक्रम सम्पन्न गरेको छ । सम्पन्न सबै कार्यक्रमहरूमा नेपाल सरकारका मन्त्री, पद्रेश सरकारका मुख्यमन्त्रीहरू, सभामुखहरू, महान्यायाधिवक्ता, मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, मुख्य न्यायाधिवक्तालगायत सरकारका प्रतिनिधिहरू, नागरिक समाज र पेशागत सङ्घसङ्गठनबाट भएको गरिमामय उपस्थिति र मानव अधिकारप्रति व्यक्त भएका प्रतिवद्धताबाट सै प्रदेशहरूको भूमिका मानव अधिकारमैत्री रुपमा अगाडि बढ्ने अनुभूति आयोगलाई भएको छ । यसबाट राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा व्यक्त गर्दै आएको मानव अधिकारप्रतिका प्रतिबद्धता व्यवहारिक रुपमा कार्यान्वयन भएको अनुभूति गर्ने अवस्थाको शीघ्र सिर्जना हुने अपेक्षा लिएको छु । सातवटै प्रदेश र सङ्घमा निर्वाचित भएका सरकार, सभा र नागरिक समाजका साझा प्रतिवद्धताले मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न मद्दत पुग्नेछ । साथै प्रदेश विशेषमा मानव अधिकार सम्बन्धमा देखिएका प्रमुख समस्याहरूको बारेमा भएको विशेष छलफलबाट ती समस्याहरूको समाधानमा पनि सम्पन्न कार्यक्रमहरूले सहयोग पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, कार्यक्रममा व्यक्त भएका साझा प्रतिवद्धताहरू कानुन निर्माणको सन्दर्भमा प्रदेशसभा र कार्यान्वयन गर्ने सन्दर्भमा सरकारबाट कार्यान्वयन हुन सकेमा मौलिक हक र मानव अधिकारप्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व पूरा भई कार्यक्रमको उद्देश्य पूरा हुने हुँदा सो कार्यमा साथसाथै अगाडि बढ्न आयोग तयार रहेको छ । कार्यक्रम सम्पन्न गर्नको लागि निरन्तर सक्रिय रहनुहुने यस आयोगका सदस्यद्वय सुदिप पाठक र गोविन्द शर्मा पौड्याल, प्रदेश सभा र प्रदेश सरकार, आयोगका सबै कार्यालयका कार्यालय प्रमुखहरूसहित सबै कर्मचारीहरू, केन्द्रीय कार्यालयका उपनिर्देशकद्वय हरिप्रसाद ज्ञवाली र श्यामबाबु काफ्ले, कार्यक्रमका प्रमुख कार्यपत्र प्रस्तोता मोहनलाल आचार्यसहितका सबै कार्यपत्र प्रस्तोताहरू र कार्यक्रम सम्पन्न गर्नको लागि सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम सम्बद्ध सबैलाई धन्यवाद दिन चाहन्छु ।

अनूप राज शर्मा
अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# मन्तव्य

नेपालको संविधानले नेपाल राज्यको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्दै राज्य शक्तिको बाँडफाँड समेत गरेको छ । यो नेपालको लागि नितान्त नयाँ अभ्यास हो । यस अभ्यासमा विगतमा जस्तो केन्द्रीकृत सरकार वा संसद मात्र नभएर अब प्रदेश सरकार र स्थानीय सरकार पनि नागरिकहरूको आधारभूत आवश्यकता परिपूर्तिको लागि जिम्मेवार हुन आवश्यक छ । नागरिक र व्यक्तिका आवश्यकताको परिपूर्ति नेपालको संविधानले निर्देश गरेका मापदण्ड भित्र रहेर गर्नु आवश्यक छ । संविधानले राज्यलाई गरेका त्यस्ता निर्देशहरू मध्ये सबैको मौलिक हकको सुनिश्चितता गर्नु पनि एक हो ।

मौलिक हक कार्यान्वयनको सन्दर्भमा त्यस सम्बन्धी जनचेतनाको जति आवश्यक छ, त्यसको बारेमा जिम्मेवार निकायबाट कानुन निर्माण गर्ने र ती व्यवस्थाहरूलाई लागू गराउनु पनि त्यति नै आवश्यक छ । मौलिक हक कार्यान्वयन सन्दर्भमा आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी आफ्ना प्रदेशमा बसोबास गर्ने नागरिकहरूलाई संविधानले प्रत्याभूत गरेका मौलिक हक प्राप्तिको अनुभूति दिने जिम्मेवारी अब प्रदेश र स्थानीय तहका सरकारको पनि हो । तर नेपालको लागि बिलकुल यस नयाँ अभ्यास र जिम्मेवारी पूरा गर्ने सन्दर्भमा राज्यका सबै निकायबीच समन्वय र सहकार्यको आवश्यकता रहेको छ ।

यसै विषयलाई ध्यानमा राखी राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ७०औं र राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त (पेरिस सिद्धान्त) जारी भएको २५औं वर्ष पूरा भएको सन्दर्भमा "मौलिक हक कार्यान्वयनमा प्रदेश सरकार र संसदको भूमिका" विषयक कार्यक्रमको आवश्यकता महशुस गरी सातै प्रदेशमा सम्पन्न गरेको हो । सम्पन्न कार्यक्रमले प्रदेश सरकार र प्रदेश सभालाई मानव अधिकारमैत्री कानुन निर्माण गर्दै आफ्नो प्रदेशमा बसोबास गर्ने नागरिकहरूको मौलिक हक समेतका मानव अधिकारका विषयहरूको संरक्षण र सम्वर्द्धन गर्न सहयोग गरेको अनुभूति भएको छ । कार्यत्रममा उपस्थित मुख्यमन्त्री सहितका मन्त्रीज्यूहरू, सभामुखसहित प्रदेश सभाका सदस्यज्यूहरूबाट व्यक्त प्रतिबद्धता र सरकार, सभा तथा नागरिक समाजबाट जारी भएका साझा प्रतिबद्धताले यस तथ्यलाई स्थापित गरेको छ । सम्पन्न सबै कार्यक्रमहरूले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सरकार तथा संसद्लाई थप जिम्मेवार समेत बनाएको अनुभूति स्वयं सरकार र सदस्यज्यूहरूबाट व्यक्त हुनुले मानव अधिकारमैत्री प्रदेश बन्ने विषयमा यस आयोगलाई थप उत्साही बनाएको छ ।

आधारभूत अधिकारको रुपमा रहेका मौलिक हकको कार्यान्वयनबाट एकातर्फ नागरिकहरूको मानव अधिकार सुनिश्चित हुन्छ भने अर्कोतर्फ आम मानिसहरूलाई आफ्नो दायित्व प्रति जिम्मेवार रहन योगदान पुऱ्याउँदछ । जुन कार्य सम्पन्न हुन संसद् र सरकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । संसद् र सरकारलाई यस प्रकारको भूमिका निर्वाह गर्न पनि यस कार्यक्रमले योगदान पुऱ्याएको मेरो विश्वास छ ।

अन्त्यमा, सङ्घ तथा प्रदेशका कार्यक्रमहरूमा उपस्थित भई प्रतिबद्धता सहितको आफ्नो धारणा राखिदिनु हुने माननीय गृहमन्त्री, मुख्यमन्त्री, सभामुख, प्रदेश सरकारका मन्त्रीहरू, नेपाल सरकारका महान्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ता, प्रदेशसभाका विभिन्न समितिका सभापति, सङ्घीय तथा प्रदेशसभाका सदस्य, सुरक्षा निकायका उच्च पदस्थ व्यक्ति, नेपाल सरकारका सचिव तथा कर्मचारी, जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका पदाधिकारी लगायत कार्यक्रममा उपस्थित सबै महानुभावहरूप्रति आभार व्यक्त गर्दछु । साथै राष्ट्रिय मानव अधिकार आयोग र प्रदेश सरकार तथा सभाको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न गर्न योगदान पुऱ्याउनु हुने यस आयोगका कानुन र प्रवर्द्धन तथा वकाल महाशाखा प्रमुखहरू, उपनिर्देशक हरिप्रसाद ज्ञवाली र श्यामबाबु काफ्ले, मानव अधिकार अधिकृत सोमनाथ सुवेदी, प्रदेश कार्यालयहरू, कार्यपत्र प्रस्तोताहरू र कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम मातहत सञ्चालित राष्ट्रिय मानव अधिकार आयोग रणनीतिक योजना सवलीकरण परियोजना र संसदीय सहयोग परियोजनालाई समेत धन्यवाद दिन चाहन्छु ।

..............................................
गोविन्द शर्मा पौड्याल
सदस्य
राष्ट्रिय मानव अधिकार आयोग

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

# विषय सूची

परिच्छेद - १

परिचय

१.१ पृष्ठभूमि ........ १

१.२ प्रतिवेदनको उद्देश्य ........ २

१.३ प्रतिवेदन तयारी विधि ........ ३

परिच्छेद - २

अवधारणात्मक पक्ष

२.१ मानव अधिकार ........ ६

२.२ मौलिक हक ........ ८

२.३ नागरिक तथा राजनीतिक अधिकारहरू ........ १५

२.४ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू ........ १७

२.५ समूह विशेषका अधिकारहरू ........ १८

२.६ वातावरण र विकास सम्बन्धी अधिकार........ १९

२.७ मानव अधिकारका नवीनतम् आयामहरू ........ २०

परिच्छेद - ३

कार्यान्वयन संयन्त्र

३.१ परिचय ........ २६

३.२ कानूनी संयन्त्र ........ २८

३.३ संस्थागत संयन्त्रहरु ........ ३२

परिच्छेद - ४

कार्यान्वयनका लागि भएका प्रयासहरू

४.१ सरकारको तर्फबाट ........ ४६

४.२ संसद्को तर्फबाट ........ ५३

४.३ न्यायलयबाट ........ ५४

४.४ राष्ट्रिय मानव अधिकार आयोगको भूमिका ........ ५५

परिच्छेद - ५

## कार्यान्वयनको अवस्था र चुनौती


५.१ कार्यान्वयनको अवस्था ........ ५८

५.२ मानवअधिकार संरक्षण तथा सम्वर्द्धनमा देखा परेका मुख्य चुनौतिहरु ........ ६४


परिच्छेद - ६

## मौलिक हक कार्यान्वयन र प्रदेश


६.१ मौलिक हक कार्यान्वयनमा प्रदेशस्तरमा उठेका सवालहरु ........ ६७

६.२ साझा प्रतिवद्धता तथा घोषणापत्र ........ ७०


परिच्छेद - ७

## विश्लेषण, निष्कर्ष र सुझावहरु


७.१ प्रदेश तथा काठमाडौंमा भएका कार्यक्रमका आधारमा मानव अधिकार अवस्थाको विश्लेषण ........ ७२

७.२ निष्कर्ष ........ ७४

७.३ सिफारिसहरु ........ ७५

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले मौलिक हक तथा राज्यका निर्देशक नीति तथा सिद्धान्तमा व्यापक विस्तार गरी ३१ वटा धारामा मौलिक हकको व्यवस्था गरेको छ । मौलिक हक तथा मानव अधिकारको कार्यान्वयन सम्बन्धमा धारा ५२ मा राज्यको दायित्व अन्तर्गत "**नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ**" भन्ने व्यवस्था गरिएको छ ।

सङ्घीय प्रणालीको अभ्याससँगै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धनको जिम्मेवारी अब केन्द्रीय वा सङ्घीय सरकार, संसद् वा अन्य निकायको मात्र रहेन । सङ्घीय प्रणालीमा राज्यका तीनै तहले आ–आफ्नो क्षेत्राधिकारमा अभ्यास गर्ने भएकोले तत्तत् क्षेत्रमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मान प्रतिको अन्तर्राष्ट्रिय दायित्व पनि सिर्जना हुन्छ ।

देश यतिबेला संविधान कार्यान्वयनको चरणमा छ । मौलिक हकको कार्यान्वयन अत्यन्तै चुनौतिपूर्ण विषय हो । खासगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनमा राज्यका हरेक निकायहरु सजग हुन आवश्यक छ । उक्त पवित्र कार्यको लागि राज्यका तीन वटै तहहरु जिम्मेवार र जवाफदेही हुन आवश्यक छ । त्यसको निम्ति राष्ट्रिय मानव अधिकार आयोगले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम युएनडीपिको सहयोगमा मौलिक हक कार्यान्वयनमा संसद् र सरकारको भूमिका विषयमा प्रदेश सरकार तथा संसद्सँगको सहकार्यमा देशव्यापी कार्यक्रमहरु सञ्चालन गरेको थियो । जसको आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

## १.२ प्रतिवेदनको उद्देश्य

नेपालको संविधानमा उल्लिखित मौलिक हकहरूको प्रभावकारी कार्यान्वनका प्रमुख चुनौतीहरु र तिनको निकासका सम्भावित उपायहरूबारे जनप्रतिनिधिहरूको भूमिका सम्बन्धमा छलफल गरी साझा बिन्दुमा पुग्ने तथा कार्यान्वयनको निम्ति हातेमालो गर्दै अगाडि बढ्ने वातावरणको निर्माण गर्ने प्रमुख लक्ष्य रहेको कार्यक्रमको आधारमा तयार पारिएको प्रतिवेदनको मूलभूतरूपमा निम्न उद्देश्यहरु रहेका छन् :-

(क) नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक तथा कानूनी व्यवस्थाहरूका आधारमा मानव अधिकार तथा मौलिक हकको कार्यान्वयनमा देखा परेका चुनौतीहरु र जनप्रतिनिधिहरूको भूमिका विषयमा प्रभावकारी र विस्तृत अध्ययन गरी श्रोत सामाग्रीको विकास गर्ने,

(ख) प्रत्येक प्रदेशको मानव अधिकारका प्रमुख समस्यालाई समेटी त्यहाँका नागरिकले भोग्नु परेका चुनौतीहरु र त्यसको समाधानमा स्थानीय जनप्रतिनिधिहरूले खेलेको भूमिका बिषयमा छलफल गरी समाधानको सन्दर्भमा सङ्घ तथा सम्बन्धित प्रदेशका सरोकारवाला निकायहरूलाई जिम्मेवार बनाउन पहल गर्ने,

(ग) संविधानको मौलिक हक अन्तर्गत रहेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकार र प्रदेश सभाले खेल्नुपर्ने भूमिका सम्बन्धमा व्यापक छलफल गर्ने र कार्यान्वयनको लागि मार्गचित्र तयार गर्ने,

(घ) प्रदेशसभाका विभिन्न समितिका माननीय सदस्यहरूलाई मानव अधिकारमुखी कानून बनाउन र त्यसका लागि विभिन्न सरोकारवालाहरूको अधिकार र दायित्व बोध गराउन सहयोग पुऱ्याउने,

(ङ) विकासमा मानव अधिकारमुखी पद्धतिको आवश्यकता सम्बन्धमा सङ्घ र प्रदेश सरकार, व्यवथापिका, स्थानीय तह र कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूलाई बोध गराई मानव अधिकारमुखी विकास पद्धतिलाई अवलम्बन गर्न प्रेरित गर्ने,

(च) सङ्घ तथा प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी सङ्घ संस्था तथा नागरिक समाज, विभिन्न पेशागत सङ्घ सङ्गठन लगायतका पक्षहरूको

मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा हुने भूमिका सम्बन्धमा साझा प्रतिवद्धता तयार गर्ने ।

## १.३ प्रतिवेदन तयारी विधि

यो प्रतिवेदन गत मङ्सिर र पौषमा देशैभर सञ्चालित कार्यक्रमहरूका आधारमा तयार पारिएको हो । कार्यक्रमको लागि हरेक क्षेत्रमा २ वटा कार्यपत्रहरु तयार गरिएका थिए । जस अन्तर्गत एउटा मूल विषयको रूपमा "**मौलिक हकको कार्यान्वयनमा सरकार तथा संसद्को भूमिका**" जसमा मानव अधिकार, मौलिक हक, अधिकारमुखि आयोगहरु, पेरिश सिद्धान्त र राज्यको मानव अधिकारप्रतिको दायित्व तथा सरोकारवालाहरूसंगको सहकार्यका आधारहरु समेत समेटेर एउटा वृहत कार्यपत्र तयार गरिएको थियो । काठमाडौंको लागि उक्त कार्यपत्र प्रदेशबाट आएका विषयवस्तु र साझा अवधारणपत्र तथा प्रदेशस्तरबाट उठाइएका विषयहरु समेत समेटेर अर्को कार्यपत्रको रूपमा तयार पारिएको थियो भने हरेक प्रदेश तथा काठमाडौंको लागि अलग कार्यपत्रहरु तयार पारी सबै सहभागीहरूलाई वितरण गरिएको थियो ।

कार्यक्रममा "**मौलिक हकको कार्यान्वयनमा सरकार तथा संसद्को भूमिका**" भन्ने मूल विषयमा सबै प्रदेश तथा केन्द्रमा अधिवक्ता मोहनलाल आचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुत गर्दा सरकार, संसद्, मानव अधिकार आयोग र नागरिक समाजको लागि समेत अलग अलग सुझावहरु समेत समेटिएको थियो । उक्त मूल विषय बाहेक सबै प्रदेश तथा केन्द्रको लागि एउटा अलग्गै विषय समेत उक्त क्षेत्रको मूल समस्याको रूपमा छनोट गरिएको थियो । ती विषयहरु निम्न छन्ः

(क) प्रदेश नं. १ मा **आप्रवासीहरूको अधिकार** (प्रस्तुतकर्ता अधिवक्ता कला त्रिताल),

(ख) प्रदेश नं. २ मा **महिला हिंसा** (प्रस्तुतकर्ता अधिवक्ता रेखा झा),

(ग) प्रदेश नं. ३ मा **बाल अधिकारको अवस्था** (प्रस्तुतकर्ता अधिकारकर्मी झविन्द्र पौडेल),

(घ) गण्डकी प्रदेशमा **मानव अधिकारमुखि विकास पद्धति** (प्रस्तुतकर्ताद्वय अधिवक्ता सुरेन्द्र थापामगर र पत्रकार सन्तोष पोखरेल),

(ङ) प्रदेश नं. ५ मा **विकास र मानव अधिकार** (प्रस्तुतकर्ता वरिष्ठ अधिवक्ता तेजप्रसाद कंडेल),

(च) कर्णाली प्रदेशमा **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था** (प्रस्तुतकर्ता मानव अधिकारकर्मी गोविन्द बहादुर शाही),

(छ) सुदूरपश्चिम प्रदेशमा **दलित समुदायको अधिकार** (प्रस्तुतकर्ता अधिकारकर्मी चक्र वि.क.) ।

(ज) काठमाडौंको लागि **नेपालमा दण्डहीनताको अवस्था र समाधानका उपायहरू** (प्रस्तुतकर्ता अधिवक्ता गोविन्द शर्मा - "बन्दी")

कार्यक्रमहरु संयुक्त रूपमा राष्ट्रिय मानव अधिकार आयोग र प्रदेश सरकारको आयोजनामा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम अन्तर्गतका संसदीय सहयोग कार्यक्रम र रणनीतिक योजना सहयोग परियोजनाको संयुक्त सहयोगमा सञ्चालन गरिएका थिए । कार्यक्रममा सरकारको तर्फबाट सम्भव भएसम्म मुख्यमन्त्री (प्रदेश सरकारको हकमा) को प्रमुख आतिथ्यतामा वा प्रदेशस्तरका माननीय मन्त्रीहरु तथा प्रदेशसभाका माननीय सभामुखको विशेष आतिथ्यतामा सञ्चालन भएका थिए । त्यसैगरी केन्द्रमा माननीय गृमहमन्त्रीको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको थियो । हरेक प्रदेशमा १ जना मानव अधिकार आयोगका माननीय सदस्य (विराटनगर, जनकपुर र हेटौडामा माननीय सुदिप पाठक तथा बुटवल, पोखरा, सुर्खेत र धनगढीमा माननीय गोविन्द शर्मा पौड्याल) को उपस्थिति थियो भने आयोगको केन्द्रीय कार्यालयका उपनिर्देशकहरु (श्यामबाबु काफ्ले विराटनगर, जनकपुर र हेटौडा तथा हरि ज्ञवाली बुटवल, पोखरा, सुर्खेत र धनगढी) को समेत सक्रिय सहभागिता थियो । काठमाडौंमा भने आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा, सदस्यहरु माननीय प्रकाश वस्ती, माननीय मोहना अन्सारी र माननीय गोविन्द शर्मा पौड्याल हुनुहुन्थ्यो ।

कार्यक्रमको उद्घाटन पश्चात दुई वटा कार्यपत्र प्रस्तुत गर्ने र कार्यपत्रमाथि १ जना विज्ञ (प्रो. कपिल श्रेष्ठ, विराटनगर र जनकपुर, अधिकारकर्मी गणेश वि.के हेटौडा, सुर्खेत र धनगढी तथा डा. हरिवंश त्रिपाठी पोखरा) को विशेष टिप्पणी पश्चात खुला छलफलको लागि समय दिइएको थियो ।

खुला छलफलमा माननीय सांसदहरु, पत्रकार, सरकारी निकाय, मानव अधिकारकर्मी, नागरिक समाज, राजनैतिक दल, सुरक्षा निकाय, सरकारी कर्मचारी र पीतिडहरूका लागि अलग–अलग समूह बनाई समूहको प्रतिनिधित्व

गर्ने गरी १ वा केही व्यक्तिहरूलाई आफ्ना विचार वा जिज्ञासा राख्ने अवसर दिइएको थियो । कार्यक्रममा करिव ८५० जना भन्दा बढीको सहभागिता थियो ।

यो प्रतिवेदन तयार पार्ने क्रममा मूलतः उक्त कार्यक्रमहरूबाट आएका विषयहरू, मानव अधिकार तथा मौलिक हक सम्बन्धी सैद्धान्तिक अवधारणा लगायतको लागि द्वितीय स्रोतको सहारा लिइएको छ । छलफलबाट आएका विषयहरू भनेँ प्राथामिक स्रोतको रूपमा समेत आएका छन । प्रस्तुत पुस्तिका प्रतिवेदनको रूपमा मात्र नभएर मानव अधिकार तथा मौलिक हकको अवधारणा, संरचनागत विकास र जवाफदेही निकायहरूको भूमिका र आगामी कदमहरू समेतलाई समेटेर एउटा छोटो तर गहन अध्यापनको सामग्रीको रूपमा विकास गर्ने प्रयत्नको परिणाम हो । यस पुस्तिकाले संविधान कार्यान्वयनको लागि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

परिच्छेद २

# अवधारणात्मक पक्ष

## २.१ मानव अधिकार

मानव अधिकार अन्तर्राष्ट्रिय कानूनको एउटा शाखा हो । अन्तर्राष्ट्रिय कानूनका नियम वा सिद्धान्तहरू नै मानव अधिकारका विषयमा पनि लागु हुने विषयहरू हुन् । मानवले मानवको रूपमा जन्मकै आधारमा प्राप्त गर्ने हरेक व्यक्तिको नैसर्गिक, मानवीय विश्वव्यापी तथा अहरणीय अधिकारहरू नै मानव अधिकारहरू हुन् । यस्ता अधिकारहरूको प्रचलनको लागि हरेक राज्यले आ–आफ्ना किसिमका कानूनी व्यवस्थाहरू गरेका हुन्छन् । मानव अधिकारका विषयवस्तुलाई कसैले नागरिक, कसैले संवैधानिक त कसैले मौलिक हकको रूपमा व्याख्या गर्ने गरेको पाइन्छ । यस विषयलाई जसरी व्याख्या गरिएता पनि यसको गहिराई र मर्मलाई विचार गर्दा चेतनशील प्राणीको रूपमा जन्मेको कारणले मानिसले मात्र प्राप्त गर्ने अधिकार हो ।

मानव अधिकारको जन्म मानव सभ्यताको विकाससँगै भएको मानिन्छ । समाजको विकाससँगै मानव अधिकारको स्वरूप पनि परिवर्तन हुँदै जान्छ । युद्ध, अशान्ति, चरम आर्थिक विशृङ्खलता आदिबाट जब राष्ट्र कठिन मोडमा उभिन पुग्छ, त्यति बेला राज्यले समेत मानव अधिकारको अनिवार्यताको महसुस गर्दछ । मानव अधिकार मानिस भएको नाताले मानिससँग स्वभाविक रूपमा अन्तर्निहित रहने अधिकारको समष्टिगत रूप हो । मानिसले जन्मेदेखि नै मानिस हुनुको पूर्व शर्तको रूपमा केही मूलभूत अधिकारहरू साथैमा लिएर आएको मानिन्छ । मानव भएर बाँच्न पाउने तिनै पूर्वशर्तको रूपमा रहेको विषयलाई मानव अधिकार हो भन्न सकिन्छ । मानव अधिकार के हो भन्ने विषयमा विद्वानहरूले आ–आफ्नै तरिकाले परिभाषा गर्ने गरेको पाइन्छ तथापि जे जुन रूपमा परिभाषा गरे पनि त्यसैलाई आधार मानी मानव अधिकारलाई सीमित दायरामा कैद गर्न भने उपर्युक्त मान्न सकिदैन ।

मानव अधिकारको व्यवस्था गर्ने मूलभूत दस्तावेजहरु, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८; आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध, १९६६; नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध, १९६६; नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्धको इच्छाधीन उपलेख, १९६६ र मृत्युदण्ड उन्मूलनको लागि व्यवस्थित नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्धको इच्छाधीन उपलेख, १९८९ हुन् । जसलाई अधिकारको घोषणापत्र (International Bill of Rights) पनि भनिन्छ । यस बाहेक संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा १, २, ८, ५५, ५६ लगायतका कतिपय धाराहरु, क्षेत्रीय प्रावधानहरु र अन्य जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५; महिला विरूद्धका सबै प्रकारका विभेद उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९; यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि, १९८४; बालबालिकाको अधिकार बिषयक महासन्धि, १९८९; आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी महासन्धि, १९९० आदि महत्वपूर्ण सन्धिहरूको रूपमा रहेका छन् ।

संयुक्त राष्ट्रसङ्घबाट जारी उल्लिखित महासन्धिहरूले मानव अधिकारका विषयहरूको बारेमा विस्तृत व्यवस्था गरेका छन् । तर ती महासन्धिहरूमा मानव अधिकारको परिभाषा भने गरिएको छैन । मानव अधिकारको परिभाषा विभिन्न विद्वानहरूबाट गर्ने प्रयास भएको पाइन्छ । यस क्रममा जे.एस. मिलले **"अन्ततोगत्वा राज्यको मूल्य भनेको त्यस राज्यका नागरिकको मूल्य हो, जसबाट त्यो राज्य बन्छ"** भनेका छन् भने कोफि अन्नानले **"मानव अधिकार व्यक्तिमा अन्तर्निहीत रहने विशेषाधिकार हो, त्यो अधिकार सरकारले दिने अनुदान जस्तो फेरि फिर्ता लिन सकिने कुरा होइन"** भनेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २(च) ले **"...व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनु पर्दछ ।"** अर्थात "Human rights means, rights related to the life, liberty & dignity of indivudual provided by the constitution and other laws as embodied in the international treaties to which Nepal is a party." भनी परिभाषा गरेको छ । नेपालको सर्वोच्च अदालबाट एक मुद्दामा **"...वस्तुतः मानव अधिकारहरू मानिस मात्रका त्यस्ता अपरिहार्य स्वार्थ, चाहना र आवश्यकता**

**हुन् जसले मानिसलाई अन्य प्राणीहरूभन्दा भिन्न राख्न सकेको छ ।...“**[१] भनी अन्य प्राणीभन्दा मानिसलाई फरक रूपमा परिचित गराउने तत्वलाई मानव अधिकार भनी व्याख्या गरेको छ । त्यसै गरी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले मानव अधिकारको परिभाषा गरेको छ, जस अनुसार, "Human rights are rights inherent to all human beings, whatever our nationality, place of residence, sex, national or ethnic origin, colour, religion, language, or any other status. We are all equally entitled to our human rights without discrimination. These rights are all interrelated, interdependent and indivisible."

अतः मानव अधिकार भन्नाले मानिसका प्रकृति प्रदत्त, विश्वव्यापी, अहरणीय, नैसर्गिक अधिकारहरु हुन, जुन मानव जीवनको लागि अत्यन्तै आवश्यक र महत्वपूर्ण हुन्छन् । ती अधिकारहरु मानवको जीवन स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छन् । जसको पूर्ण प्रत्याभूतिको निम्ति राज्यले अन्तर्राष्ट्रिय रूपमा विभिन्न किसिमका सन्धि सम्झौताहरु मार्फत सहमति जनाएको हुन्छ । जनताको निम्ति नागरिक अधिकारको रूपमा संविधान वा मूल कानूनमै व्यवस्था गरिएको हुन्छ । यस्ता अधिकारहरूको पूर्ण प्रत्याभूतिको निम्ति व्यक्तिले राज्य वा संसार विरूद्धको समेत अधिकार राख्दछ । मानव अधिकार व्यक्ति वा व्यक्तिको समूह विरूद्धको अधिकार नभएर राज्य विरूद्धको व्यक्तिको अधिकार हो । साथै राज्यसँग शक्ति, सत्ता र वैधता हुने भएकोले मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने जिम्मेवारी हुन्छ, त्यसैले नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय दस्तावेजहरु कार्यान्वयन गर्ने दायित्व पनि राज्यसँग रहन्छ ।

## २.२ मौलिक हक

मानिसलाई सम्मानपूर्वक बाँच्नका लागि नभई नहुने संविधानको मौलिक हक सम्बन्धी भाग अर्न्तगत उल्लेख गरिएका मानव अधिकारका विषयहरु नै मौलिक हकहरु हुन् । यी अधिकारहरूको संरक्षण वा उल्लङ्घनले कुनै पनि व्यक्तिको पूर्ण विकासमा ठूलो अवरोध सिर्जना गर्दछ । राष्ट्रको मूल कानूनको रूपमा रहने संविधानमा मौलिक हकहरु उल्लेख गरिएका हुन्छन् । त्यस्ता हकहरूको

१. सर्वोच्च अदालत रिट नं. ०७०-WS-००५० आदेश मिति २०७१/११/१४/५

कार्यान्वयन सम्बन्धमा पनि संविधानमा नै स्पष्ट व्यवस्था गरिएको हुन्छ । यस्ता अधिकारहरूलाई संविधानको मुटुको रूपमा पनि लिने गरिन्छ ।

संसारका कतिपय संविधानहरूमा मौलिक हकको रूपमा नागरिक अधिकारहरूको व्यवस्था गरिएको छैन । उदाहरणको लागि लिखित संविधान नभएको मुलुक बेलायतमा छुट्टै अधिकारको घोषणापत्र (bill of rights) को व्यवस्था गरिएको छ । संयुक्त राज्य अमेरिका तथा फ्रान्स जस्ता मुलुकका संविधानहरूमा पनि मौलिक हकको व्यवस्था गरिएको छैन तर ती सबै मुलुकहरूले नागरिकका अधिकारहरु छुट्टै घोषणापत्र मार्फत व्यवस्थित गरेका छन् । त्यसैगरी पुराना संविधानहरूमा मौलिक हकको रूपमा केवल नागरिक तथा राजनैतिक अधिकारहरु मात्र उल्लेख गरिएको छ भनेँ सामान्यतयाः शीतयुद्धको पछाडि जन्मिएका संविधानहरूमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु समेत मौलिक हक सम्बन्धी भागमा राख्ने प्रचलन बढ्दै गएको छ । उदाहरणको लागि दक्षिण अफ्रिका, केन्या, पूर्वी टिमोर र नेपालका संविधानहरूमा प्रचुर मात्रामा त्यस्तो व्यवस्था पाइन्छ ।

मौलिक हक कार्यान्वयनका दृष्टिले संविधानमा नै उपचारको व्यवस्था गरिएको हुन्छ । जसमा सर्वोच्च न्यायलयबाट नै नागरिकलाई न्याय प्रदान गरिने भएकोले पनि यसको महत्व निकै मानिएको हो । सिद्धान्ततः राज्यको कार्यपालिकाले आफ्नो अधिकारको प्रयोग गर्ने सन्दर्भमा नागरिकका अधिकारहरु मिच्दै जाने सम्भावना हुने हुँदा त्यस किसिमको परिस्थितमा सर्वोच्च न्यायालयले नागरिकको अधिकारको रक्षा गर्ने र पेरिस सिद्धान्तका आधारमा गठन हुने राष्ट्रिय संस्थाहरु (मानव अधिकार आयोग) ले नागरिक अधिकारको संरक्षण, सम्वर्द्धनको लागि मानव अधिकारको अनुगमन तथा अनुसन्धान गरी राज्यलाई सिफारिस गर्ने तथा कार्यपालिकाले त्यस्ता सिफारिसहरु बमोजिम दोषीलाई दण्ड दिने र पीडितलाई न्याय दिने, त्यसै गरी व्यवस्थापिकाले कार्यपालिकाले गरेका कामहरूको निगरानी गर्ने, सच्चाउन निर्देशन दिने र आवश्यकता अनुसार नयाँ कानून निमार्ण गर्ने, संशोधन गर्ने र संसद्ीय सुनुवाई मार्फत न्यायाधीश तथा आयुक्तहरूको नियुक्तिमा पारदर्शिता तथा व्यावसायिकता कायम गर्ने प्रयास गरिएको हुन्छ । जुन शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रणको सिद्धान्तमा आधारित छ । अतः मौलिक हकहरु मानिसलाई सम्मानपूर्वक बाँच्नका लागि अत्यावश्यक अधिकारका रूपमा संवैधानिक मान्यता प्राप्त जनताका दैनिक चासोसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन् । जनताका आधारभूत आवश्यकता र

चाहनासँग समेत सम्बन्धित हुन्छन् । त्यसैले मौलिक अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्नु पनि राज्यको दायित्व हो ।

मौलिक हकहरु संवैधानिक अधिकार, कानूनी अधिकार भन्दा फरक छन् । मौलिक अधिकार र अन्य अधिकारहरु बीचको भिन्नता निम्नानुसार छ :

(क) संविधान बाहेक अन्य कानूनले दिएका अधिकार मौलिक हक होइनन् । यस्ता अधिकारहरु कानूनी अधिकार हुन् ।

(ख) मौलिक हक मानिसलाई सम्मानपूर्वक बाँच्नका लागि नभई नहुने र मानवजातिको नाताले स्वभावैले पाउने अधिकारहरु हुन् । त्यस्ता अधिकारहरूलाई संविधानले मौलिक हकका रूपमा उल्लेख गरेको हुन्छ । यी अधिकारहरूले व्यक्तिको राज्यसँगको सम्बन्धलाई उल्लेख गर्नुका साथै जनतालाई अधिकार, स्वतन्त्रता र अवसरहरु उपयोग गर्न सक्षम बनाउने गर्दछन् ।

(ग) सबै मौलिक हकहरु संविधानमा उल्लेख हुन्छन् र संविधानले मौलिक हक भनेर छुट्टै भागमा उल्लेख गरेको हुन्छ तर संविधानले नै स्पष्ट रूपमा उल्लेख गरेको अवस्थामा बाहेक संविधानमा लेखिएका सबै कुरा मौलिक हक हुन सक्दैनन् ।

(घ) राज्यले मौलिक हकलाई कानून जारी गरेर वा कानून मार्फत उल्लङ्घन गर्न सक्दैन । मौलिक हकहरु संविधान संशोधनबाट मात्र थप वा कटौती गर्न सकिन्छ भने कानूनी अधिकारहरु कानूनको संशोधनबाट थपघट गर्न सकिन्छ ।

(ङ) कतिपय मौलिक हकहरु संकटकालीन अवस्थामा समेत निलम्बन गर्न पाइदैन । संविधानको धारा २७३ बमोजिम सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्यायसम्बन्धी हक, अपराध पीडित, यातना विरूद्ध, निवारक नजरबन्द विरूद्ध, छुवाछुत तथा भेदभाव विरूद्ध, शोषण विरूद्ध लगायतका हकहरु[२] निलम्बन हुन सक्दैनन् ।

(च) मौलिक हकको हनन् भएमा त्यसको मुद्दा सबैभन्दा माथिल्लो अदालत अर्थात् सर्वोच्च अदालत वा प्रदेशमा रहेको उच्च न्यायालयमा लाग्न

२. विस्तृत जानकारीको लागि हेर्नुहोस नेपालको संविधान २०७२ को धारा २७३ तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६

सक्छ । अन्य अधिकारहरूको उल्लङ्घनको मुद्दा जिल्ला अदालत र प्रशासनिक निकायहरूमा लाग्दछ । उदाहरणका लागि सम्पत्तिको हक मौलिक हक हो तर कसैले व्यक्तिको जमिन कब्जा गरेमा त्यसको मुद्दा सम्बन्धित जिल्ला अदालतमा जग्गा मिच्ने सम्बन्धी कानून (देवानी संहिता) अनुसार लाग्दछ ।

### २.२.१ मौलिक हक र मानव अधिकार बीचको सम्बन्ध

अर्न्तराष्ट्रिय मानव अधिकार, मौलिक हक, नागरिक अधिकार र मानवीय कानूनहरू बीच एकापसमा भिन्नता रहेको पाइन्छ । प्रायः मौलिक हक (Fundamental rights), नागरिक स्वतन्त्रता (Civil liberty) र मानव अधिकार (human rights) लाई एउटै अर्थमा बुझ्ेको पाइन्छ । जबकि मौलिक हकहरू राष्ट्रको राष्ट्रिय कानूनले व्यवस्था गरेका अधिकारहरू हुन् । यस्ता अधिकारहरू नकरात्मक तथा सकारात्मक दुवै हुन सक्दछन् । नागरिक हक पनि राष्ट्रिय कानूनले व्यवस्था गरेका नकारात्मक तथा सकारात्मक अधिकारहरू हुन् । मानव अधिकार भन्नाले मानव भएकै कारणले मानवको लागि जन्मजात प्राप्त विश्वव्यापी र अहरणीय अधिकारहरू हुन् । यी अधिकारहरू विश्वव्यापी कानूनी बन्देजको रूपमा राखिएका हुन्छन् । मानव अधिकार अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूमा ब्यवस्थित गरिएको हुन्छ । त्यस्ता दस्तावेज (सन्धि) को पक्ष राष्ट्र भएको नाताले ती अधिकारहरू प्राप्तिको लागि राष्ट्रिय कानूनमा मौलिक हक, संवैधानिक वा कानूनी अधिकारको रूपमा व्यवस्थित गरिएको हुन्छ ।

मानव अधिकार र मौलिक हक बीचको फरक के मात्र हो भने, व्यक्तिका समानता, स्वतन्त्रता, मर्यादा र जीवनको अधिकारका विषयहरू अन्तर्राष्ट्रिय दस्तावेजहरूमा व्यवस्थित गरिएका हुन्छन्, जुन सर्वमान्य र सर्वव्यापी तथा अन्तर सम्बन्धित हुन्छन । उक्त सन्धिहरूमा हस्ताक्षर तथा अनुमोदन पश्चात् देश त्यसको पक्ष राष्ट्र बन्दछ र उक्त व्यवस्थाहरू या त सोझै (principle of monism) या राष्ट्रिय कानून बनाएर (principle of dualism) लागु गरिन्छ । किनभने पक्ष राष्ट्रको दायित्व अन्तर्गत यस्ता सन्धिका व्यवस्थाहरूलाई अक्षरशः पालना गर्नुपर्ने हुन्छ । जसको परिक्षण विश्वव्यापी आवधिक समीक्षाका प्रतिवेदनहरू, विषयगत समाधिक्षकका प्रतिवेदनहरू र सन्धिजनित अनुगमन प्रतिवेदनहरूबाट गरिन्छ । समीक्षाका आधारमा निश्चित प्रक्रिया पश्चात राष्ट्रलाई उसका गतिविधिहरूका

आधारमा सम्बन्धित राष्ट्रको मुल्याङ्कन समेत हुन्छ । अतः मौलिक हकहरु व्यवस्थाका हिसाबले मानव अधिकार नै हुन तर लागु गर्ने सन्दर्भमा राष्ट्रले आफ्नो राष्ट्रिय कानून मार्फत जनतालाई अधिकार प्रदान गरेका हुन्छन् ।

मानव अधिकार सामान्यतया नरम कानून अन्तर्गत पर्दछन्, जसको उपचार तत्काल सम्भव हुँदैन । तर मौलिक हक कडा कानून (hard law) अन्तर्गत पर्दछन् । यहाँसम्म कि मौलिक हकहरु राष्ट्रिय कानून भित्र पनि सबैभन्दा कडा कानून मानिन्छन् । संवैधानिक अधिकार र कानूनी अधिकार प्राप्त गर्नको लागि निश्चित समय लाग्दछ । राज्यले सामान्य कार्यविधिका आधारमा न्याय दिलाउँदछ भने मौलिक हक कार्यान्वयनका लागि विशेष वा संक्षिप्त कार्यविधि अन्तर्गत तत्काल न्याय दिने व्यवस्था राज्यको माथिल्लो र सक्षम निकायबाट गर्नुपर्दछ । उदाहरणको लागि नेपालको संविधान २०७२ को धारा ४६ बमोजिम, **"यस भागद्वारा प्रदत्त हकहरूको प्रचलनको लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ"** भन्ने व्यवस्था गरिएको छ । धारा १३३ (२) र धारा १४४ (१) मा **"यस संविधानमा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारि गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ"** भन्ने स्पष्ट व्यवस्था छ । संवैधानिक प्रश्न र असाधारण अधिकार बाहेक धारा १४४ बमोजिम त्यही अधिकार उच्च अदालतलाई समेत दिइएको छ ।

अतः यी दुवै बीच नागरिकले प्राप्त गर्ने उपचार, त्यसको कार्यविधि र स्थानको दृष्टिले मात्र फरक हो । विषयवस्तुका दृष्टिले भने खासै फरक छैन भनी मान्न सकिन्छ । दुवैबीच अन्योन्याश्रित सम्बन्ध छ । मौलिक हकको कार्यान्वयन स्थानीय उपचार मार्फत गरिन्छ । स्थानीय उपचार सम्भव नभएमा (exhausation of local remedies rule) बाहय क्षेत्राधिकार (international jurisdiction) पनि प्रयोग गर्न सकिन्छ ।

संवैधानिक अधिकारहरु संविधानमा व्यवस्थित अधिकारहरु हुन्, जस अन्तर्गत मौलिक हक समेत पर्दछन । त्यसका अलावा संविधानको अन्य भाग वा धाराहरुमा

व्यवस्थित अधिकारहरु समेत पर्दछन । त्यसरी नै नागरिक अधिकारहरु पनि राज्यले आफ्ना नागरिकहरुको निम्ति निश्चित अधिकारहरुको व्यवस्था गरेको हुन्छ ती अधिकारहरु राज्यको कानूनमा व्यवस्थित हुन्छन् । अर्थात नागरिक अधिकारहरु मौलिक अधिकार भने होइनन् किनकि मौलिक हकहरु राज्यको मूल कानून अर्थात संविधानमै उपचारको हक सहित व्यवस्थित गरिएका हुन्छन् तर नागरिक अधिकारहरु राज्यको अन्य कानूनमा व्यवस्था गरिएका हुन्छन् भने सामान्य उपचार प्रणालीका आधारमा व्यक्तिले प्राप्त गर्दछन ।

अत : मानव अधिकार, मौलिक हक र नागरिक अधिकार उस्तै उस्तै विषय वस्तु जस्तो लागेता पनि यी ३ वटै विषयवस्तुहरु सर्वथा भिन्न प्रकृतिका विषयवस्तुहरु हुन् । कतिपय मानव अधिकारकर्मीहरुले समेत यी विषयवस्तुहरुलाई एउटै रुपमा प्रयोग गर्ने गरेकाले सर्वसाधारण नागरिकहरुमा यसको अन्यौलता सिर्जना हुनु स्वभाविक हो । यद्यपि यी तिनै विषय वस्तुहरुलाई एउटै अर्थमा बुझ्नु हुँदैन ।

### २.२.२ नेपालको संविधानमा मौलिक हक अन्तर्गत समेटिएका विषयहरू

नेपालको संविधानले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनद्वारा मान्यता पाएका मुख्य मानव अधिकार र स्वतन्त्रताहरुलाई उल्लेख गरेको छ । नेपालको जुनसुकै भागमा बसोबास गर्न पाउने स्वतन्त्रताको अधिकार र नेपालको एक ठाउँबाट अर्को ठाउँमा आवत-जावत गर्न पाउने अधिकारलाई पनि उल्लेख गरिएको छ र यसलाई कुनै प्रदेश वा स्थानीय सरकारले खोस्न सक्दैन ।

- संविधानले यसअघिका संविधानमा लेखिएका भन्दा केही नयाँ अधिकारहरुलाई समेत मान्यता दिएको छ । उदाहरणका लागि अपराधबाट पीडितहरुको हक, भाषा र संस्कृतिसम्बन्धी अधिकार, आवासको हक, दलित समुदायको हक, उपभोक्ताको हक, स्वच्छ खानेपानी, सरसफाई र स्वास्थ्य सेवामा पहुँचको हकहरु नयाँ हकहरु हुन् ।
- अन्तरिम संविधानमा एउटै शीर्षक अन्तर्गत राखिएका केही हकहरुलाई नयाँ संविधानमा छुट्टा छुट्टै मौलिक हकका रुपमा राखिएको छ । जस्तैः वातावरण, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षासम्बन्धी हकहरु ।

- महिला, बालबालिका र दलित जस्ता निश्चित समूहहरूका लागि थप मौलिक अधिकार उल्लेख गर्दै उनीहरूका विशेष आवश्यकताहरु पूरा गर्न विशेष व्यवस्था गर्न बाटो खोलेको छ । यी अधिकारहरु समानताको आधारमा सबैले उपभोग गर्न पाउने मौलिक हकहरु भन्दा थप हकहरु हुन् ।
- न्यायपालिकालाई मौलिक अधिकार उल्लङ्घन सम्बन्धी मुद्दा हेर्न र त्यसको पालना भएको सुनिश्चित गर्न असाधारण अधिकार क्षेत्र (रिट जारी गर्ने) दिएको छ । कानूनी कामकारवाही सम्पन्न गर्ने क्रममा राज्यका सबै अङ्गहरूले मौलिक अधिकारको संरक्षण र पालना गर्नुपर्दछ ।

संविधानमा उल्लेखित मौलिक अधिकारहरूलाई व्यवहारिक प्रयोगका आधारमा मुख्यतः तीन भागमा वर्गीकरण गर्न सकिन्छ । केही मौलिक अधिकारहरु नेपालमा रहेका सबै व्यक्ति (नेपाली र विदेशी/शरणार्थी)का लागिसमेत लागु हुन्छन् भने केही खास समूहहरूका लागि सीमित छन् र केही अधिकारहरु नेपाली नागरिकहरूका लागि मात्र लागु हुन्छन् ।

- सम्मानपूर्वक बाँच्न पाउने हक, आम सञ्चारसम्बन्धी हक, न्यायसम्बन्धी हक, अपराध पीडितको हक, यातना विरूद्धको हक, निवारक नजरबन्द विरूद्धको हक, छुवाछुत विरूद्धको हक, धार्मिक स्वतन्त्रताको हक, गोपनियताको हक, शोषण विरूद्धको हक, वातावरणसम्बन्धी हक, भाषा र संस्कृतिसम्बन्धी हक र उपभोक्ताको हक नेपाली र विदेशी सबैले उपभोग गर्न सक्छन् ।
- श्रमसम्बन्धी हक, महिला, बालबालिका र दलित समुदायसम्बन्धी हक, अल्पसङ्ख्यक, सीमान्तकृत र बहिष्करणमा पारिएका समुदायको हक, लोपोन्मुख समुदायको हकहरु सम्बन्धित समुदायका व्यक्तिहरूका लागि मात्र लागु हुन्छन् ।
- स्वतन्त्रताको हक, समानताको हक, भेदभाव विरूद्धको हक, सम्पत्तिको हक, सूचनाको हक, शिक्षासम्बन्धी हक, रोजगारसम्बन्धी हक, निःशुल्क स्वास्थ्य सेवाको हक, खाद्यसम्बन्धी हक, आवाससम्बन्धी हक र देश निकालाविरूद्धको हक नेपाली नागरिकहरूका लागि मात्र लागु हुन्छन् ।

## २.३ नागरिक तथा राजनीतिक अधिकारहरू

पूँजिवादी व्यवस्थाका पक्षधरहरू खासगरी पश्चिमा राष्ट्र र त्यसका अनुयायीहरू केही सीमित नागरिक तथा राजनैतिक अधिकारहरू मात्र मानव अधिकार हुने र ती अधिकारहरू मात्र मौलिक हकको रूपमा राख्नु पर्दछ भन्ने मान्दछन । एकाधिकार र विश्व व्यापीकरणमा आधारित खुला बजार अर्थतन्त्रमा विश्वास गर्ने पुँजिवादीहरू भन्दा निकै भिन्न र प्रगतिशील मत राख्ने गैर साम्यवादी प्रजातान्त्रिक समाजवादीहरू चाँही यी सबै खाले मानव अधिकारहरूलाई आर्थिक न्याय र सामाजिक समानतामा आधारित राज्य व्यवस्थामा परिणत गरेर हेर्ने गर्दछन् । साम्यवादका पक्षधर राष्ट्रहरू नागरिक तथा राजनैतिक अधिकारलाई भन्दा आर्थिक सामाजिक र सांस्कृतिक अधिकारलाई बढि प्राथमिकता दिएर अघि बढ्दैछन् । अर्कोतर्फ फिलिपिन्स, केन्या, पुर्वी टिमोर, नेपाल र दक्षिण अफ्रिका जस्ता विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरू भने माथि उल्लेख गरिएका सबैखाले अधिकारहरूलाई स्वीकार गर्दछन् ।

नेपालको संविधानले नागरिक तथा राजनैतिक अधिकार अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक लगायतका स्वतन्त्रताहरू उल्लेख गरेको छ । जसअन्तर्गत विचार तथा अभिव्यक्तिको स्वतन्त्रता; शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता; सङ्घ संस्था खोल्न पाउने स्वतन्त्रता; राजनैतिक दल खोल्न पाउने स्वतन्त्रता; नेपालको कुनै पनि भागमा आवत-जावत गर्ने तथा बसोबास गर्न पाउने स्वतन्त्रता; र पेसा, रोजगार, उद्योग तथा व्यापार गर्न पाउने स्वतन्त्रता जस्ता पर्दछन । संविधानले शोषण विरूद्धको हकको पनि व्यवस्था गरेको छ । मानव बेचबिखन, दास वा बाँधा बनाउन र बलपूर्वक काममा लगाउन नपाइने व्यवस्था गरेको छ । त्यसैगरी आम सञ्चारसँग सम्बन्धित हकको संरक्षणका लागि संविधानले श्रव्य-दृष्य सामग्रीलगायत कुनै पनि समाचार, लेख वा आलेखको सेन्सर गर्न नपाइने व्यवस्था गरेको छ । आम सञ्चार माध्यम तथा सञ्चारका कुनै पनि माध्यमहरूमा कुनै पनि प्रकारको बन्द, जफत वा तिनीहरूको दर्ता खारेजी नहुने कुरासमेत उल्लेख छ । प्रत्येक नागरिकलाई गोपनीयता जरूरी भएका विषयहरू बाहेक अन्य कानूनी वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचनाको हक रहनेछ । जसअन्तर्गत उनीहरूलाई सूचना माग्ने वा पाउने हक हुनेछ । व्यक्तिको मर्यादाको सम्मान र संरक्षण गर्ने उद्देश्यले गोपनीयताको हक पनि संविधानमा उल्लेख गरिएको छ । सम्पत्तिको हकअन्तर्गत सम्पत्ति आर्जन गर्ने, भोगचलन गर्ने, बेचबिखन गर्ने हक प्रदान गरिएको छ । सार्वजनिक हितका

लागि बाहेक राज्यले व्यक्तिको सम्पत्ति लिन नसक्ने कुरा पनि उल्लेख छ । साथै, त्यस्तो अधिग्रहण गर्नुपर्ने अवस्थामा पनि कानून अनुसार राज्यले क्षतिपूर्ति दिने उल्लेख गरिएको छ । तर, गैर-कानूनी तवरबाट आर्जन गरिएको सम्पत्ति राज्यले बिना क्षतिपूर्ति लिनसक्ने व्यवस्थालाई भने सुरक्षित राखेको छ ।

न्यायसम्बन्धी हक मुख्य रुपमा फौजदारी न्याय प्रणालीमा केन्द्रित छ । यसअन्तर्गत पक्राउ पर्नुको कारण र अदालती कारवाहीबारे जान्न पाउने हक, स्वच्छ सुनुवाइको हक, कानून व्यवसायीसँग परामर्श गर्न पाउने र कानून व्यावसायी राख्न पाउने हक, असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता, अभियोग प्रमाणित नभएसम्म कसुरदार नमानिने, एकै कसुरमा दोहोरो अभियोगबाट संरक्षणको हकलगायत रहेका छन् । अपराधको पीडितलाई अनुसन्धान, तहकीकात र कारवाहीसम्बन्धी जानकारी पाउने हकका साथै सामाजमा पुनःस्थापना र कानूनअनुसार क्षतिपूर्तिको हक हुने कुरा सुनिश्चित गरेको छ । यातना विरुद्धको हकले निर्मम, अमानवीय र अपमानजनक व्यवहारमाथि बन्देज लगाएको छ । निवारक नजरबन्दविरुद्धको हक सुनिश्चित गरिएको छ । यी हकहरु हनन् भएको अवस्थामा पीडितलाई क्षतिपूर्तिको व्यवस्था पनि गरेको छ ।

संविधानले समानता र भेदभावविरुद्धको सिद्धान्तलाई आत्मसात गरेको छ । यसले धर्म, वर्ण, जात, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा धर्म, वैचारिक आस्था, वा यस्तै अन्य आधारमा गरिने भेदभावलाई प्रतिबन्ध लगाएको छ । कमजोर समुदाय/वर्गको संरक्षण, सशक्तिकरण र विकासका लागि विशेष व्यवस्था गर्न राज्यलाई मार्गप्रशस्त गरेको छ । छुवाछुत र जातीय भेदभाव विरुद्धको हकलाई सुनिश्चित गर्दै सबै प्रकारका छुवाछुत र विभेदकारी अभ्यासहरुलाई कानूनबमोजिम दण्डनीय बनाएको छ र त्यस्तो कार्यबाट पीडितलाई क्षतिपूर्तिको अधिकार समेत प्रदान गरेको छ । सामाजिक न्यायसम्बन्धी हक अन्तर्गत महिला, दलित, मधेशी, आदिबासी, जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत मुस्लिम समुदायका साथै अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदुर तथा उत्पीडित वर्गको समानुपातिक समावेशीकरणमा जोड दिईएको छ । सीमान्तीकृत र बहिष्करणमा परेका समुदायहरुका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षा आदिमा राज्यले विशेष अवसर दिने कुरा संविधानमा उल्लेख गरिएको छ । त्यसैगरी, भाषा तथा संस्कृतिको पहिचान,

संरक्षण, सम्वर्द्धन र विकासको अधिकारसहित आदिवासी, जनजाति, अल्पसङ्ख्यक समूह, मधेशी, पिछडिएको क्षेत्रका नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा र सहिद परिवारलाई तिनीहरूको विकास र सशक्तिकरणमा विशेष अवसर दिने कुरा उल्लेख गरिएको छ ।

## २.४ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू

संविधानले विभिन्न आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूलाई मौलिक हकको रूपमा समावेश गरेको छ । स्वच्छ वातावरणमा बाँच्न पाउने हकअन्तर्गत जलवायु परिवर्तनबाट पर्नसक्ने नकारात्मक असरहरूबाट सुरक्षा र वातावरणीय प्रदूषणका पीडितहरूलाई उचित क्षतिपूर्ति पाउने हक समावेश छ । शिक्षाको हक अन्तर्गत आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता र निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षा, माध्यमिक तहसम्म निःशुल्क शिक्षा, र विपन्न वर्गका नागरिकहरूलाई निःशुल्क उच्चशिक्षाको व्यवस्था गरिएको छ । भाषा र धर्मसम्बन्धी हकमा व्यक्ति तथा समुदायलाई तिनीहरूको भाषा, संस्कृति, लिपि, सम्पदा, सभ्यता आदिको संरक्षण, प्रवर्द्धन र प्रयोग गर्न सुनिश्चित गरिएको छ ।

खाद्यसम्बन्धी हक, आवाससम्बन्धी हक, सामाजिक सुरक्षासम्बन्धी हक, स्वास्थ्यसम्बन्धी हक र उपभोक्ताको हक संविधानले व्यवस्था गरेका केही महत्वपूर्ण आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू हुन् । उपयुक्त आवासमा पहुँचको अधिकारले व्यक्तिको बसोवास गरिरहेको ठाउँबाट जबर्जस्ती हटाउन वा अतिक्रमणबाट संरक्षण प्रदान गरेको छ । रोजगारीसम्बन्धी हकले नागरिकहरूलाई या त काम वा बेरोजगारी भत्ताको व्यवस्था गरेको छ । त्यसैगरी, स्वास्थ्यको हकअन्तर्गत नागरिकहरूलाई आधारभूत र आकस्मिक निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिने व्यवस्था गरिएको छ । स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक पनि स्वास्थ्यसम्बन्धी हकमा समावेश गरिएको छ ।

समाजिक सुरक्षासम्बन्धी हकअन्तर्गत एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका र जेष्ठ नागरिकलगायत विपन्न वर्ग, असक्षम र असहाय नागरिकहरूको हक सुनिश्चित गरिएको छ । उपभोक्ता सम्बन्धी हकमा गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चिततामा जोड दिइएको छ । तर यी व्यवस्थाहरू कानून अनुसार कार्यान्वयनमा आउने उल्लेख छ ।

## २.५ समूह विशेषका अधिकारहरू

नेपालको संविधानले महिला, बालबालिका र दलित समुदाय जस्ता खास समूहहरूका लागि छुट्टै शीर्षकमा अधिकारहरूको समेत व्यवस्था गरेको छ । महिलासम्बन्धी हकले पैतृक सम्पत्तिमा महिलालाई समान अधिकार र प्रजनन् सम्बन्धी अधिकार प्रदान गरेको छ । लैङ्गिक भेदभाव, शारीरिक, भौतिक, यौनजन्य, मानसिक लगायतका महिलामाथि हुने अन्य कुनै किसिमको हिंसा वा शोषणविरूद्धको हक प्रदान गरेको छ । राज्यका निकायहरूमा महिलाको समानुपातिक प्रतिनिधित्वको अधिकार पनि मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ ।

बाल अधिकारको संरक्षण गर्नका लागि प्रत्येक बालबालिकालाई नाम, पहिचान, जन्म दर्ता, शिक्षा, स्थास्थ्य, लालनपालन, उचित स्याहार, खेलकुद, मनोरञ्जन, बालमैत्री न्याय र व्यक्तित्व विकासको अधिकार सुनिश्चित गरेको छ । यसले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन, बालबिबाह, बेचविखन, अपहरण वा बन्धक, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ती र अन्य कुनै प्रकारका गलत प्रयोगमा बन्देज लगाएको छ ।

त्यसैगरी दलित समुदायको अधिकारको सम्बन्धमा दलित समुदायविरूद्ध हुने भेदभाव, अपमान, असहिष्णु व्यवहारमाथि बन्देज लगाइएको छ । संविधानले दलितहरूलाई पनि राज्यका सबै निकायहरूमा समानुपातिक सहभागिताको हक प्रदान गर्दै सकारात्मक विभेदका आधारमा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष सुविधा र अवसर पनि प्रदान गरिने कुरा उल्लेख छ । समानता र भेदभावविरूद्धको सिद्धान्तलाई आत्मसात गरेको छ । यसले धर्म, वर्ण, जात, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा धर्म, वैचारिक आस्था, वा यस्तै अन्य आधारमा गरिने भेदभावलाई प्रतिबन्ध लगाएको छ । संविधानले कमजोर समुदाय/वर्गको संरक्षण, सशक्तिकरण र विकासका लागि विशेष व्यवस्था गर्न राज्यलाई मार्गप्रशस्त गरेको छ । छुवाछुत र जातीय भेदभाव विरूद्धको हकलाई सुनिश्चित गर्दै सबै प्रकारका छुवाछुत र विभेदकारी अभ्यासहरूलाई कानून बमोजिम दण्डनीय बनाएको छ र त्यस्तो कार्यबाट पीडितलाई क्षतिपूर्तिको अधिकार समेत प्रदान गरेको छ ।

ज्येष्ठ नागरिकको हक अन्तर्गत निजहरूलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ । सामाजिक न्यायसम्बन्धी हकअन्तर्गत महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत मुस्लिम समुदायका साथै अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदुर तथा उत्पीडित वर्गको समानुपातिक समावेशीकरणमा जोड दिइएको छ । सीमान्तीकृत र बहिष्करणमा परेका समुदायहरूका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षा आदिमा राज्यले विशेष अवसर दिने कुरा उल्लेख गरिएको छ । त्यसैगरी, भाषा तथा संस्कृतिको पहिचान, संरक्षण, सम्वर्द्धन र विकासको अधिकारसहित आदिवासी, जनजाति, अल्पसङ्ख्यक समूह, मधेशी, पिछडिएको क्षेत्रका नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा र सहिद परिवारलाई तिनीहरूको विकास र सशक्तिकरणमा विशेष अवसर दिने कुरा उल्लेख गरिएको छ ।

मौलिक हकको उपभोगका लागि संविधानले तोकेका लक्ष्य हासिल गर्ने सन्दर्भमा केही हकहरू 'कानूनले निर्धारण गरे बमोजिम' हुने व्यवस्था पनि गरेको छ । त्यस्ता कानून बनाई लागु गर्न धारा ४७ ले किटानीसाथ तीन वर्षको समयसीमा तोकेको छ ।

## २.६ वातावरण र विकाससम्बन्धी अधिकार

वातावरण र विकास सम्बन्धी अधिकारलाई चौथो पुस्ताको अधिकार समेत मानिन्छ । यस अन्तर्गत मानव अधिकार स्वयं ४ वटा चरणबाट अगाडि बढेको मानिन्छ, जस अन्तर्गत सकारात्मकता, सामान्यीकरण, अन्तर्राष्ट्रियकण र विशिष्टीकरण पर्दछन । तेश्रो र चौथो पुस्ताको अधिकारहरू मानव अधिकारको विशिष्टीकरण अन्तर्गत पर्दछन । यस अन्तर्गत भविष्यका पुस्तालाई असर पुऱ्याउन नपाइने (जेनेटिक इन्जिनियरिङ्, वातावरणको अधिकार, विकासको अधिकार, स्वेच्छिक मृत्युमा प्रतिवन्ध, खुला आकाश र खुला समुन्द्रको प्रयोग सम्बन्धी अधिकार आदि) गरी विकास भएका मानवतासँग सम्बन्धित अधिकारहरू पर्दछन, जसलाई सम्पूर्ण मानव समुदायको साझा सम्पत्ति (common heritage of humankind) को रूपमा लिने गरिन्छ ।

नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । सो धाराले प्रत्येक नागरिकलाई स्वस्थ र

स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने, वातावरणीय प्रदुषण र ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने तथा राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ । विकासको अधिकार सम्बन्धमा मौलिक हक अन्तर्गत अलग्गै व्यवस्था गरिएको छैन तर धारा ५१(च) मा विकाससम्बन्धी नीति अन्तर्गत विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथामिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने, विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने, विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथामिकता दिँदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने जस्ता व्यवस्थाहरू छन् ।

भौतिक विकासको लागि संरचना निर्माण गर्दा सहभागिता तथा वातावरणीय प्रभावको दृष्टिले मानव अधिकारमुखी विकास पद्धतिलाई अवलम्बन गर्नुपर्ने कुरा प्रत्यक्ष वा परोक्ष रूपमा खुलाईएको छ । त्यस बाहेकका अन्य अधिकारहरूको सम्बन्धमा संविधानमा स्पष्ट किटान गरिएको छैन ।

## २.७ मानव अधिकारका नवीनतम् आयामहरू

मानव अधिकारका विषयहरू समयक्रमसँगै थपिदै र झन झन जटिल हुँदै गएका छन् । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी हुँदा मानव अधिकारको यति धेरै व्यापकता कल्पना गरिएको थिएन । फलस्वरूप नागरिक तथा राजनैतिक लगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको व्यवस्था गरियो । समय र सूचना प्रविधिको विकाससँगै मानव अधिकारका विषयहरू पनि थप जटिल बन्दै गएका छन् । त्यस्ता केही दृष्टान्तहरू तल उल्लेख गर्ने प्रयास गरिएको छः

### २.७.१ एउटै जाति वा समूहभित्र हुने विभेद

घरेलु हिंसा बाहेक मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू र राष्ट्रिय कानूनहरूले विभिन्न जात जाति, वर्ग, क्षेत्र, लिङ्ग आदिका आधारमा हुने विभेदका सम्बन्धमा व्यवस्था गरेका छन् तर अन्तरजातीय वा धार्मिक वा लैङ्गिक वा यस्तै प्रकारका विभेदहरूको सम्बन्धमा व्यवस्था गरेका छैनन् ।

यस्ता घटनाहरू सामान्यतया अपराधको कोटीमा राखेर हेर्ने चलन छ तर यी विषयहरू अपराधको कोटीमा मात्र राखेर अध्ययन गर्न सम्भव हुँदैन । एउटै जाति वा समूहभित्र हुने विभेद झन गम्भिर र भयावह हुन्छ । व्यक्तिले बाहिरी समुदायसँग लड्नको लागि व्यापक साथ र सहयोग पाएको हुन्छ तर त्यही समुदायभित्रका कुराहरू बाहिर ल्याउन उसलाई कठिन हुन्छ ।

संविधानमा समानता र समन्यायको व्यवस्था गरिएको छ । ती व्यवस्थाहरूले केही हदसम्म यी विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछन र सम्पूर्ण रूपमा अन्तर समुदायगत विषयहरू अपराधको कोटीमा राखिने भएकोले हालसम्म भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले सम्बोधन गर्न कठिन हुन्छ । त्यसैले यस्ता विषयहरूको निम्ति विश्व समुदायले सोच्नु पर्ने समय आएको छ ।

## २.७.२ साइबर अपराधका कारणले हुने मानव अधिकार उल्लङ्घन

सूचना प्रविधिको तीव्र विकासका कारणले विद्युतीय अपराधहरू तीव्ररूपमा विस्तार भएका छन् । यो विषय एउटा क्षेत्र वा देशभित्र मात्र सीमित छैन । संसारभरनै फैलने भएकोले एउटा देशले यो विषय सम्बोधन गर्न वा अपराधसँग सम्बन्धित कानूनले मात्र समेट्न सम्भव छैन । यो विषय संसारभर नै एउटा टाउको दुखाईको विषय हुन थालेको छ । विद्युतीय माध्यमको गलत प्रयोग वा दुरूपयोगका कारणले थुप्रै किसिमका हत्या, अपहरण, बलात्कार जस्ता घटनाहरू तिव्र रूपमा विस्तार भएका छन् । सम्भवतः केही वर्षभित्र यो विषय राष्ट्रिय कानून तथा संरचनाको नियन्त्रण बाहिर जान सक्ने सम्भावना छ । साइवर अपराधका कारणले हुने मानव अधिकार उल्लङ्घनका घटनाहरू रोक्नको लागि तत्काल नयाँ प्रवन्ध गर्न आवश्यक भइसकेको छ ।

## २.७.३ श्रम सम्परीक्षण

श्रम सम्परीक्षण मानव अधिकारको नयाँ आयाम हो । श्रमिकहरूको हक अधिकारको ग्यारेन्टी गर्दै उनीहरूमाथि हुने वा हुन सक्ने श्रम शोषणलाई अन्त्य गर्न आईएलओसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको मापदण्ड बमोजिम राष्ट्रिय व्यवस्था गर्ने प्रचलन छ । उदाहरणको लागि डेनमार्कमा विदेशी दातृ संस्थाबाट सञ्चालन भएका सङ्घ संस्थाहरू र नीजि कम्पनिहरूमा श्रम सम्परीक्षण गर्ने

व्यवस्था छ । नेपालको श्रम ऐन २०७५ को दफा १०० मा सबै सङ्घ संस्था वा व्यक्तिले श्रम सम्परीक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । श्रम नियमावली २०७५ को नियम ५६ अनुसार प्रत्येक सङ्घ, संस्था, निकाय वा व्यक्तिले हरेक वर्षको पौष मसान्तभित्र श्रम सम्परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ । श्रम तथा रोजगार विभागले श्रम सम्परीक्षण मापदण्ड तयार गरी लागु गरेको छ । उक्त मापदण्ड बमोजिम परीक्षकले श्रम सम्बन्धी ऐन, नियमावली, सामाजिक सुरक्षा ऐन तथा नियमावली, बोनस ऐन तथा नियमावली, ट्रेड युनियन ऐन तथा नियमावली, कम्पनीसम्बन्धी कानूनहरु, लेखा परीक्षण प्रतिवेदनहरु लगायतका विषयहरुलाई आधार मानी श्रम सम्परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ । श्रम सम्परीक्षण गर्ने व्यक्ति वा संस्था दुवै हुन सक्दछन् तर सम्बन्धित संस्था भन्दा बाहिरको हुन आवश्यक छ । उक्त श्रम सम्परीक्षणमा श्रमिकहरुको तलव, सुविधा, मानव शंसाधन नीति, बाल श्रम नीति, पेशागत स्वास्थ्य नीति, समान अवसर तथा विभेद विरूद्धका व्यवस्थाहरु, मजदुर संगठनको अवस्था, गुनासो सुनुवाइका अवस्था र अन्य छोटो अवधिका कामदारहरुको अवस्थाका बारेमा परीक्षण गरिन्छ ।

### २.७.४ आप्रवासी कामदारहरू तथा आन्तरिक बसाइँसराइ सम्बन्धमा

आन्तरिक तथा अन्तर्राष्ट्रिय आप्रवासी कामदारहरुको अधिकारसम्बन्धी विषय मानव अधिकार कानूनको नयाँ आयाम हो । अन्तर्राष्ट्रिय आप्रवासी कामदारहरुका सम्बन्धमा व्यवस्था गर्ने अन्तर्राष्ट्रिय महासन्धि सन २००३ बाट लागु भएको हो । नेपालले मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिहरु अनुमोदन गरेको भए पनि आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरेको छैन । यद्यपि यस महासन्धिले आप्रवासी कामदारको "आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने कृयाकलापमा लगाईने, लागेको वा लगाइएको व्यक्तिलाई सम्झनु पर्दछ" भनी परिभाषा गरेको पाइन्छ । यो महासन्धि २००३ बाट लागु भएको हो । महासन्धिले आप्रवासी कामदारका अधिकारको संरक्षणका लागि उत्पत्तिको राष्ट्र, बाटोमा पर्ने राष्ट्र र रोजगारीको राष्ट्रलाई विभिन्न दायित्वहरु तोकेको छ ।

यो महासन्धिले अन्तर्राष्ट्रिय आप्रवासनका विषयहरु सम्बोधन गरे पनि आन्तरिक आप्रवासनका विषयहरुलाई सम्बोधन गरेको छैन । आन्तरिक बसाइँसराइ र त्यसका कारणले भएका समस्याका सम्बन्धमा कही कतै उल्लेख छैन तर

यसका कारणले सहरमा दैनिक समस्याहरु सिर्जना भएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले पञ्चवर्षीय रणनीतिक योजनामा आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूका अधिकार संरक्षणका लागि प्राथमिकताका साथ कार्य गर्ने गरी आयोगका सदस्यको संलग्नतामा केन्द्रमा छुट्टै डेक्स र क्षेत्रीय उपक्षेत्रीय कार्यालयमा समेत छुट्टै फोकल अधिकृत तोकी आप्रवासी कामदारहरूका उजुरी उपर प्रभावकारी रूपमा कारवाही प्रक्रिया अवलम्बन गर्ने र विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी रहेको छ । राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारसम्बन्धी कतार र कोरिया लगायतका देशहरूसँग सम्झौता गरिसकेको अवस्था भएपनि यस विषयमा यथाशीघ्र नेपालले आप्रवासी कामदार र तिनीहरूको परिवारहरूको मानव अधिकारको संरक्षण सम्बन्धी महासन्धि, १९९० अनुमोदन गर्नुपर्ने, दक्षिण कोरियासँग G to G गरे जस्तै नेपालबाट वैदेशिक रोजगारमा जाने अन्य मुलुकहरूसँग पनि सोही अनुसारको सम्झौता गर्न अत्यन्तै आवश्यक देखिन्छ । आप्रबासी कामदारहरूको समस्या न्यूनिकरण गर्नमा सम्बन्धित सबै सरोकारवालाको सहयोगको उत्तिकै आवश्यकता र महत्व छ । यस विषयमा निर्माण भएका कानूनहरूको कार्यान्वयन पक्ष फितलो हुँदा पनि ठूलो समस्या आएको छ ।

### २.७.५ सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्याय मानव अधिकारको अत्यन्तै नवीनतम अवधारणा नभए पनि अन्तर्राष्ट्रिय रूपमा द्वन्द्वका घाउहरूलाई पुर्नको लागि केही परीक्षणहरु भएका छन् । कतै यी संरचनाहरु सफल भएका छन भने कतै असफल । यसले सत्य उद्घाटन गर्ने, पीडितलाई परिपूरण उपलब्ध गराउने, पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने जस्ता कार्यहरु गर्दछ । सङ्क्रमणकालीन न्यायको उद्देश्य द्वन्द्वकालका घाउहरूलाई पुर्दै अर्को द्वन्द्व हुनसक्ने अवस्थालाई अन्त्य गर्नु हो । नेपालमा वि.सं. २०५२ देखि २०६३ सालसम्म चलेको आन्तरिक सशस्त्र द्वन्द्वका सन्दर्भमा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लङ्घनबाट पीडित व्यक्तिहरूको न्यायको लागि विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम नेपाल सरकारद्वारा मिति २०७१ माघ २७ गते सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग गठन भई हालसम्म कार्यरत छन् । उक्त

दुवै आयोगको कार्यकाल समाप्त भएकोले नयाँ कार्यकालको लागि सरकारले आयुक्तहरूको नियुक्तिको प्रक्रिया अगाडि बढाइसकेको छ । उक्त आयागेहरूको उद्देश्य नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी राज्य पक्ष र तत्कालीन माओवादी बीच सञ्चालित सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन, बेपत्ता तथा मानवता विरूद्धको अपराध (बेपत्ता पार्ने, गैर न्यायिक हत्या, अपहरण तथा शरीर बन्धक, अङ्ग भङ्ग वा अपाङ्ग बनाउने, यातना, बलात्कार तथा यौनजन्य हिंसा, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी, घरबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन वा अन्य कुनै प्रकारका मानव अधिकार वा मानवीय कानून विपरितका कार्यहरु) सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविकता जनसमक्ष ल्याउने, मेलमिलापको आधारमा दिगो शान्ति स्थापना गर्ने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने, पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने जस्ता कार्यादेशहरु दिइएको छ । आयोगहरूले करिव ६३,००० उजुरीहरु ग्रहण गरेका छन् ।

### २.७.६ जलवायू परिवर्तन तथा प्राकृतिक विपदका घटनाबाट सिर्जित मानव अधिकारको हनन

प्रदूषण, खडेरी, ढिलो वर्षा वा मनसुन, अत्यधिक गर्मी र त्यसले कृषि तथा अन्य क्षेत्रमा पारेको प्रभाव र खाद्य सुरक्षाको अधिकार, त्यस्तै जाडोमा शीतलहर, वर्षामा बाढी एवम् पहिरोलगायतका प्रकोपले पनि मानिसको बाँच्न पाउने अधिकार हनन हुने गर्दछ । यी सम्पूर्ण विषयको संरक्षणको निम्ति अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तनको प्रभाव र यसबाट हुने क्षतिको न्यूनीकरणको लागि ब्राजिलको रियो द जेनेरियोमा सन १९९२ मा भएको सम्मेलन र १९९२ को सन्धि महत्वपूर्ण मानिन्छ । त्यसै गरी संयुक्त राष्ट्रसङ्घले सन २०१९ मा जलवायु परिवर्तन सम्बन्धी समिटको आयोजना गरेको छ । जस अन्तर्गत संसारका सबै नेताहरूलाई सन् २०२० सम्ममा यसको असर न्यूनीकरणको लागि राष्ट्रिय योजना जस अन्तर्गत आगामी दशकभित्र ४५ प्रतिशत हरित गृहको प्रभावलाई कम गर्ने र सन् २०३० भित्र शुन्य प्रतिशतमा झार्नको लागि अमेरिकाको न्युयोर्कमा आगामी २३ सेप्टेम्बरमा भेला हुन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुट्रेसले आमन्त्रण गर्नुभएको छ ।

यसर्थ जलवायु परिवर्तनका कारणले संसार अत्यन्तै त्रस्त छ र यसको असर न्यूनिकरणका लागि विभिन्न प्रयासहरु भएका छन् । नेपालमा पनि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपि) को सहयोगमा अर्थ मन्त्रालय तथा अन्य विभिन्न निकायहरूले कार्यक्रमहरु सञ्चालन गरेका छन् । नेपालको संविधानमा वातावरणको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ । उक्त व्यवस्थाको विस्तृत विवरण माथि उल्लेख भएकोले यहाँ पुनरावृत्ति गरिएको छैन । त्यसै गरी प्राकृतिक विपदलाई मानव अधिकारको विषय भन्दा पनि मानवीय कानूनका विषय मानिन्छ । यसबाट उद्धारका निम्ति राज्यको निर्देशक नीति तथा सिद्धान्त अन्तर्गत प्राथामिकताका साथ कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था छ ।

### २.७.७ विकासका नाममा हुने जङ्गल, जमिन तथा जलसम्पदा विनाश र त्यसबाट उत्पन्न परिस्थिति

भूक्षय, उर्वर भूमिहरूमा अव्यवस्थित बसोबास, नदी नालाहरूको अत्यधिक दोहनका कारण तिनमा परम्परागतरूपले आश्रित जनतालाई थप असर पर्न गएको छ । यसको सम्बोधनको लागि मानव अधिकारमुखी विकास पद्धति आवश्यक छ । मानव अधिकारमुखी विकास पद्धति एउटा अत्यन्तै नौलो पद्धति हो । भौतिक विकासका कारणले हुन जाने वातावरण प्रदुषण लगायतका माथि उल्लिखित विषयहरूका कारणले तात्कालिक मानव समुदायको निम्ति मात्र नभई आगमी पुस्ताको अधिकार समेत हनन गर्ने हुन्छ । त्यसैले स्वच्छ वातावरणको अधिकारको संरक्षणको लागि अधिकारमुखी विकास पद्धतिको विकास भएको हो । यससम्बन्धी विस्तृत व्यवस्था माथि बुँदा नं. २.६ मा गरिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

परिच्छेद ३

# कार्यान्वयन संयन्त्र

## ३.१ परिचय

मानव अधिकार तथा मौलिक हकहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको प्रमुख कर्तव्य हो । जनतालाई त्यसको अनुभूति गराउन उचित कदम चाल्ने प्रमुख जिम्मेवारी पनि राज्यकै हो । राज्यका संयन्त्रहरु भित्र केन्द्रीय, प्रदेश र स्थानीय सरकारहरूका साथै सङ्घीय नेपाल अन्तर्गतका स्वायत्त एवं विशेष क्षेत्रहरूजस्ता निकायहरु पनि पर्दछन् । केही हकहरूको कार्यान्वयनका लागि कानूनी एवं संस्थागत सुधार जरूरी हुन्छ ।

राज्य (सरकार) ले सम्मान गर्ने कर्तव्य पूरा गर्दा नागरिकको हकअधिकारको उपभोगमा असर पर्नेगरी बन्देज लगाउनु हुदैन । यसैगरी, संरक्षण भन्नाले अधिकारको भोगचलनको सन्दर्भमा जनतालाई उनीहरूमाथि तेस्रो पक्ष (अरूबाट) बाट हुने दुर्व्यवहार र हस्तक्षेपबाट बचाउने भन्ने बुझिन्छ । राज्यले परिपूर्ति गर्नुपर्ने दायित्व भन्नाले व्यक्तिका हक अधिकार उपभोगलाई सहज तुल्याउनका लागि राज्यले केही पहल गर्नुपर्छ भन्ने बुझिन्छ । उदाहरणका लागि, सरकारले विभिन्न प्रकारका स्वतन्त्रताको सम्मान गर्दछ, जनताको जिउ धनको संरक्षण गर्दछ र खाद्यान्न अभाव रहेका जिल्लाहरूमा खाद्यान्न उपलब्ध गराई आफ्नो दायित्व पूरा गर्दछ । यसरी मौलिक हकका सन्दर्भमा राज्यको भूमिकालाई 'सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने' कुराले स्पष्ट पार्दछ र यसैका आधारमा राज्यले व्यक्तिको मौलिक हक हनन् गरेको वा नगरेको भन्ने कुराको मापन हुन्छ ।

व्यक्तिको मौलिक हकहरूको हनन् भएको खण्डमा न्यायका लागि पीडित सिधै सर्वोच्च अदालत वा प्रदेशमा रहेको उच्च अदालतमा जान सक्दछ । त्यस अवस्थामा अदालतले उपचारका लागि रिट तथा अन्य आवश्यक आदेशहरु जारी गर्न सक्छ । कुनै हकको उपभोगका लागि कुनै विशेष कानून वा कार्यविधि छ भने त्यसका लागि त्यही प्रक्रिया अनुसार नै गर्नुपर्ने हुन्छ ।

उदाहरणका लागि वृद्धभत्ता नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम हो र उक्त भत्ता पाउनयोग्य कुनै पनि व्यक्तिले त्यसका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामै निवेदन दिनुपर्ने हुन्छ ।

सामान्यतया मानव अधिकारको उल्लङ्घन राज्यबाट हुने र संरक्षण तथा परिपूर्तिको दायित्व पनि राज्यको नै हुन्छ । सङ्घीय प्रणालीमा तीन तहका राज्यले आ-आफ्नो क्षेत्राधिकारमा अभ्यास गर्ने भएकोले तत्तत् क्षेत्रमा मानव अधिकारको संरक्षण, संम्वर्द्धन र सम्मान प्रतिको अन्तर्राष्ट्रिय दायित्व पनि सिर्जना हुन्छ । यसको निम्ति सबै तहले कानूनको शासनको सिद्धान्त (principle of rule of law) लाई आत्मसात गर्ने, कानून भन्दा माथि कोही छैन (law is the king of the king and end of the end) भन्ने मान्यतालाई व्यवहारतः कार्यान्वयन गर्ने र उक्त कार्यको लागि आवश्यक संयन्त्रको विकास गर्न पनि त्यत्तिकै आवश्यक छ ।

प्रदेशस्तरमा आयोगहरूका शाखा कार्यालय हुने भएपनि स्थानीय स्तरमा हुने सम्भावना कम देखिएकोले त्यसको लागि पनि नियमावली मार्फत वा अन्य विधि मार्फत एउटा संयन्त्रको विकास गर्न सकिएमा प्रभावकारी हुन्छ भने पीडितले सिफारिस बमोजिमको क्षतिपूर्ति स्थानीय सरकार मार्फत पाउने तथा सम्बन्धित प्रदेश वा स्थानीय सरकारको प्रतिनिधिलाई मानव अधिकार उल्लङ्घनमा जवाफदेही बनाउने संयन्त्रको विकास गर्ने तथा हरेक तहमा महिला अधिकार सेल गठन गरी पीडितका गुनासाहरु संकलन गरी सम्बन्धित आयोगका शाखाहरूसम्म पठाउने व्यवस्था (referral mechanism) गर्न निर्वाचित महिला प्रतिनिधिहरूको नेतृत्वमा एकाई खडा गरी सक्रियतापूर्वक काम गर्ने व्यवस्था गर्दै सुरक्षा निकायमा भएका मानव अधिकार सेलहरूको प्रभावकारीताको अनुगमन र निर्देशन दिने गरी कानून मार्फत प्रभावकारी व्यवस्था गर्न सक्दा महिला अधिकारप्रति सम्मान हुनुका साथै सरोकारवालाहरूका अपेक्षा समेत पूरा हुने र मानव अधिकार संस्कृतिको विकाससँगै कानूनको शासनको प्रत्याभूति हुन्छ ।

नेपालमा राज्यको मानव अधिकारको संरक्षण र सम्वर्द्धन प्रतिको दायित्व पूरा गर्नको लागि विभिन्न किसिमका कानूनी र संस्थागत संयन्त्रहरूको विकास भएको छ । कानूनी संयन्त्रहरूले अधिकारको सिर्जना गर्दै संस्थागत संयन्त्रहरूको समेत व्यवस्था गरेका छन् भने संस्थागत संयन्त्रहरूले मानव अधिकार प्रत्याभूतिको लागि आ-आफ्नो क्षेत्राधिकार बमोजिम काम गर्ने गरेका छन् ।

## ३.२ कानूनी संयन्त्र

कानूनी संयन्त्र अन्तर्गत मुख्यतया नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु, क्षेत्रीय प्रावधानहरु र दुईपक्षीय सन्धि सम्झौताहरु लगायत संविधान, अन्य ऐन कानूनहरु र सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु पर्दछन् । त्यसबाहेक पनि राज्यका नीति तथा कार्यक्रमहरु समेत कानूनी संयन्त्र अन्तर्गत पर्दछन् । यहाँ मौलिक हकको कार्यान्वयनको मात्र सन्दर्भ भएकोले मूलतः संविधान र मौलिक हक कार्यान्वयन सम्बन्धमा भएका कानूनहरूको मात्र चर्चा गर्ने प्रयास गरिएको छ ।

### ३.२.१ संविधान

संविधान देशको मूल कानून हो । नेपालको संविधान मानव अधिकार तथा मौलिक हकको दृष्टिले यस अगाडीका संविधानहरु भन्दा अत्यन्तै उदार र प्रगतिशील छ । संविधानको प्रस्तावनामानै "**बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मासात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद् भावलाई संरक्षण एवम प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, बिभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चत गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै,**" भन्ने प्रावधान राखिएको छ । त्यसै गरी प्रस्तावनामा "**जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न**" भन्ने थप व्यवस्था गरिएकोले मौलिक हक तथा मानव अधिकार प्रति संविधान अत्यन्तै प्रगतिशील देखिन्छ ।

यस्तै संविधानको धारा १० मा भएको कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने व्यवस्था, धारा १६ देखि ४६ सम्मका ३१ वटा धाराहरूमा विस्तृत रूपमा मौलिक हकको व्यवस्था गरिएको छ । धारा ४८

मा नागरिकका कर्तव्य अन्तर्गत राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु जस्ता व्यवस्था गरी अधिकारसँगै कर्तव्यको समेत व्यवस्था गरिएको छ ।

संविधानको धारा ५० मा निर्देशक सिद्धान्तहरु अन्तर्गत नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनी शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने र समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्नु राज्यको राजनैतिक उद्देश्य हुने व्यवस्था गरिएको छ । त्यसैगरी धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समातामूलक समाजको निर्माण गर्ने, श्रमको सम्मान गर्ने आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने आर्थिक र सामाजिक उद्देश्य हुने व्यवस्था गरिएको छ ।

राज्यका नीतिहरु अन्तर्गत धारा ५१ मा सुरक्षा सम्बन्धी नीति, राजनीतिक तथा साशन व्यवस्थासम्बन्धी नीति, सामाजिक र सांस्कृतिक रुपान्तरणसम्बन्धी नीति, अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति, विकाससम्बन्धी नीति, कृषि र भूमिसुधारसम्बन्धी नीति, प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति, श्रम र रोजगारसम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति, न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति, पर्यटनसम्बन्धी नीति र अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति जस्ता नीतिहरु अर्न्तगत नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, समूह विशेषका अधिकार र वातावरण तथा विकासका अधिकारहरुको प्रचुर व्यवस्था गरिएका छन् ।

धारा ५२ मा राज्यको दायित्व अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरुको अनुसरण तथा राज्यका नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत

बनाउने राज्यको दायित्व हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

धारा ५३ मा पहिलोपटक राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपतिसमक्ष पेश गर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत सङ्घीय संसद्समक्ष पेश गर्ने व्यवस्था गर्ने प्रभावकारी व्यवस्था गरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । त्यस बाहेक पनि धारा ५४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गर्न सङ्घीय संसद्मा कानून बमोजिम एक समिति रहनेछ भन्ने व्यवस्था समेत गरी यस भागलाई प्रभावकारी बनाउने प्रयत्न गरिएको छ ।

संविधानको भाग ११ मा न्यायपालिका सम्बन्धी व्यवस्था गरिएको छ । धारा १२६ मा न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने उल्लेख गर्दै धारा १३३ मा सर्वोच्च अदालतको अधिकारक्षेत्रको व्यवस्था गरिएको छ । उक्त व्यवस्था अन्तर्गत मौलिक हकउपर अनुचित बन्देज लगाइएको भएमा उक्त अधिकारको प्रचलनको लागि सर्वोच्च अदालतलाई असाधारण अधिकार दिइएको छ । धारा १४४ मा उच्च अदालतलाई पनि मौलिक हकको प्रचलनको लागि अधिकार दिइएको छ । संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको छ भने भाग २७ मा अन्य आयोगहरू अन्तर्गत राष्ट्रिय महिला आयोग (धारा २५२), राष्ट्रिय दलित आयोग (धारा २५५), राष्ट्रिय समावेशी आयोग (धारा २५८), आदिवासी जनजाति आयोग (धारा २६१), मधेशी आयोग (धारा २६२), थारु आयोग (धारा २६३) र मुस्लिम आयोग (धारा २६४) को व्यवस्था गरी मानव अधिकार तथा मौलिक हकको कार्यान्वयनको लागि विस्तृत व्यवस्था गरिएको छ । त्यसै गरी धारा २७३ बमोजिम सङ्कटकालमा समेत समानता, स्वतन्त्रता, यातना विरूद्धको हक जस्ता विषयहरु निलम्बन गर्न नपाइने व्यवस्था गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोग बाहेक प्रतिनिधि सभा समितिले अन्य संवैधानिक अङ्गहरूको अनुगमन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्ने व्यवस्था संविधानको धारा २९३ मा गरिएको छ, जसका कारण पनि मानव अधिकार आयोगको स्वतन्त्रतालाई उच्च महत्व दिएको मान्न सकिन्छ ।

### ३.२.२ अन्य ऐनहरू

संविधानको धारा ४७ बमोजिम मौलिक हक प्रदत्त अधिकार कार्यान्वयनको लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको मितिले तीन बर्षभित्र कानूनी व्यवस्था गर्नेछ भन्ने व्यवस्था भए बमोजिम सङ्घीय संसद्ले २०७५ असोज २ गते मौलिक हकसँग सम्बन्धित निम्न बमोजिमका विभिन्न १६ वटा विषयमा ऐन पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भई लागु भईसकेका छन । यद्यपी ती ऐनहरूमा गरिएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि नियमावलीहरूको आवश्यकता पर्ने देखिन्छ ।

क) सामाजिक सुरक्षासम्बन्धी ऐन,

ख) जातीय भेदभाव तथा छुवाछुत (कसुर तथा सजाय) ऐन २०६८ लाई संशोधन गर्ने ऐन,

ग) रोजगारीको हकसम्बन्धी ऐन,

घ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,

ङ) भूमि सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन,

च) वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

छ) खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन,

ज) आवासको अधिकार सम्बन्धी ऐन,

झ) जनस्वास्थ्य सेवासम्बन्धी ऐन,

ञ) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी ऐन,

ट) उपभोक्ता संरक्षणसम्बन्धी कानूनलाई संशोधन गर्न बनेको ऐन,

ठ) बालबालिका सम्बन्धी ऐन,

ड) अपराध पीडितको हक संरक्षण ऐन,

ढ) वातावरण संरक्षण ऐन,

ण) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण ऐन,

त) सार्वजनिक सुरक्षा ऐन २०४३ लाई संशोधन गर्न बनेको ऐन,

यी ऐनहरु बाहेक पनि फौजदारी संहिता, देवानी संहिता, अपराध संहिता, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, न्याय प्रशासन ऐन, विभिन्न आयोगहरु सम्बन्धी ऐन लगायतका कानूनी संयन्त्रहरूले मानव अधिकार संरक्षण र सम्वर्द्धनमा प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्दछन् ।

## ३.३ संस्थागत संयन्त्रहरू

मानव अधिकार तथा मौलिक हकको संरक्षण गर्ने राज्यको मूल दायित्व हो । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्षराष्ट्र हुनुको नाताले आफ्ना नागरिकको मानव अधिकार तथा मौलिक हकको सुनिश्चितता गर्नु राज्यको कर्तव्य एवम् अनिवार्य दायित्व हो । संविधानको धारा ५२ मा राज्यको दायित्व आन्तर्गत "**नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ**" भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी धारा ५४ मा निर्देशक नीति तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गर्न सङ्घीय संसद्मा कानून बमोजिम एक समिति रहने व्यवस्था समेत गरिएको छ ।

मानव अधिकार तथा मौलिक हक प्रतिको राज्यको दायित्व अन्तर्गत निम्न कुराहरू पर्दछनः

क) मानव अधिकारको संरक्षण गर्ने,

ख) मानव अधिकारको सम्मान गर्ने,

ग) मानव अधिकारको परिपूर्ति गर्ने ।

राज्यका अवयवहरू भित्र, सरकार/कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, विभिन्न आयोगहरू, गैर सरकारी संस्था, तथा नीजि क्षेत्र समेत पर्दछन् । तर आम बुझाई केवल सरकारमा केन्द्रित छ, त्यसमा पनि कार्यपालिकाको भूमिकामा मात्र । अतः मानव अधिकार तथा मौलिक हकको संरक्षण तथा परिपूर्तिको निम्ति मुख्य जिम्मेवार निकायहरू र तिनीहरूको भूमिका सम्बन्धमा तत्तत् शीर्षकहरूमा सामान्य जानकारी दिने प्रयास गरिएको छ ।

### ३.३.१ सरकार

संकीर्ण अर्थमा सरकार अर्थात कार्यपालिका मानव अधिकार तथा मौलिक हक कार्यान्वयनमा सबै भन्दा बढि जिम्मेवार र जवाफदेही हुन आवश्यक छ । कार्यकारी जिम्मेवारी भएको निकाय कार्यपालिका हो । यसको भूमिका वा

जिम्मेवारी अन्य निकायको भन्दा बढि हुन्छ । संविधानको धारा ५७ बमोजिम तीनवटै तहका सरकारहरूले आफ्नो क्षेत्राधिकार भित्र रहेर मानव अधिकार तथा मौलिक हकको संरक्षण र संवर्द्धन गर्नुपर्ने हुन्छ । सात प्रदेश र सङ्घमा गरिएका कार्यक्रमहरूमा समेत माननीय गृहमन्त्री, प्रदेशस्तरका मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु र स्थानीय तहका प्रतिनिधिहरूले मानव अधिकार संस्कृतिको विकास गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । अतः कार्यपालिकाले मानव अधिकार तथा मौलिक हकको सुनिश्चततताको लागि निम्न भूमिका निर्वाह गर्नु आवश्यक छः

क) संविधान र कानूनमा निर्दिष्ट गरिएका मौलिक हक र मानव अधिकारको सुनिश्चित गर्ने,

ख) दण्डहीनता र आम राजनैतिक माफिको संस्कारको अन्त्य गर्नको लागि निश्चित मापदण्ड र पद्धतिको विकास गर्ने,

ग) भ्रष्टाचारको अन्त्य र कानून बमोजिमको शासन व्यवहारिक रूपमै देखिने गरी लागु गर्ने,

घ) मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (UPR), राष्ट्रसङ्घीय समाधिक्षक तथा विभिन्न सन्धि समितिहरूको सिफारिस कार्यान्वयन गर्ने,

ङ) आर्थिक, सामाजिक, सांस्कृतिक, विकास र वातावरणको अधिकार प्रत्याभूतिको लागि व्यापक सहभागितामा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

च) नीति तथा योजना तर्जुमा गर्दा मानव अधिकारमैत्री र सहभागितामूलक ढङ्गबाट प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गर्ने,

छ) राज्यका हरेक निकायमा समानुपातिक तथा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउँदै सकारात्मक विभेदका सिद्धान्तका आधारमा प्रतिनिधित्व र क्षमता विकासको सुनिश्चितता गर्ने,

ज) राष्ट्रिय मानव अधिकार आयोग लगायत मानव अधिकार सम्बन्धी अन्य निकायले पेश गरेका प्रतिवेदन उपर छलफल गरी इमान्दारिताका साथ कार्यान्वयन गर्नुका साथै आयोग तथा अन्य सामाजिक सङ्घ संस्थाहरूसँग सहकार्य गरी मानव अधिकार संस्कारको विकास गर्न हरसम्भव प्रयास गर्ने,

झ) आवश्यकता अनुसार अर्न्तराष्ट्रिय सन्धि सम्झौताहरूमा पक्षराष्ट्र बन्नु पर्ने अवस्था भएमा अध्ययन गरी प्रक्रिया अगाडि बढाउने,

ञ)  आवधिक वा दीर्घकालीन रणनीतिक योजना तयार गरी लागु गर्ने,

ट)  मानव अधिकारसम्बन्धी सङ्घ, संस्था, सञ्चार जगत र नागरिक समाजलाई काम गर्ने सहज वातावरणको निर्माण गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने आदि ।

## ३.३.२ संसद्

मानव अधिकारको प्रत्याभूति दिलाउने बाहेक संसद् प्रत्यक्षरूपमा मानव अधिकार तथा मौलिक हकको कार्यान्वयनमा प्रमुख जिम्मेवार निकाय होइन । तर वृहद परिभाषा अन्तर्गत संसद् पनि सरकारकै एउटा अवयव मानिन्छ । संसद्ीय प्रणालीमा त झन मानव अधिकारको प्रत्याभूतिको निम्ति संसद्को भूमिका महत्वपुर्ण हुन्छ । एकात्मक प्रणालीमा जस्तो सङ्घीय प्रणालीमा एउटै तहको संसद्ले मात्र नभई विभिन्न तहका विधायिकाले मानव अधिकार तथा मौलिक हक कार्यान्वयनमा भूमिका निर्वाह गर्न आवश्यक छ । अतः संसद्ले मानव अधिकार तथा मौलिक हकको सुनिश्चितताको लागि निम्न कार्यहरू गर्न सक्दछः

क)  नयाँ बन्ने कानूनहरू मानव अधिकारमैत्री ढङ्गबाट निर्माण गर्ने र बनिसकेका कानूनहरूको संशोधन गर्दा मानव अधिकारमुखी अवधारणाका अधारमा गर्ने,

ख)  सङ्घीय संसद्ले आफूले बनाउनुपर्ने कानून तदारूकताका साथ बनाई वा संशोधन गरी प्रदेश र स्थानीय तहलाई बाटो खुला गरिदिने र प्रदेश व्यवस्थापिकाले स्थानीय तहलाई मार्ग प्रशस्त गर्ने,

ग)  संसद्मा मानव अधिकार तथा मौलिक हकसम्बन्धी अलग्गै समिति बनाई सरकारले गरेका कामहरूको सम्बन्धमा प्रतिवेदनहरू झिकाई छलफल गर्ने र सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिने,

घ)  राज्यबाट हुन सक्ने मानव अधिकार उल्लङ्घनप्रति सरकारलाई सचेत गराउने तथा अपराध अनुसन्धानमा आवश्यक कानून तर्जुमा गरी सहयोग गर्ने,

ङ)  आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनको लागि आवश्यक कानूनहरू तदारूकता र प्राथामिकताका आधारमा निर्माण गरी सरकारलाई सहयोग गर्ने,

च) विभिन्न नीति तथा कार्यक्रमहरु निर्माण गर्दा मानव अधिकारमैत्री नीति तथा कार्यक्रमको लागि सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिने,

छ) सबै किसिमका नियुक्तिहरुमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा भएको कुरा सुनिश्चित गर्न सरकारलाई आवश्यक सल्लाह तथा निर्देशन दिने,

ज) सरकारबाट हुनसक्ने जवाफदेही विहीनताको अवस्थाको निगरानी गर्दै चुस्त तथा दुरुस्त सङ्गठन निर्माणको लागि आवश्यक सल्लाह तथा सुझाव दिने,

झ) राज्यका विभिन्न निकायबाट हुनसक्ने साङ्गठनिक भ्रष्टाचार रोक्न संसद्ीय छानबिन समिति बनाई भ्रष्टााचार शुन्यताको अवस्थाको निर्माण गर्न आवश्यक कानून तर्जुमा गर्ने,

ञ) आवश्यकताअनुसार आयोग तथा सामाजिक सङ्घ संस्थाहरुसँग काम गरी व्यापक सहभागितामूलक ढंगबाट कानून निर्माण गर्ने र आवश्यकता अनुसार विशिष्टिकृत सेवा निर्वाध रुपमा लिने आदि ।

### ३.३.३ न्यायालय

शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम, व्यवस्थापिकाले कानून निर्माण गर्ने, कार्यपालिकाले लागु गर्ने र न्यायपालिकाले व्याख्या गर्ने हुन्छ । त्यसबाहेक पनि विभिन्न स्वतन्त्र र स्वायत्त संवैधानिक अङ्गहरुको व्यवस्था गरिएको हुन्छ भने सञ्चार तथा नागरिक समाजबाट मानव अधिकार तथा कानूनी शासनको प्रत्याभूतिका सन्दर्भमा निगरानी गर्ने काम गरिन्छ । मानव अधिकार तथा कानूनी राज्यको अवधारणा अन्तर्गत न्यायलय, स्वतन्त्र, सक्षम र पारदर्शी हुनुपर्ने मान्यता राखिन्छ । सामान्यतया नागरिक तथा राजनैतिक अधिकारको प्रचलनको सन्दर्भमा कार्यपालिका बढि जवाफदेही हुन्छ । कानून कार्यान्वयन गर्ने, शान्ति सुरक्षा कायम गर्ने र अपराध अनुसन्धान गर्ने क्रममा अधिक बलको प्रयोग वा अख्तियारको दुरुपयोग हुनसक्ने सम्भावना हुन्छ । उक्त अवस्थामा व्यक्ति वा समूहको मानव अधिकार तथा मौलिक हकको उल्लङ्घन वा ज्यादती हुने सम्भावना प्रवल रहन्छ ।

नेपालको संविधानको धारा १२६ मा **"नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा**

**न्यायिक निकायबाट प्रयोग गरिनेछ, मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नु पर्नेछ**" भन्ने व्यवस्था गरिएको छ । त्यसै गरी धारा १३३ मा "**संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेशसभाले बनाएको कुनै कानून सङ्घीय संसद्ले बनाएको कुनै कानूनसँग बाझिएको वा नगरसभा वा गाउँसभाले बनाएको कुनै कानून सङ्घीय संसद् वा प्रदेशसभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने छ र सो अनुसार कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ**" भन्ने व्यवस्था गरिएकोले न्यायलयलाई मानव अधिकार तथा मौलिक हकको संरक्षक र बाझिएका कानून खारेज गर्ने असाधारण अधिकार दिईएको छ ।

त्यसै गरी उक्त धारामा "**संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ**" भन्ने किटानी व्यवस्था गरिएको छ । उक्त असाधारण अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था समेत समेटिएको छ ।

धारा १४४ बमोजिम उच्च अदालतलाई समेत मौलिक हकको प्रचलनको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार दिइएको छ । सोका लागि बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्नसक्ने व्यवस्था गरिएको छ । त्यस बाहेक पनि न्यायिक निकायलाई विभिन्न किसिमका मुद्दाहरूको रोहबाट पीडितलाई न्याय दिलाउने र पीडकलाई दण्ड सजाय तोक्ने अधिकार छ । जसले

दण्डहीनताको अन्त्य, कानुनी शासनको प्रत्याभूति र मानव अधिकार तथा मौलिक हकको रक्षा गर्दछ ।

अतः न्यायिक निकायबाट खेल्न सक्ने भूमिकाका सन्दर्भमा बुँदागत रुपमा निम्न बमोजिम राख्न सकिन्छः

क) मानव अधिकार तथा मौलिक हकको संरक्षण र प्रवर्द्धनकोलागि सरकारलाई आवश्यक निर्देशनात्मक आदेश दिने,

ख) पीडितलाई न्याय र पीडकलाई दण्डसजाय तोकी दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने,

ग) व्यक्तिका मौलिक हक र मानव अधिकारको प्रचलन गराउने,

घ) मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय मापदण्ड बमोजिमका कानूनहरु निर्माण गर्न सरकारलाई आवश्यक आदेश दिने,

ङ) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको पक्ष बन्नुपर्ने भएमा आवश्यक राय दिने,

च) कार्यपालिकाबाट हुनसक्ने मानव अधिकार बिरुद्धका गतिविधिहरुमा अंकुश लगाउने,

छ) संविधान वा अन्य कानूनहरु (संविधानसंग सङ्घीय कानून, संविधान तथा सङ्घीय कानूनसँग प्रदेश वा स्थानीय तहका कानून र प्रदेशका कानूनसँग स्थानीय कानून) बाझिएमा अमान्य र बदर घोषित गर्ने,

ज) क्षेत्राधिकारको सम्बन्धमा उठ्न सक्ने विवादको निराकरण गर्ने र राजनैतिक तथा संवैधानिक प्रकृतिका विषयहरुको छिनोफानो गर्ने आदि ।

### ३.३.४ प्रदेश तथा स्थानीय तह

मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने जिम्मेवारी सङ्घीय प्रणालीको मर्म र भावना बमोजिम ३ वटै तहको जिम्मेवारीभित्र पर्दछ । कार्यान्वयन गर्ने तहमा प्रदेश तथा स्थानीय तहनै हुने भएकोले जनताले प्रत्यक्ष रूपमा अधिकारको उपभोग गर्ने वातावरणको निमार्ण गर्ने र व्यक्तिका अधिकारको प्रत्याभूति स्थानीय तहबाट हुने हुन्छ । प्रदेशको हकमा आफ्नो क्षेत्राधिकारभित्र रहेर प्रदेशले स्वायत्त तथा सह साशन सञ्चालन गर्ने भएकोले कार्यपालिका

तथा विधायिकाले सङ्घीय कार्यपालिका तथा विधायिकाले सरह अधिकार प्रयोग गर्दछ । त्यसैले माथि उल्लेख गरिएका काम, कर्तव्य र जिम्मेवारीहरु प्रदेशको हकमा पनि लागु हुन्छन् । स्थानीय तहले आफूले निर्माण गर्ने कानून मानव अधिकारमैत्री ढङ्गबाट निर्माण गर्ने, नागरिकले प्राप्त गर्ने सेवा र सुविधाहरु सहज, सर्वसुलभ र पारदर्शी रूपमा उपलब्ध गराउने, योजना निर्माण तथा कार्यान्वयन गर्दा सहभागितामूलक र समावेशी ढङ्गबाट गर्ने, आफ्नो जिम्मेवारीभित्र रहेका विषयहरुमा जवाफदेही ढङ्गबाट पुरा गर्ने, नीति, योजना र कानून तर्जुमा गर्दा सरोकारवालाहरुसँग व्यापक छलफल गरी निर्माण गर्ने र तर्जुमा तथा कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रसँग सहकार्य गर्ने, मानव अधिकार संस्कृतिको विकासको लागि कानूनको शासनको प्रत्याभूत गर्दै व्यापक चेतना विस्तारसम्बन्धी कार्यहरु गर्ने आदि ।

## राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दायित्व बोकेर संयुक्त राष्ट्र सङ्घको १९९३ को ८५ औं प्लीनरी मिटिङ्गले Paris Principle को रुपमा 48/134, National Institutions for the Protection and Promotion of Human Rights पारित गर्‍यो । अन्तरिम संविधान पछि २०५३ को ऐनलाई खारेज गर्दै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ जारी भयो । जसको बुँदा नं. १ मा त्यस्तो निकाय प्रतिस्पर्धी हुनुपर्ने, २ नं. मा व्यापक कार्यादेश (Board Mandate) दिइनु गर्ने, ३ नं. मा त्यस्तो निकायले सरकारलाई सल्लाहकारी मन्तव्य दिने लगायत थुप्रै दायित्व दिइएको छ । अतः पेरिस सिद्धान्त मानव अधिकारको संरक्षण र सम्वर्द्धनको निम्ति राष्ट्रले बनाउने राष्ट्रिय निकायको हैसियतसँग सम्बन्धित छ । मानव अधिकार संरक्षण गर्ने राष्ट्रिय निकाय (मानव अधिकार आयोग जस्तै) राजनैतिक रुपमा तटस्थ, आर्थिक रुपमा सम्पन्न, अधिकारयुक्त, स्वतन्त्र, निर्भिक र क्षमतावान हुनु पर्दछ भने राजनैतिक हस्तक्षेप बिनाको नियुक्ति प्रक्रिया, सदस्य तथा कर्मचारीहरुमा समावेशी, काममा दक्षता तथा पारदर्शिता हुनु पर्दछ ।

नेपालको राष्ट्रिय मानव अधिकार आयोग पनि त्यही पेरिस सिद्धान्त, १९९३ तथा मानव अधिकार आयोग ऐन (२०५३) को आधारमा स्थापित एउटा स्वतन्त्र र स्वायत्त निकाय हो । अन्तरिम संविधान २०६३ ले यसलाई संवैधानिक अङ्गको रुपमा स्थापित गर्‍यो । अन्तरिम संविधान पछि मानव अधिकार आयोग

ऐन, २०५३ लाई खारेज गर्दै राष्ट्रिय मानव अधिकार ऐन, २०६८ जारी भयो । आयोगको संवैधानिक हैसियतलाई नेपालको संविधान २०७२ ले पनि निरन्तरता दिएको छ । मानव अधिकार आयोग ऐन २०५३ को प्रस्तावनामा संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्न बान्छनिय भएकाले...भनिएको थियो । नागरिक समाजको व्यापक दवावस्वरूप मानव अधिकार आयोग ऐन आएको ४ बर्षपछि २०५७ जेष्ठ १३ गते राष्ट्रिय मानव अधिकार आयोग नागरिकका अधिकार संरक्षण र संम्वर्द्धन गर्ने मुख्य दायित्व लिएर जन्मिएको हो ।

संविधानको धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको लागि आयोगले खेल्न सक्ने भूमिकाहरु निम्न छन्:

क) मानव अधिकारको उल्लङ्घन वा दुरूत्साहन भएको भनिएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषि उपर कारवाही गर्न सिफारिस गर्ने,
ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी पाएको पदाधिकारीले कर्तव्य पालना नगरेको पाईएमा विभागीय कारवाहीको लागि सिफारिस गर्ने,
ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध कानूनबमोजिम अदालतमा मुद्दा चलाउन सिफारिस गर्ने,
घ) मानव अधिकार सम्बन्धी चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,
ङ) विभागीय कारवाहीको लागि आधार र कारण खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस पेश गर्ने,
च) मानव अधिकार सम्बन्धित कानूनको समीक्षा गर्ने र सुधारको निम्ति सिफारिस गर्ने,
छ) मानव अधिकार सम्बन्धी सन्धि सम्झौताको पक्ष बन्न आवश्यक भए सिफारिस गर्ने र पक्ष भएका सन्धि सम्झौताको हकमा कार्यान्वयनको अनुगमन गर्ने,
ज) मानव अधिकार उल्लङ्घनकर्ताको नाम कानून बमोजिम सार्वजनिक गरी अभिलेख राख्ने आदि ।

### ३.३.५ अन्य अधिकारमुखी आयोगहरू

राष्ट्रिय मानव अधिकार आयोग बाहेक नेपालको इतिहासमा पहिलोपटक अधिकारमुखी अन्य सातवटा आयोगहरूलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरिएको छ । संविधानको भाग २७ मा अन्य आयोगहरूको शीर्षक अन्तर्गत धारा २५२ देखि २६५ सम्म राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ । तर यो प्रतिवेदन तयार भइरहँदासम्म पनि केही आयोगहरु संविधान बमोजिमको ढाँचामा गठन भइसकेका छैनन् । ऐनहरु पारित भईसकेपनि क्षेत्राधिकार र आयोगहरूको काम, कर्तव्य र अधिकारमा स्पष्टताको अभाव छ भने सरोकारवालाहरूबीच आयोगको क्षेत्राधिकार र कार्य प्रणालीको बारेमा जानकारीको पनि अभाव छ ।

राष्ट्रिय महिला आयोग कार्यकारी निर्देशनद्वारा २३ फागुन २०५८ (७ मार्च २००२) मा गठन भएपनि कानूनी र संवैधानिक हैसियत प्राप्त गरको थिएन । राष्ट्रिय महिला आयोग ऐन, २०६३ ले प्रथम पटक यसलाई कानूनी हैसियत प्रदान गर्‍यो । यस आयोगलाई नेपालको संविधान, २०७२ ले अन्य आयोग शीर्षक भित्र संवैधानिक मान्यता दिएको छ । संविधानमा आयोगको गठन, काम कर्तव्य र अधिकार तथा प्रदेश कार्यालयसम्बन्धी व्यवस्था धारा २५२ देखि २५४ सम्म उल्लेख गरिएको छ ।

राष्ट्रिय दलित आयोग संवैधानिक आयोगको रूपमा स्थापना भएको छ । संविधानको धारा २५५ देखि २५७ सम्म तीनवटा धारामा आयोगको स्थापना, गठन, पदाधिकारीको योग्यता, काम, कर्तव्य र अधिकारकासाथै यस आयोगका प्रदेश तहसम्म कार्यालय रहन सक्ने व्यवस्था गरेको छ । राष्ट्रिय दलित आयोग ऐन, २०७४ जारी भइसकेको छ । आयोगको स्थापना सम्बन्धमा प्रस्तावनामा दलित समुदायको मानव अधिकारको सम्मान तथा हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तिकरण गर्न र जातीय भेदभाव र छुवाछुतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न आयोगको स्थापना गरिएको उल्लेख छ ।

आदिवासी जनजाति आयोग तथा राष्ट्रिय समावेशी आयोग दुवै नेपालको संविधानको नयाँ रचना हो । समावेशी आयोगको गठन, काम कर्तव्य र अधिकार तथा प्रदेश कार्यालय स्थापना सम्बन्धी व्यवस्था धारा २५८ देखि २६० मा गरिएको छ । धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था

गरिएको छ । आदिवासी जनजाति आयोगको सम्बन्धमा संविधानमा काम, कर्तब्य अधिकार तोकिएको छैन । त्यसैले यो आयोग उत्पत्तिको हिसाबले संवैधानिक (Constitutional Commission) भए पनि कामको हिसाबले कानूनी आयोग (Statutory Commission) जस्तो बनाइएको छ । । यस आयोगको काम, कर्तव्य र अधिकार आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा उल्लेख गरिएको छ ।

मधेशी आयोग, र थारु आयोगको व्यवस्था संवैधानिक वा कानूनी हैसियतमा पहिलो पटक भएको छ । यस्तो व्यवस्था नेपालको संविधानले गरेको छ । मुस्लिम आयोग यस अघिनै कार्यकारी आदेशबाट गठन भई अस्तित्वमा रहे पनि अत्यन्तै कमजोर स्थितिमा थियो । यस आयोगलाई पनि नेपालको संविधानले संवैधानिक आयोगको मान्यता प्रदान गरेको छ । संविधानको धारा २६२ मा मधेशी आयोग, २६३ मा थारु आयोग र धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था गरिएको छ । यी आयोगहरूका पदाधिकारीहरूको योग्यता, पारिश्रमिक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानूनले व्यवस्था गरे बमोजिम हुने उल्लेख गरिएको छ । मानव अधिकार तथा मौलिक हकको कार्यान्वयनको निम्ति यी आयोगहरूको भूमिका महत्वपूर्ण हुन सक्दछ । जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ:

(क) सम्बन्धित समुदायको सशक्तिकरणका लागि नीतिगत, कानूनी व्यवस्था तथा सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रम प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) सम्बन्धित समुदायको अधिकार कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) विभिन्न किसिमका हिंसा वा विभेदको कारणबाट कुनै समस्या वा अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा सरकारलाई सुझाव दिने,

(घ) समुदायको सशक्तिकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा पहुँच बढाउन आवश्यक उपायहरु बारे सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ङ) समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) हिंसा वा विभेदको कारण सामाजिक रूपमा वहिष्करण वा जोखिम वा विस्थापित वा पीडित व्यक्तिलाई सुरक्षा केन्द्र वा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने आदि ।

### ३.३.६ सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा सामाजिक अभियन्ताहरू

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको लागि सामाजिक सङ्घ संस्थाहरु, नागरिक समाज तथा सामाजिक अभियन्ताहरूको भूमिका पनि अत्यन्तै महत्वपूर्ण मानिन्छ । यस्ता सङ्गठित वा असङ्गठित शक्तिको सल्लाह, सुझाव र दवाव मानव अधिकारको रक्षाको निम्ति अत्यन्तै महत्वपूर्ण रहन्छ । नेपालमा विभिन्न समयमा मानव अधिकार क्षेत्रमा भएका प्रगतिहरूमा यिनिहरूको निकै महत्वपूर्ण भूमिका रहने गरेको छ । मानव अधिकार आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, वेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगहरूको गठन र पुनगर्ठन गर्ने सम्बन्धमा समेत यस समुदायबाट महत्वपूर्ण भूमिका निर्वाह हुँदै आएको छ ।

मानव अधिकार तथा मौलिक हकको संरक्षण र सम्वर्द्धनको लागि संसारभरीनै यस किसिमका निकायहरूको अत्यन्तै महत्वपूर्ण भूमिका हुने गर्दछ । मानव अधिकारको संरक्षण राज्य एक्लैले गर्न सम्भव हुँदैन । यी निकायहरूले राज्यका निकायहरूलाई आवश्यकता अनुसार सल्लाह तथा परामर्श दिने, दवाव श्रृजना गर्ने र सर्वसाधारण नागरिकमा व्यापक रूपमा मानव अधिकार शिक्षा सञ्चालन गर्दै व्यापक जनचेतनाको विस्तार गर्ने, मानव अधिकार उल्लङ्घन भएका विषयमा अनुगमन गर्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने जस्ता महत्वपूर्ण योगदानहरु दिन सक्दछन । त्यसबाहेक पनि नेपालको तर्फबाट पेश गर्नुपर्ने विश्वव्यापी आवधिक समीक्षा वा सन्धिजनित प्रतिवेदनमा सहभागीतामूलक परामर्शका आधारमा राज्यको, आयोगहरूको र छायाँ प्रतिवेदन तयारीको लागि सहयोग गर्ने, छाँया प्रतिवेदन वा परामर्श बैठकमा भाग लिने र लविङ गर्ने आदि महत्वपूर्ण कार्यहरु गर्ने प्रचलन छ ।

### ३.३.७ विकास साझेदार, संयुक्त राष्ट्रसङ्घीय निकायहरू र अन्तर्राष्ट्रिय गैससहरू

नेपालस्थित कुटनीतिक नियोगहरु, विभिन्न विकास साझेदारहरु र संयुक्त राष्ट्रसङ्घीय अङ्गहरु तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको पनि मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानको निम्ति महत्वपूर्ण भूमिका रहदै आएको छ । यी निकायहरु राष्ट्रिय संयन्त्र भित्रका निकायहरु होइनन् । तर राष्ट्रिय संयन्त्र अन्तर्गतका सरकारी निकायहरु, संवैधानिक अङ्गहरु, पेशागत सङ्घ संगठनहरु, मानव अधिकारसँग सम्बन्धित गैससहरु, मानव अधिकार रक्षक, पीडित तथा आम नागरिकलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने, क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु आयोजना गर्ने, श्रोतको व्यवस्था गर्ने, आर्थिक रूपमा सहयोग गर्ने, विशेषज्ञ सेवा उपलव्ध गराउने, आवश्यकता अनुसार राज्यका निकायहरूलाई विभिन्न माध्यमबाट दवाव सिर्जना गर्ने जस्ता महत्वपूर्ण कार्यहरु भएका छन् ।

दुईपक्षीय वा बहुपक्षीय सम्झौताका आधारमा स्थापना भएका यस्ता निकायहरूले आफैमा बिशेषज्ञता उपलव्ध गराउन, आवश्यक श्रोत जुटाउन र सरकारी तथा गैर सरकारी क्षेत्रबाट नेपालको मानव अधिकार प्रतिको प्रतिबद्धता र दायित्व पूरा गर्न सहयोगी भूमिका खेलेका छन् ।

### ३.३.८ विश्वव्यापी आवधिक समीक्षाका सुझावहरूको कार्यान्वयन

मानव अधिकारको बिश्वव्यापी घोषणापत्र जारी भएको पनि ७० वर्ष पूरा भएको छ । हाम्रो मानव अधिकारको संवैधानिक अभ्यास पनि २०४७ को संविधान पछि पनि करिब २९ बर्ष भएको छ । यूपिआरको दोश्रो साईकल अन्तर्गत ४ नोभेम्बर २०१५ मा विभिन्न राष्ट्रहरूले गरेका १९५ वटा सिफारिसहरु मध्ये नेपालले १५२ वटा स्विकार गरेको छ । ती सिफारिसहरु मध्ये दण्डहीनता, महिला, बालबालिका, जातीय विभेद र यातनाका विषयहरु प्रमुख रूपमा उठाइएका थिए ।

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको सम्बन्धमा मानव अधिकार परिषदमा प्रतिवेदन पेश गर्ने र छलफल गर्ने सन्दर्भमा नेपालले पहिलो चक्र अन्तर्गत सन २०११ मा र दोश्रो चक्र अन्तर्गत नोभेम्वर २०१५ को २३ औँ सभामा पेश गरेको थियो । उक्त दोश्रो चरण/चक्र (साइकल) मा विभिन्न

देशका ७३ जना प्रतिनिधिहरूले १९५ वटा सिफारिस वा सुझावहरु पेश गरेका थिए । उक्त १९५ वटा सिफारिसहरु मध्ये नेपालले १५२ वटा सिफारिसमा पूर्ण वा आंशिक रूपमा स्वीकार गरेको थियो भने ४३ वटा सिफारिस अस्वीकार (नोट) गरेको थियो । ती सुझावहरूमा दण्डहीनतासँग सम्बन्धित ११५ वटा सिफारिसहरु गरिएका थिए । अन्य सिफारिसहरूमा, राष्ट्रिय मानव अधिकार संस्था, महिलाको मानव अधिकार, लैङ्गिक असमानता, जातीय विभेद, सङ्क्रमणकालीन न्याय, यातना लगायतका विषयहरु समेटिएका थिए ।[३] त्यस्ता सिफारिसहरूलाई मुख्यतः ४ भागमा बिभाजन गरेर हेर्न सकिन्छ ।

### ३.३.८.१ *गम्भीर मानव अधिकार उल्लङ्घनलाई सम्बोधन गर्ने कानूनी व्यवस्था*

मानव अधिकारका विषयहरूलाई सम्बोधन गर्नको लागि खास गरी यातना र जबरजस्ती बेपत्ता पार्नेजस्ता कार्यहरूलाई अपराधिकरण गर्ने सम्बन्धमा अपर्याप्त कानूनी व्यवस्था रहेको भन्दै सो सम्बन्धमा त्यस्ता कार्यहरूलाई अपराधिकरण गर्ने गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलका कानूनहरु बनाई लागु गर्नुपर्ने सुझाव नर्वे, न्यूजिल्याण्ड र जर्मनीले दिएका थिए । ती सुझाव अन्तर्गत नेपाली कानूनले यातना र जबरजस्ती बेपत्ता पार्ने कार्यलाई यथोचित रूपमा सम्बोधन गर्नुपर्ने, बेपत्ता, यातना, गैर कानूनी थुना र गैर कानूनी हत्याजस्ता आरोपहरूको तत्काल अनुसन्धान गरी कारवाहीको दायरामा ल्याउनु पर्ने र यस किसिमका अपराधहरूलाई सम्बोधन गर्ने गरी तत्काल कानून निर्माण गर्ने, स्वतन्त्र र दक्ष अनुसन्धान निकायको व्यवस्था गर्ने, उक्त घटनामा जिम्मेवार सरकारी अधिकारीहरूलाई जवाफदेही बनाउने र पीडितलाई उपचार सम्बन्धी अधिकार र परिपूरणको अधिकारको सुनिश्चितता गर्ने ।

उक्त सिफारिसहरूको सम्बोधन सम्बन्धमा फौजदारी संहिताले यातना, जबरजस्ती बेपत्ता र जातिहत्याका विषयहरु समेटेको छ तर उक्त संहिता पश्चातदर्शी असर हुने गरी लागु गर्न सकिँदैन जसले द्वन्द्वकालका घटनाको सम्बोधन गर्न सकोस् । त्यसै गरी उक्त प्रावधानमा रहेका परिभाषा र व्यवस्थाले अन्तर्राष्ट्रिय मापदण्डलाई समेटन सकेको छैन, यसले मानवता विरुद्धको अपराधलाई समेटदैन भने हदम्याद समेत ६ महिनाको दिईएको छ, त्यसैगरी माथिल्लो आदेश दिने व्यक्तिलाई समेटेको छैन ।

---

३. https://www.icj.org/wp-content/uploads/2018/10/Nepal-UPR-report-Advocacy-Non-Legal-Submission-2018-ENG.pdf and https://www.ohchr.org/EN/HRBodies/UPR/Pages/NPindex.aspx

### ३.३.८.२ *सङ्क्रमणकालीन न्याय सम्बन्धमा*

क्यानडा, स्वीट्जरल्याण्ड, बेल्जियम, डेनमार्क, भारत र चेक गणतन्त्रले बेपत्ता पारिएका व्यक्ति, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐनलाई संशोधन गरी अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड, संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयको नोट र नेपालको सर्वोच्च अदालतको आदेश बमोजिम स्तरीय बनाउनु पर्ने, दण्डहीनताको अन्त्य हुने गरी आम माफीको व्यवस्थालाई हटाउनु पर्ने, पीडकलाई न्यायको परिधिभित्र ल्याउनु पर्ने, साक्षीको संरक्षण गर्नुपर्ने, पीडितलाई क्षतिपूर्ति र परिपूरणको व्यवस्था गर्नुपर्ने र राज्यका निकायहरूलाई जवाफदेही बनाउनुपर्ने जस्ता सुझावहरु दिइएका थिए ।

ती सिफारिस कार्यान्वयनको सन्दर्भमा ऐनको संशोधन गरिसकिएको र आयोग पुर्नगठन गर्ने प्रक्रिया चलिरहेको छ । तर ऐनले संयुक्त राष्ट्रसङ्घको नोट र सर्वोच्च अदालतको आदेशलाई सम्बोधन गर्न नसकेको, आयोग पुनर्गठनमा पारदर्शी प्रक्रिया नअपानाइएको, पीडित तथा सरोकारवालाहरूसँग परामर्श नगरिएको र पुनर्गठन हुने आयोगमा पनि पुरानै शैलीबाट आयुक्तहरूको नियुक्ति हुने सम्भावना रहेको भन्ने जस्ता कटु आलोचनाहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यापक रूपमा उठेका छन् ।

### ३.३.८.३ *अन्तर्राष्ट्रिय सन्धिको पक्ष राष्ट्र बन्ने सम्बन्धमा*

यातनासम्बन्धी अन्तर्राष्ट्रिय समितिको प्रतिवेदनको अध्ययन गरी सम्भाव्यता पहिचान गर्ने, उक्त सन्धिको इच्छाधीन आलेखको पक्ष राष्ट्र बन्ने र अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने रोम विधानको पक्ष राष्ट्र बन्नुपर्ने जस्ता सुझावहरु साइप्रस, न्युजिल्याण्ड, चेक गणतन्त्र र पनामाले दिएका थिए । नेपाल सरकारले दुवै सम्भावनाहरूको अध्ययन गर्ने प्रतिवद्धता जनाएको थियो भने यातना विरूद्धको महासन्धिको इच्छाधीन आलेखको निम्ति एउटा अध्ययन समिति बनाउने र रोम विधानमा हस्ताक्षरको लागि प्रक्रिया अगाडि बढाउने प्रतिवद्धता भए पनि हालसम्म प्रगति देखा परेको छैन ।

परिच्छेद ४

# कार्यान्वयनका लागि भएका प्रयासहरु

## ४.१ सरकारको तर्फबाट

मानव अधिकार तथा मौलिक हक कार्यान्वयनका सम्बन्धमा सरकारको तर्फबाट विभिन्न प्रयासहरु भएका छन् । मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति प्रतिको सरकारको दायित्व पर्याप्त नभएपनि प्रयासहरु भने विभिन्न कोणबाट भएका छन् । केही उदाहरणीय प्रयासहरु बुँदागत रुपमा निम्न छन्ः

### ४.१.१ अन्तर्राष्ट्रिय दायित्व वहन गर्ने सम्बन्धमा भएका प्रयासहरू

संयुक्त राष्ट्रसङ्घमा नेपालको उपस्थिति निरन्तर रहनु र मानव अधिकारप्रतिको आफ्नो प्रतिवद्धता पटक–पटक जाहेर गर्नु, मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा विनाशर्त हस्ताक्षर गर्नु, विस्तृत शान्ति सम्झौता र त्यस भन्दा अगाडि देखिका हरेक सम्झौताहरुमा मानव अधिकारप्रतिको प्रतिवद्धता लगातार जाहेर गर्नु, संस्थागत सुधारको निम्ति सुरक्षा निकाय र कर्मचारीका तालिममा मानव अधिकारको विषयहरु समावेश गर्नु, शिक्षा क्षेत्रमा कक्षा ८, ९ र १० को सामाजिक विषयमा मानव अधिकारको विषय समावेश गर्नु, दण्डहीनताको अन्त्यको निम्ति प्रयासहरु गर्नु, मानव अधिकार आयोग लगायत अधिकारमुखी आयोगहरुको तदारुकताका साथ गठन गर्नु, मानव अधिकार तथा द्वन्द्व पीडितलाई राहत उपलब्ध गराउनु, सर्वोच्च अदालतका आदेशहरुलाई इमान्दारिताका साथ कार्यान्वयन गर्नु, मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन तथा सन्धिजनित प्रतिवेदनहरु परामर्शका आधारमा तयार गरी मानव अधिकार कार्ययोजना समेत तयार गरी लागु गर्नु, सामाजिक न्याय र सुरक्षाका सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्नु, अपराध अनुसन्धानमा नयाँ नयाँ प्रविधिको विकास र कार्यान्वयनको थालनी गर्नु, संयुक्त राष्ट्रसङ्घीय निकायहरुमा बलियो उपस्थिति जनाई विश्व शान्ति स्थापनाको लागि योगदान गर्नु, मानव अधिकार आयोग र अन्य अधिकारमुखी

निकायहरूसँग मानव अधिकारको सम्मान, संरक्षण र प्रर्वद्धनको लागि सहकार्य गर्नु र विकास कार्यहरूमा मानव अधिकारमुखि विकास तर्जुमा तथा कार्यान्वयनमा जोड गर्नु आदि रहेका छन् ।

### ४.१.२ मानव अधिकारको संवैधानिक तथा कानूनी वैधता

मानव अधिकारको संवैधानिक वैधताको सम्बन्धमा सरकारको प्रत्यक्ष भूमिका नभए पनि परोक्ष र प्रगतिशील रूपमा संविधानको प्रस्तावना, मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा नीति, संवैधानिक अङ्गहरु, स्वतन्त्र र सक्षम न्यायालयको व्यवस्था, सङ्घीय प्रणाली अन्तर्गत तीन तहका सरकारहरूको जिम्मेवारी जस्ता व्यवस्था गरिएका छन् । मौलिक हक कार्यान्वयनको लागि १६ वटा बिधेयकहरु तयार गरी समय सीमाभित्रै संसद्मा पेश गर्नु, मुलुकी फौजदारी, देवानी र अपराध संहिता लागु गर्नु, अन्य कानूनहरु संशोधन गरी संविधान अनुकूल बनाउनु जस्ता महत्वपूर्ण कार्यहरु अत्यन्तै छोटो अवधिमा भएका छन् ।

### ४.१.३ विभिन्न अधिकारमुखी आयोगहरूको स्थापना

मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि मानव अधिकार आयोग लगायत विषयगत आयोगहरु स्थापना गरिएका छन् । ती आयोगहरूले आफ्ना विषयहरूमा मानव अधिकार उल्लंघनका घटनाहरूको अनुगमन गर्ने, सरकारलाई सिफारिस गर्ने, अध्ययन अनुसन्धान गरी विभिन्न सम्वर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष राष्ट्र बन्नु पर्ने भए सरकारलाई सिफारिस गर्ने, विश्वव्यापी आवधिक प्रतिवेदन तयारीमा सहयोग र सहकार्य गर्ने, नागरिक समाज, मानव अधिकारकर्मीहरूसंग काम गर्नेजस्ता अधिकार तथा कर्तव्यहरु तोकिएका छन् । मानव अधिकार आयोग, महिला आयोग र दलित आयोग यस अगाडिदेखि नै विभिन्न हैसियतमा कार्यरत छन् । मुस्लिम र आदिवासीका विषयमा फरक ढाँचाबाट कार्य भइरहेको थियो । तर समावेशी, थारु, मधेशी आयोगहरु भने संविधानको विल्कुलै नयाँ रचनाभित्र पर्दछन । यी आयोगहरूलाई प्रभावकारी रूपमा काम गर्ने वातावरण मिलाउन सकिएमा आगामी दिनहरूमा मानव अधिकार संस्कृतिको विकास गर्न सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् ।

### ४.१.४ आवधिक प्रतिवेदन तयारीका लागि भएका प्रयासहरू

नेपाल संयुक्त राष्ट्रसङ्घीय नयाँ संरचना अन्तर्गत दुई पटक मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षामा संलग्न भई सकेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मानव अधिकार महाशाखाको स्थापना गरी आवधिक प्रतिवेदन तयारीको लागि रणनीतिक योजनाहरु तयार गर्ने, नेपाल सरकारका सबै मन्त्रालयहरूसँग समन्वय गर्ने, मानव अधिकार आयोग, **विकास साझेदारहरू र नागरिक समाजसँग सहकार्य गर्ने, त्यसको लागि विभिन्न चरणमा छलफल** तथा अर्न्तक्रियाहरु सञ्चालन गर्ने, विशेषज्ञ समिति गठन गरी प्रतिवेदन तयार गर्ने, विभिन्न चरणमा हुने आवधिक प्रतिवेदन प्रस्तुति र छलफलमा भाग लिने, विभिन्न देशका सुझावहरु ग्रहण गर्ने र सुझाव कार्यान्वयनको लागि अल्पकालीन तथा मध्यकालीन मानव अधिकार कार्ययोजना तयार गरी लागु गर्ने,[४] योजना बमोजिम विकास प्रक्रियामा मानव अधिकारमुखी विकास पद्धति संलग्न गर्ने, सुरक्षा लगायतका विभिन्न क्षेत्रमा मानव अधिकार पाठ्यक्रम समावेश गर्ने र सुझाव कार्यान्यवको लागि रणनीतिहरु तयार पारी लागु गर्ने जस्ता कार्यहरु गर्दै आएको छ ।

### ४.१.५ सङ्क्रमणकालीन न्याय

नेपालमा वि.सं. २०५२ देखि २०६३ सालसम्म चलेको आन्तरिक सशस्त्र द्वन्द्वका सन्दर्भमा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लङ्घनबाट पीडित व्यक्तिहरूको न्यायको लागि विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम नेपाल सरकारद्वारा २०७१ माघ २७ गते सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग गठन भई हाल पनि कार्यरत छन् । ती दुवै आयोगको कार्यकाल समाप्त भएकोले नयाँ कार्यकालको लागि सरकारले आयुक्तहरूको नियुक्तिको प्रक्रिया अगाडि बढाइसकेको छ । दुवै आयागेहरूको उद्देश्य नेपालको अन्तरिम संविधान, २०६३ र बिस्तृत शान्ति सम्झौताको मर्म

---

४. हालसम्म ५ वटा तीन बर्षीय कार्ययोजनाहरु तयार गरी लागु भइसकेका छन । पहिलो कार्ययोजना २००५ देखि २००८, दोश्रो २००८ देखि २०११, तेश्रो २०११ देखि २०१४, चौथो २०१४ देखि २०१७ र पाँचौ २०१७ देखि २०२०

र भावनालाई आत्मसात गरी राज्यपक्ष र तत्कालीन माओवादी बीच भएको सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भिर उल्लङ्घन, बेपत्ता तथा मानवता विरूद्धको अपराध (बेपत्ता पार्ने, गैर न्यायिक हत्या, अपहरण तथा शरीर बन्धक, अङ्ग भङ्ग वा अपाङ्ग बनाउने, यातना, बलात्कार तथा यौनजन्य हिंसा, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी, घरबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन वा अन्य कुनै प्रकारका मानव अधिकार वा मानवीय कानून विपरितका कार्यहरु) सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविकता जनसमक्ष ल्याउने, मेलमिलापको आधारमा दिगो शान्ति स्थापना गर्ने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने, पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने जस्ता कार्यादेशहरु दिइएको छ ।

उक्त कार्यादेशमा ऐनले अधिकार सङ्कुचित गरेको, आम माफीको व्यवस्था राखिएको जस्ता विषयहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूले उठान गरेकोले मानव अधिकार सम्बन्धी उच्चायुक्तको कार्यालयले विशेष नोटनै जारी गरेको छ । सर्वोच्च अदालतले सरकारको नाममा ऐन संशोधन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन निर्देशन जारी गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले पनि यस विषयमा सरकारलाई पटक–पटक सचेत गराएको छ । तर हालसम्म पनि उक्त ऐन सरोकारवालाहरूको मागलाई सम्बोधन गर्ने गरी संशोधन भएको छैन । ऐनमा रहेका समस्या, आयोगमा भएको नियुक्ति प्रक्रिया र आयुक्तहरूको रवैया तथा आन्तरिक कलह आदिका कारण दुवै आयोग आफ्नो जिम्मेवारीमा सफल हुन सकेनन् । आयोगहरूले करिव ६३,००० उजुरीहरु ग्रहण गरेतापनि ४ बर्षको अवधिमा अनुसन्धान हुन सकेन । दातृ निकाय, संयुक्त राष्ट्रसङ्घ, सरकार, राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारसँग सम्बन्धित सङ्घ संस्थाहरु, नागरिक समाज, मानव अधिकारकर्मी तथा पीडितको विश्वास समेत जित्न सकेनन् ।

यति हुँदाहुँदै पनि सरकारले दुई वटा आयोगको गठन गर्नु, संविधान तथा कानूनमा सङ्क्रमणकालीन न्याय मार्फत दिगो शान्ति स्थापना गर्ने प्रयास गर्नु आफैंमा ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ । आयोगहरूले आगामी दिनहरूमा बिगतका कमी कमजोरीहरूलाई हटाई आफ्नो लक्ष्यमा सफल हुने विश्वास सरोकावालाहरूले गरेका छन् । सफलताको लागि न्यूनतम रूपमा निम्न कार्य हुन आवश्यक देखिन्छः

क) विस्तृत शान्ति सम्झौता, नेपालको संविधान, सङ्क्रमणकालीन न्यायसम्बन्धी नेपालको कानून, मानव अधिकार तथा मानवीय कानून सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास बमोजिम सङ्क्रमणकालीन न्यायको क्षेत्रमा एउटा नयाँ मोडलको विकास गरी नेपालको मौलिक विशेषतामा आधारित न्यायको पद्धतिको विकास गर्दै द्रुत गतिमा समस्याको समाधान गर्ने र संसारलाई नेपालको सङ्क्रमणकालीन न्यायको विधिशास्त्रका बारेमा अवगत गराउन सक्ने वातावरणको निर्माण गर्ने,

ख) सर्वोच्च अदालतको फैसला, राष्ट्रिय मानव अधिकार आयोगको सुझाव तथा सिफारिस र संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयको नोट तथा अर्न्तराष्ट्रिय मापदण्ड बमोजिम ऐन संशोधन गरी दुवै आयोगको तत्काल पुर्नगठन गर्ने र सोको लागि पूर्ण अधिकार सहित विश्वासयुक्त पदाधिकारीहरूको छनौट पारदर्शीरूपमा गर्ने,

ग) आयुक्तहरु नियुक्ति गर्दा मानव अधिकारसँग सम्बन्धित प्रमुख निकायहरूसँग काम गरिसकेका र त्यस्ता निकायहरूमा रहेर काम गर्दा पीडितमुखी न्याय सम्पादनमा अत्यन्तै जिम्मेवार भूमिका निर्वाह गरेका सम्पूर्ण सरोकारवालाहरूबाट सर्व स्वीकार्य व्यक्ति हुन सक्ने र उनीहरूको विश्वास सजिलै जित्न सक्ने व्यक्तिहरूको छनौट गर्ने,

घ) विस्तृत शान्ति सम्झौता, संविधान र सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कानूनको मर्म र भावना अनुरूप हालसम्म भएका कामहरूको पुनरावलोकन गर्ने र बाँकी रहेका कामहरूको बिस्तृत विवरण तयार गरी पदाधिकारीहरु बीच क्षमताका आधारमा कामको बाँफाँटको व्यवस्था मिलाउने,

ङ) राष्ट्रिय मानव अधिकार आयोग, राजनैतिक नेतृत्व, पीडित तथा सरोकारवाला र अन्तर्राष्ट्रिय दातृ निकायहरु, संयुक्त राष्ट्रसङ्घीय निकायहरु तथा अन्य सरोकारवालाहरूलाई विश्वासमा लिँदै सहकार्य गर्ने,

च) सत्य उद्घाटन गर्दै, पीडितमुखि न्यायको लागि योजनावद्ध रूपमा काम गर्ने,

छ) साप्ताहिक कार्यसूची तयार गरी हरेक शुक्रवार समीक्षा गर्ने र पृष्ठपोषण दिने व्यवस्था मिलाउने,

ज) कतिपय गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान गर्न राष्ट्रिय मानव अधिकार आयोग, फरेन्सीक विज्ञ, सञ्चार जगत र अन्य सङ्घ संस्था तथा व्यक्तिहरूलाई व्यापक रूपमा समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने आदि ।

### ४.१.६ फौजदारी न्याय प्रणाली र दण्डहीनता

अपराध र मानव अधिकारको उल्लङ्घन एउटै विषय होइनन् । फौजदारी कानूनले सजाय गर्नुपर्ने र पीडितलाई न्याय दिलाउनु पर्ने अपराधमा विभिन्न कारणले अपराधीले उन्मुक्ति पाउने र पीडितले न्याय नपाउने वातावरणको सिर्जना हुनु दण्डहीनताको अवस्था हो । दण्डहीनता मानव अधिकारको चासोको विषय हो । कानूनी राज्यको स्थापना गर्न दण्डहीनताको अन्त्य हुनु अपरिहार्य छ, त्यसको लागि सफल फौजदारी न्याय प्रणाली र सक्षम तथा जवाफदेही संस्थाहरूको आवश्यकता पर्दछ । बलियो र भरपर्दो अनुसन्धान पद्धति, सक्षम नेतृत्व, भ्रष्ट्राचार मुक्त न्याय प्रणाली, कुशल अभियोजनकर्ता र पर्याप्त साधन श्रोतबिना न्यायप्रणाली सफल हुन सक्दैन । थुप्रै समस्याहरूका बावजुद प्रहरी संगठनमा मानव अधिकार तालिमको व्यवस्था, प्रहरी मेरो साथी र मुस्कान सहितको सेवा, अन्तर्राष्ट्रिय भ्रमण तथा तालिम, आधुनिक साधन र श्रोतको बढोत्तरी जस्ता विषयहरूमा सरकारले ध्यान केन्द्रित गर्ने सकारात्मक प्रयास गरेको छ । त्यसैगरी अभियायेजनकर्ताको क्षमता विकास, आधुनिक न्याय प्रणाली र सक्षम न्यायिक नेतृत्वका लागि पनि प्रयासहरु भएका छन् ।

यति हुँदा हुँदै पनि भ्रष्ट्राचार सर्वत्र व्याप्त रहेको, नियुक्ति प्रक्रिया अपारदर्शी भएको, नातावाद, कृपावाद र धनवाद हावी हुँदै गएको, न्याय खर्चिलो र पहुँच विहीन हुँदै गएको, जवाफदेहीता कमजोर हुँदै गएको कारणले दण्डहीनता मौलाउदै जाने कार्य नरोकिएको गुनासा सङ्घ र प्रदेश सबै स्थानहरूमा गरिएका कार्यक्रमहरूबाट आएका छन् । ती गुनासाहरूलाई तत्काल सम्बोधन गर्न आवश्यक छ ।

### ४.१.७ अन्तर्राष्ट्रिय सन्धिको पक्ष राष्ट्र बन्ने सम्बन्धमा

यातना सम्बन्धी अन्तर्राष्ट्रिय समितिको प्रतिवेदनको अध्ययन गरी सम्भाव्यता पहिचान गर्ने, उक्त सन्धिको इच्छाधीन आलेखको पक्ष राष्ट्र बन्ने र अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने रोम विधानको पक्ष राष्ट्र बन्नुपर्ने जस्ता सुझावहरु साइप्रस, न्युजिल्याण्ड, चेक गणतन्त्र र पनामाले दिएका थिए । नेपाल सरकारले दुवै सम्भावनाहरूको अध्ययन गर्ने प्रतिबद्धता जनाएको थियो भने यातना बिरूद्धको महासन्धिको इच्छाधीन आलेखको निम्ति एउटा अध्ययन समिति बनाउने र रोम बिधानमा हस्ताक्षरको लागि प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता भएपनि हालसम्म प्रगति देखा परेको छैन ।

### ४.१.८ विगतका मानव अधिकार उल्लङ्घनप्रतिको जवाफदेहिता

त्यसै गरी लिङ्गको आधारमा हुने हिंसा र यौनजन्य हिंसाका सम्बन्धमा पनि अन्तर्राष्ट्रिय चासोहरू प्रकट भएका थिए । यस सम्बन्धमा चेक गणतन्त्र, आयरल्याण्ड, कोरिया र बेल्जियमले प्रश्नहरू उठाएका थिए । उनीहरूले लिङ्गको आधारमा हुने हिंसा र यौनजन्य हिंसालाई प्रभावकारी संयन्त्र बनाई हिंसा बिरूद्धका अधिकारहरूको संरक्षण गर्नुपर्ने, यस किसिमका घटनाको प्रभावकारी अनुसन्धान गर्नुपर्ने, जबरजस्ती करणी सम्बन्धी अपराधलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुकुलको कानून बनाउनु पर्ने, जबरजस्ती करणी सम्बन्धी अपराधमा ३५ दिनको हदम्याद हटाउनुपर्ने, लैङ्गिक हिंसा जस्ता अपराधलाई सम्बोधन गर्न प्रभावकारी कार्ययोजना बनाई लागु गर्नुपर्ने, द्वन्द्वकालमा भएका जबरजस्ती करणीसम्बन्धी अपराधलाई सम्बोधन गर्ने व्यवस्था गर्नुपर्ने र जबरजस्ती करणीको परिभाषा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको मापदण्ड अनुकूल बनाउनु पर्ने आदि सुझावहरू प्रस्तुत गरेका थिए ।

तर उल्लिखित सुझाव कार्यान्वयन सम्बन्धमा मुलुकी फौजदारी संहितामा हदम्याद बढाएर एक बर्ष बनाइएको भएपनि सशस्त्र द्वन्द्वकालका घटनालाई भने अझै समेटिएको छैन । यस अर्थमा यस विषयमा हालसम्म खासै प्रगति भएको मान्न सकिने अवस्था देखिँदैन । सर्वोच्च अदालतको फैसला बमोजिम हदम्याद सम्बन्धमा पुर्नविचार गरी कानून संशोधन गर्न सन् २००६ मा भएको आदेश[५] समेत कार्यान्वयन भएको छैन ।

मानव अधिकार परिषदको २३ नोभेम्बर २०१५ को प्रतिवेदनले नेपालमा मानव अधिकारको कार्यान्वयनको संरचना फितलो भएको र गम्भीर असर गर्ने खालका सामाजिक कुरीतिहरूका साथै मानव अधिकारको कार्यान्वयनको लागि पर्याप्त इच्छाशक्तिमा प्रश्न उठाएको छ । तर यूपीआरका सिफारिस, मानव अधिकार सम्बन्धी सन्धिजनित समितिका सिफारिसहरूको कार्यान्वयन र राष्ट्रिय मानव अधिकार आयोगका विभिन्न समयमा भएका सिफारिसहरू कार्यान्वयन नभएको कुराले मानव अधिकारको कार्यान्वयनमा राज्यको मानव अधिकारप्रतिको प्रतिवद्धतामा व्यापक प्रश्नहरू उठेका छन । यूपीआरको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले समेत आफ्ना सुझावहरू नेपाल सरकारलाई १५

५. सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय समेत, रिट नं. ३६६१

फेब्रुअरी २०१५ मा बुझाएको थियो । जसमा यातना विरुद्धको महासन्धिको इच्छाधीन आलेखको पक्ष राष्ट्र बन्ने, रोम विधानको पक्ष राष्ट्र बन्ने, आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी सन्धिको पक्ष राष्ट्र बन्ने, जवर्जस्ती बेपत्ता पार्ने बिरुद्धको महासन्धिको पक्ष राष्ट्र बन्ने, सत्य निरुपणसम्बन्धी ऐनको संशोधन गर्ने जस्ता सुझावहरु समेत दिएको थियो ।[६] तर यी क्षेत्रहरूमा खासै प्रगति भएको छैन ।

नेपालले मध्यावधि प्रतिवेदन तयार पार्न सकेन भने आएका सिफारिसहरूमा पनि खासै प्रगति हुन सकेको छैन । तर पनि ती सिफारिसहरूको कार्यान्वयनको लागि राज्यले पुनरावलोकन र रणनीति तयार गरि लागु गर्ने प्रयास गरिरहनु सकारात्मक पक्ष हो ।

## ४.२. संसद्को तर्फबाट

नेपालको संविधानको धारा ५७ ले सबै तहका विधायिकाहरूलाई आ–आफ्नो क्षेत्राधिकारभित्र रहेर कानून बनाउने अधिकार दिएको छ । संसद्ीय प्रणालीमा कानून बनाउने मात्र नभएर सरकारको गठन तथा विघटन गर्ने समेतको अधिकार संसद्मा निहित छ । तीनवटै तहका संसद्हरूले कानून बनाउने क्रममा तीव्रताकासाथ काम गरिरहेका छन् ।

सङ्घीय संसद्ले संविधान कार्यान्वयनको लागि आवश्यक कानूनहरु प्राथामिकताका आधारमा निर्माण गर्दै आएको छ । यस क्रममा मौलिक हकको कार्यान्वयनको लागि १६ वटा कानूनहरु पारित गरी लागु भइसकेका छन् । त्यस बाहेक पनि फौजदारी, देवानी तथा अपराध संहिता पारित भई लागु भएका छन् । संविधानसँग बाझिएका कानूनहरु खारेज तथा संशोधन गर्ने लगायतका महत्वपूर्ण कामहरु भएका छन् ।

त्यसै गरी प्रदेश संसद्हरूले पनि आफ्नो क्षेत्राधिकारभित्रका विषयमा कानून निर्माण गरी कार्यान्वयनको क्रममा छन् । स्थानीय व्यवस्थापिकाहरूले समेत कानून बनाई लागु गरेका छन् । मौलिक हकसँग सम्बन्धित विषय सङ्घको क्षेत्राधिकारभित्र पर्ने भएकोले यससँग सम्बन्धित कानूनहरु सङ्घीय संसद्बाट

६. http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_Nepal_UPR_Process_Recommendations_Adoption_Human_Rights_Council_16Mar2015.pdf

नै पारित हुने गरेका छन् । कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय सभाले पनि मानव अधिकारमैत्री कानून तर्जुमा गर्न शुरूवात गरेका छन् भने सबै तहका सभाहरूले कानून निर्माण गर्दा मानव अधिकारमैत्री कानून निर्माण गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन संसद्मा छलफलको विषय बन्न थालेको छ । जुन अत्यन्तै सराकात्मक पक्ष हो । त्यसैगरी संसद् मा मानव अधिकार समितिको व्यवस्था गरी उक्त समितिमा मानव अधिकारका विषयहरु माथि छलफल गरी सरकारलाई मानव अधिकारको सम्मान, संरक्षण र प्रर्वद्धनको लागि सल्लाह, सुझाव दिने, आवश्यक कदमको लागि दवाव दिने जस्ता कार्यहरु भएका छन् । दण्ड प्रणालीमा सुधारको लागि कानूनी व्यवस्था गर्ने, संवैधानिक नियुक्तिहरूमा संसद्ीय सुनुवाई गर्ने जस्ता महत्वपूर्ण कार्यहरु हुने गरेका छन् ।

## ४.३ न्यायलयबाट

मानव अधिकार तथा मौलिक हकको प्रचलनको लागि न्यायालयको भूमिका महत्वपूर्ण मान्न सकिन्छ । खासगरी नेपाल अधिराज्यको संविधान, २०४७ यता मौलिक हकको व्याख्या गर्ने, कार्यपालिकाबाट भएका कमीकमजोरीहरु सच्याउने र व्यक्तिको मौलिक हक तथा मानव अधिकारको प्रत्याभूतिको लागि सरकारलाई विभिन्न आदेश दिने लगायतका कामहरु भएका छन् । सो सन्दर्भमा कानूनको व्याख्या गर्ने, विभिन्न विषयहरूमा नजीर स्थापित गर्ने, सरकारबाट भए गरेका कानूनको शासन विरूद्धका कामहरूमा नियन्त्रण गर्ने, आवश्यक कानून निर्माण वा सन्धिको पक्ष राष्ट्र बन्नको लागि निर्देशनात्मक आदेश जारी गर्ने र दण्डहीनताको अन्त्य र राजनैतिक आम माफी दिने संस्कारको अन्त्यको लागि विभिन्न प्रयासहरु भएका छन् ।

खासगरी व्यक्तिको मौलिक हक र मानव अधिकारको रक्षाको निम्ति अदालतले निकै प्रसंशायोग्य कामहरु गरेको छ । जसले, मानव अधिकारको सम्मान तथा संरक्षण र कानूनको शासन स्थापना गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यस सन्दर्भमा सर्वोच्च अदालतले समानताको हक, सम्पत्तिसम्बन्धी अधिकार, प्रजनन तथा प्रजनन स्वास्थ्यको हक, नागरिकतासम्बन्धी अधिकार, समावेशीकरण, छुवाछुत तथा जातीय विभेदलाई अन्त्य गर्ने र अपराधीकरण

गर्ने, बृद्धबृद्धाहरूको अधिकारको संरक्षण गर्ने; शिक्षा, स्वास्थ्य, रोजगारीको हकको प्रचलन, निर्वाचनसँग सम्बन्धित घटनाको छानबिन गर्ने द्वन्द्वकालमा घटेका मानव अधिकारको उल्लङ्घनका घटनाहरूको निष्पक्ष तथा स्वतन्त्र छानबिन गर्ने लगायतका विषयहरूमा सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ ।[७]

अदालतले विवादमा रहेका विषयहरु किनारा लगाउने, पीडितलाई न्याय र पीडकलाई कारवाही गर्ने तथा राज्यका निकायहरूलाई जवाफदेही बनाउने सम्बन्धमा अत्यन्तै महत्वपूर्ण भूमिका खेल्ने गरेको छ । यसै सन्दर्भमा विभिन्न नीति तथा योजनाहरु बनाई पछाडि पारिएका जात, जाति वर्ग, क्षेत्र, लिङ्गलाई समावेशीकरणको निम्ति विभिन्न आदेशहरु जारी गर्ने, रोजगारीमा कोटा प्रणालीका व्याख्या गर्ने र निर्देशनात्मक आदेश जारी गर्ने लगायतका मानव अधिकार संरक्षणका कार्यहरु गर्ने गरेको छ ।

यति हुँदाहुँदै पनि न्यायिक सक्रियता पर्याप्त नभएको, न्यायाधीश नियुक्ति प्रक्रिया पारदर्शी नभएको, न्यायलयमा भ्रष्ट्राचार व्याप्त रहेको, जवाफदेही प्रणाली फितलो रहेको, न्याय खर्चिलो भएको, न्यायमा सर्वसाधारणको पहुँच स्थापित हुन नसकेको, नजीरहरु बाभिने गरेको, व्यक्तिगत स्वार्थका आधारमा फैसलाहरु हुने गरेको, कार्यविधि अत्यन्तै भन्भटिलो भएको, दक्ष र पर्याप्त जनशक्तिको अभाव रहेको जस्ता आरोपहरु भने न्यायलयले खेप्ने गरेको छ ।

## ४.४. राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

मानव अधिकार आयोग ऐन, २०५३ को आधारमा २०५७ जेठ १३ गते स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले १९ बर्ष पूरा गरेको छ । मानव अधिकार आयोगले विभिन्न कालखण्डहरूमा देखा परेका चुनौतीहरूका बावजुद मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि निरन्तर लागि परेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले यसलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेकोमा नेपालको संविधानले पनि त्यसलाई निरन्तरता दिएको छ । हाल यो आयोग बाहेक पनि अन्य आयोगहरूको शीर्षक अन्तर्गत मानव अधिकारको

---

७. http://202.45.147.21:8080/jspui/bitstream/123456789/385/1/Shashi%20Kumari%20Adhikari%20Raut.pdf PP- 410-415

संरक्षण र सम्वर्द्धनको लागि माथिका परिच्छेदहरूमा उल्लेख गरिएबमोजिमका सातवटा आयोगहरु स्थापना भएका छन । ती आयोगहरूलाई अनुसन्धान गर्ने र मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सूची सार्वजनिक गर्ने जस्ता महत्वपूर्ण अधिकारहरु दिईएको छैन ।

नेपालको संविधानको धारा २४८ र २४९ मा भएका व्यवस्था र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को कार्यादेशको अधीनमा रही मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धनको लागि आफ्ना कार्यालयहरु र नागरिक समाजसँगको सहकार्यमा देशैभरी आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आएको छ । मानव अधिकारको संरक्षण अन्तर्गत मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन तथा अनुसन्धान गर्ने र पीडितलाई न्याय तथा पीडकलाई कारवाहीको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने, मानव अधिकारको अवस्थाको बारेमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, कारागार तथा थुनुवा केन्द्रहरूको अनुगमन गर्ने, प्राकृतिक प्रकोप, द्वन्द्व वा आन्दोलनको अनुगमन गर्ने, विकास कार्य वा सरकारले सञ्चालन गरेका विभिन्न कार्यत्रमहरूको प्रभावकारिताको (खोप तथा अन्य स्वास्थ्य अभियान, शिक्षा अभियान, निर्वाचन, विभिन्न किसिमका आन्दोलन आदि) अनुगमन गरी सम्बन्धित निकायलाई सिफारिस गर्ने जस्ता कामहरु गर्दै आएको छ ।

त्यसैगरी विभिन्न प्रकाशनहरु मार्फत मानव अधिकार शिक्षा सञ्चालन गर्ने, तालिम, गोष्ठि, सेमिनार सञ्चालन गर्ने, सुरक्षा निकायका अधिकारी, राजनैतिक दल, मानव अधिकारकर्मी, पत्रकार लगायतका अभियन्ताहरूको क्षमता विस्तार गर्ने, मानव अधिकारको प्रचार–प्रसार गर्ने, अन्य आयोगहरूसँग (सत्य निरूपण, बेपत्ता, महिला, दलित, समावेशी, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु) सहकार्य गर्दै उनिहरूको क्षमता विकासमा सहयोग गर्ने, विकास प्रक्रियामा मानव अधिकारमुखी पद्धति अपनाउन सल्लाह सुझाव र दवाव सिर्जना गर्ने, कानूनको शासन स्थापित गर्नको लागि विभिन्न कार्यत्रमहरु सञ्चालन गर्ने जस्ता कार्यहरु गर्ने गरेको छ । त्यसबाहेक मानव अधिकार शिक्षा विद्यालय तथा विश्वविद्यालयस्तरमा सञ्चालन गर्नको लागि सुझाव दिने र सोको लागि आवश्यक सहयोग गर्ने, सुरक्षा निकाय वा सरकारी निकायका अधिकारीहरूको तालिमको लागि मानव अधिकार सम्बन्धी पाठ्यक्रम समावेश गर्न सल्लाह दिने, मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य

गरी मानव अधिकारको सम्मान र सम्वर्द्धनको लागि आवश्यक सञ्जाल स्थापना गर्ने र जानकारी आदान-प्रदान गर्ने तथा सहयोग लिनेदिने सम्मका गतिविधिहरु सञ्चालन भएका छन ।

त्यस बाहेक, बनेका कानूनहरु मानव अधिकारमैत्री भए नभएको अध्ययन तथा पुनरावलोकन गर्ने, नयाँ बन्ने कानूनहरु मानव अधिकारमैत्री बन्नु पर्ने कुरामा सम्बन्धित निकायलाई सल्लाह तथा सुझाव दिने र आवश्यकताका आधारमा बिषेशज्ञ सेवा समेत दिने, मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहको अध्ययन गरी पक्ष राष्ट्र बन्नुपर्ने भएमा नेपाल सरकारलाई सल्लाह तथा सुझावहरु दिने, मानव अधिकारको विश्वव्यापी आवधिक प्रतिवेदनमा सरकारलाई सहयोग गर्ने, आफै पनि प्रतिवेदन तयार गरी परिषद्मा भाग लिने, छायाँ प्रतिवेदन तयारीमा गैससहरूलाई आवश्यक सहयोग गर्ने तथा सन्धिजनित समितिका सिफारिसहरूको कार्यान्वयनमा सरकारलाई सुझाव दिने जस्ता कामहरु गरी मानव अधिकारको सम्मान,संरक्षण, संवर्द्धन र परिपूर्तिको निम्ति पेरिस सिद्धान्त तथा मानव अधिकारका मान्य मूल्य मान्यताका आधारमा आफ्नो दायित्व निर्वाह गर्ने गरेको छ ।

उल्लिखित अवस्थामा पनि मानव अधिकार उल्लङ्घन एवं दुरूत्साहनका उजूरीस्मा आयोगले हालसम्म ८५६ सिफारिस[८] गरेकोमा पूर्ण र आंशिक गरेर जोड्ने हो भने कार्यान्वनको प्रतिशत ६०.८ रहेको छ । त्यसमध्येमा पनि पूर्ण कार्यान्वयनको अवस्था १२.५ प्रतिशत मात्र देखिन्छ । यसरी हेर्दा मानव अधिकार आयोगको सिफारिसहरु कार्यान्वयन गर्ने जिम्मेवारीमा सरकार चुकेको देखिन्छ ।

८. वेद भट्टराई  र श्यामबाबु काफ्ले, मानव अधिकार संवाहक, अङ्क ७, राष्ट्रिय मानव अधिकार आयोग, पृ. १४४

परिच्छेद ५

# कार्यान्वयनको अवस्था र चुनौती

## ५.१ कार्यान्वयनको अवस्था

मानव अधिकारको दृष्टिले नेपालको संविधान २०७२ अन्यन्तै प्रगतिशील र उदार मानिन्छ । संविधानका ३१ वटा धाराहरुमा मौलिक हकको व्यवस्था गरिएको छ । त्यसको संरक्षण र सम्वर्द्धनको लागि स्वतन्त्र र सक्षम न्यायलय, राष्ट्रिय मानव अधिकार आयोग जस्ता शक्तिशाली संवैधानिक अङ्गका साथै अन्य अधिकारमुखी संवैधानिक आयोगहरु (राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेशी आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग र समावेशी आयोग) को व्यवस्था गरिएको छ । हालसम्म नेपाल मानव अधिकार सम्बन्धी विभिन्न ४१ वटा महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको पक्ष राष्ट्र बनिसकेको छ । मानव अधिकारको परिपालना गर्ने प्रतिबद्धता अनुरुप त्यसलाई सम्बोधन गर्न नीति तथा कानून, संरचना, रणनीति, कार्ययोजना समेत निर्माण गरेको छ । मानव अधिकारको क्षेत्रको विस्तारसँगै सर्वसाधारणमा समेत आफनो अधिकारप्रतिको जागरुकता र चासो बढ्दै गैरहेको छ । यस परिप्रेक्ष्यबाट हेर्दा संसारका अधिकांश मुलुकको तुलनामा हामिकहाँ मानव अधिकारप्रतिको प्रतिबद्धता र कार्यान्वयनप्रतिको राज्यको दृष्टिकोण सकारात्मक देखिन्छ । अतः फरक फरक पाटाका अधिकारहरुको कार्यान्वयनको सम्बन्धमा भएका केही विवरणहरु तत्तत् शीर्षकमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

### ५.१.१ नागरिक तथा राजनीतिक अधिकारको सम्बन्धमा

नागरिक तथा राजनीतिक अधिकारको कार्यान्वयन सम्बन्धमा संवैधानिक, कानूनी र संरचनागत व्यवस्थाहरु गरिएका छन् । संविधानको मौलिक हकमा समानता, स्वतन्त्रता, फौजदारी न्याय, यातना विरुद्धको अधिकार, जीवनको अधिकार (सम्मानपूर्वक बाँच्न पाउने), लैङ्गिक तथा जातीय भेदभाव विरुद्धको अधिकार, सञ्चारको हक, अपराध पीडितको हक, निवारक नजरबन्द विरुद्धको

हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक र शोषण विरूद्धको हक जस्ता हकहरु मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । संवैधानिक उपचारको हकको सम्बन्धमा सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र अन्तर्गत र उच्च अदालतलाई समेत मौलिक हकको उपचारको निम्ति विशेष अधिकार दिइएको छ । स्वतन्त्र र सक्षम न्यायलयबाट यी अधिकारहरूको प्रचलनको व्यवस्था गरी मौलिक हक तथा मानव अधिकार प्रत्याभूतिको लागि मार्ग प्रशस्त गरिएको छ ।

फौजदारी तथा अपराध संहिता लगायतका अन्य कानूनहरुमा पनि अधिकारको संरक्षणको लागि व्यवस्था गरिएको छ । अदालतबाट झण्डै सबै अधिकारको सम्बन्धमा व्याख्या भई अधिकार प्रत्याभूतिको लागि समय समयमा सरकारको नाउँमा निर्देशनात्मक आदेशहरु जारी भएका छन । यसरी हेर्दा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ देखि २२ सम्म र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ का अधिकांश अधिकारहरु समेटने प्रयास गरिएको छ । तर प्रतिबन्धात्मक बाक्यांशहरु भने अन्तर्राष्ट्रिय मापदण्ड भन्दा बढी राखिएका छन् । यी अधिकारको लागि आवश्यक कानूनहरु निर्माण हुने वा संशोधन हुने क्रम जारी छ भने कार्यान्वयनको लागि संस्थागत रुपमा समेत व्यवस्था गरिएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग, अन्य अधिकारमुखी आयोगहरु, विकास साझेदारहरु, संयुक्त राष्ट्रसङ्घीय निकायहरु, मानव अधिकार क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरु, मानव अधिकारकर्मी, नागरिक समाज, पेशागत सङ्घ, सङ्गठनहरु, मानव अधिकार रक्षक, सञ्चारजगत तथा आम समुदायबाट समेत नागरिक तथा राजनैतिक अधिकारको कार्यान्वयनको लागि आवश्यक सहयोग तथा दवाव निरन्तर जारी छ । त्यसैगरी सुरक्षा निकायका तालिममा मानव अधिकारको पाठ्यक्रम समावेश गरी नागरिक तथा राजनैतिक अधिकार उल्लंघनका घटनाको न्यूनिकरण गर्ने प्रयासहरु भएका छन ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा बुझाउनु पर्ने आवधिक प्रतिवेदनको तयारी तथा कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत स्थापना गरिएको महाशाखाले निरन्तर काम गर्ने गरेको छ । गैससको तर्फबाट मानव अधिकार सन्धि अनुगमन समन्वय समिति लगायतका अन्य सङ्घ संस्थाहरूले नागरिक तथा राजनैतिक अधिकारको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने गरेका छन् । नेपालले विषयगत प्रतिवेदन बाहेक पनि

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धमा प्रतिवेदन बुझाउने, सुझाव ग्रहण गर्ने र कार्यान्वयनको लागि आवधिक योजना तयार गरी लागु गर्ने गरेको छ ।

नागरिक तथा राजनैतिक अधिकारको उल्लङ्घनको सम्बन्धमा कारवाही गर्ने र पीडितलाई न्याय दिने सम्बन्धमा भने स्थिति दयनीय छ । दण्डहीनताको अवस्था विकराल छ भने राजनैतिक आम माफी दिने संस्कारको विकास भएजस्तो आभास हुन्छ । हत्या, आतंक, अपहरण, शरीर बन्धक, बलात्कार, गैर कानूनी थुना, यातना जस्ता घटनाहरु न्यूनिकरण हुन सकेका छैनन् । जातीय छुवाछुत बिरुद्धका अपराध, लैङ्गिक आधारमा हुने हिंसा, बाल अपराध जस्ता घटनाहरुमा उल्लेख्य रूपमा न्यूनिकरण गर्न सरकारले थप प्रभावकारी कार्य गर्नु पर्ने अवस्था कायमै देखिएको छ । सशस्त्र द्वन्द्वकालका घटनाहरुलाई सम्बोधन गर्न बनाइएका बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगहरुको प्रयास जारी रहेपनि ती आयोगहरुले प्रभावकारी परिणाम दिन सकेका छैनन् ।

### ५.१.२ आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयन

मूलतः संविधानमा मौलिक हकको रुपमा आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको व्यवस्था नेपालको अन्तरिम संविधानबाट गर्न थालिएको हो । त्यस अघिका संविधानमा राज्यका निर्देशक नीति तथा सिद्धान्तमा राख्ने प्रचलन थियो । यी अधिकारहरुको कार्यान्वयन नागरिक तथा राजनैतिक अधिकारको तुलनामा कठिन हुन्छ । संविधानमा शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, उपभोक्ताको हक जस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।

संविधानको धारा ४७ बमोजिम यी अधिकारको कार्यान्वयनको लागि आवश्यकता अनुसार राज्यले ३ बर्षभित्र कानून बनाई लागु गर्ने व्यवस्था भए बमोजिम तत्तत् विषयको कार्यान्वयनको लागि कानूनहरु समेत बनि सकेका छन । तर नियमावलीको अभावमा कार्यान्वयनमा आउन भने थप समय लाग्ने देखिएको छ । हाल सरकार ती कानूनहरुको कार्यान्वयनका लागि नियमावली बनाउने प्रक्रियामा छ ।

संविधानका प्रावधानहरु हेर्दा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २३ देखि २७ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा उल्लिखित अधिकांश अधिकारहरु

समेत मौलिक हकको रूपमा समेटने प्रयास गरिएको देखिन्छ । यस अनुबन्धका प्रावधान बमोजिम राज्यले आवधिक रूपमा संयुक्त राष्ट्रसङ्घमा प्रतिवेदन बुझाउने र सुझावहरू ग्रहण गर्ने समेत गरेको छ । कार्यान्वयनको सम्बन्धमा समेत नागरिक तथा राजनैतिक अधिकारको जस्तै सबै निकायहरू क्रियाशील छन ।

यी अधिकारहरू कार्यान्वयनको लागि बनेका कानूनहरू भने बिना तयारी र परामर्श हतारमा ल्याईएकोले सुधारका थुप्रै ठाउँहरू छन् । कतिपय सन्दर्भमा ऐनहरूले अधिकारको व्यवस्था गर्ने भन्दा कटौती गर्ने तर्फ ध्यान दिएको हो कि भन्न सकिने अवस्था देखिन्छ । जसका कारण मौलिक हकलाई कानूनी हकको रूपमा व्यवस्था गर्ने र कानूनी हकले प्रभावकारी व्यवस्था गर्ने भन्दा कटौती मात्र गर्ने हुँदा कार्यान्वयनको मामला अर्थहीन हुन जाने सम्भावना रहेको छ । उदाहरणको लागि रोजगारीसम्बन्धी ऐन, २०७५ ले बरोजगारको सुविधा प्राप्त गर्नको लागि निजको परिवारको कुनै पनि सदस्यले कुनै रोजगार नगरेको वा स्वरोजगार समेतमा संलग्न नभएको हुनु पर्ने व्यवस्था गरेको छ भने बेरोजगार भत्ता दिने सम्बन्धमा न्यूनतम ज्यालाको वार्षिक १०० दिनको आधा बराबरको भत्ता दिने व्यवस्था गरिएको छ । यसरी हेर्दा नेपालमा यो सुविधा पाउनसक्ने व्यक्ति एकजना पनि पाउन नसक्ने देखिन्छ ।

आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको कार्यान्वयन तुलनात्मक रूपमा कम भएको छ तर राज्यको नीति समाजवाद उन्मुख अर्थव्यवस्था तर्फ लक्षित हुनु, विकास कार्य वा राज्यका सबै गतिविधिमा मानव अधिकारमुखी अवधारणा हुनु, सामाजिक सुरक्षा र सामाजिक न्यायको व्यवस्था हुनु, राज्यका सबै निकायबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनमा प्रतिवद्धता जाहेर हुनु, संविधान अनुकूलका कानूनहरू समयमा नै जारी हुनु, अदालतबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्याख्या अन्तरसम्बन्धित हुने गरी गरिनु, मानव अधिकार जगतले आफ्ना गतिविधिहरू यतातर्फ लक्षित गर्नु, राज्यका नीति, योजना तथा कार्यक्रमहरू कल्याणकारी कार्यतर्फ लक्षित हुनु सकारात्मक कदमहरू मान्नु पर्दछ ।

### ५.१.३ समूह विशेषका अधिकार कार्यान्वयन

समूह विशेषको अधिकार सम्बन्धमा तुलनात्मक रूपमा बढि प्रगति भएको पाइन्छ । संविधानको मौलिक हक सम्बन्धी भागमा महिलाको हक (धारा ३८),

बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) को व्यवस्था गरिएको छ । यस बाहेक पनि अन्य जात, जाति, वर्ग, क्षेत्र र लिङ्गलाई समेट्ने प्रयास गरिएको छ । मौलिक हकका अलावा राज्यका निर्देशक नीति तथा सिद्धान्तमा पनि विभिन्न समूहको अधिकारको व्यवस्था गरिएको छ ।

मानव अधिकार तथा मौलिक हकको रूपमा यस किसिमका समुहको अधिकार राख्ने प्रचलन नविनतम् धारणा अन्तर्गत आएको हो । नेपालको संविधानले यस किसिमका नविनतम् अवधारणालाई समेत समेटेर उदाहरणीय काम गरेको छ ।

संविधानमा महिला, दलित, आदिवासी जनजाती, थारु, मधेसी, मुस्लिम लगायत अन्य जातजातीको अधिकारको संरक्षण र सम्वर्द्धनको लागि संवैधानिक आयोगहरूको समेत व्यवस्था गरिएको छ । त्यस्ता आयोगहरूले आ–आफ्नो क्षेत्राधिकार बमोजिम मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा काम गरिरहेका छन् । संविधानमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ भने सकारात्मक विभेद र सकारात्मक प्रयासका व्यवस्थाहरु पनि समेटिएका छन् । यस किसिमको व्यवस्थाका कारण पहिलो संविधानसभामा महिला, दलित, जनजाति र मधेशी समुदायको ऐतिहासिक सहभागिता थियो भने हाल संसद्मासमेत ती समुदायको उल्लेख्य प्रतिनिधित्व छ । निजामति ऐन, सैनिक ऐन, प्रहरी ऐन, शिक्षा ऐन लगायतका कानूनहरूमा संशोधन गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ भने गैसस तथा नीजि क्षेत्रहरूमा समेत प्रतिनिधित्व गराउन थालनी भएको छ ।

जातीय विभेदलाई कानूनले दण्डनीय अपराध मानेको छ भने महिला हिंसा वा लिङ्गको आधारमा हुने सबै प्रकारका हिंसालाई प्रतिबन्ध लगाएको छ । बृद्धबृद्धालाई सम्मान तथा संरक्षण गर्नुपर्ने, बालबालिका संरक्षण र उनीहरूको अधिकारको रक्षाको निम्ति बालबालिकासम्बन्धी अलग्गै कानूनको व्यवस्था गरिएको छ । बाल अधिकार महासन्धि, १९८९; महिला विरूद्धका सबै भेदभाव बिरूद्धको महासन्धि, १९७९; जातीय भेदभाव बिरूद्धको महासन्धि, १९६५ मा भएका मुख्य व्यवस्थाहरु समेटने गरी कानूनहरु निर्माण भएका छन् भने नेपाल यी तीन वटै महासन्धिको पक्ष राष्ट्र समेत हो ।

यति हुँदाहुँदै पनि बाल हत्या, अपहरण, यौन दुराचार, जातीय भेदभाव, छुवाछुत विरूद्धका अपराध, बलात्कार, लैङ्गिक हिंसा, लिङ्ग र जातका आधारमा

हुने विभेदहरु कायम छन् । महिलाका विषयहरूमा हेर्न प्रहरीमा अधिकांश स्थानहरूमा महिला डेस्कको व्यवस्था गर्ने गरिएको छ, बाल इजलासको अभ्यास भएका छन् तर दलित वा अन्य समुदायको हकमा त्यस्तो व्यवस्था छैन ।

### ५.१.४ वातावरण र विकासको अधिकारको कार्यान्वयन

विकास र वातावरणको अधिकार मानव अधिकारको विधिशास्त्रमा अत्यन्तै नवीनतम अवधारणा हो । यसलाई सामान्यतया चौथौ पुस्ताको अधिकार समेत मानिन्छ । चौथो पुस्ताको अधिकार अन्तर्गत न त यी व्यक्तिका अधिकार हुन् न समुदायका ! केवल भावी पुस्ताको अधिकारको रूपमा यस प्रकारका अधिकारलाई पनि समेट्न थालिएको छ । यस अन्तर्गत वंशको अधिकार, प्राकृतिक मरणको अधिकार, विकासको अधिकार, वातावरणको अधिकार, खुला आकाश र खुला समुन्द्रमा सबैको साझा अधिकार जस्ता विषयहरु पर्दछन ।

संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक अन्तर्गत प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति भराइने, वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्ने व्यवस्था मौलिक हकको रूपमा व्यवस्था गरिएको छ ।

अधिकारको कार्यान्वयनको निम्ति राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा विकास नीतिको व्यवस्था गरिएको छ, भने कुनै पनि विकास कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने, विकाससम्बन्धी योजना तर्जुमा गर्दा सहभागितामूलक ढङ्गबाट गर्नु पर्ने, स्थानीय समुदायलाई पर्नसक्ने क्षतिवापत क्षतिपूर्ति दिनुपर्ने, पूर्वाधार निर्माण गर्दा अन्य पक्षलाई ध्यान दिनुपर्ने र योजना तर्जुमा तथा कार्यान्वयन गर्दा मानव अधिकारमुखी ढङ्गबाट गरिनुपर्ने कुरामा सबै क्षेत्रमा गरिएका कार्यक्रमहरूबाट सुझावहरु आएका छन भने सर्वोच्च अदालतबाट समेत वातावरणीय प्रभावका सम्बन्धमा नजीर[९] स्थापित (गोदावरी मार्वल्स) भएका छन् ।

---

९. थप जानकारीको लागि हेर्नुहोस्ः सूर्य प्र. शर्मा ढुङ्गेल वि. गोदावरी मार्वव इण्डष्ट्रिज प्रा.लि. समेत, ने.का.प. २०५२, अंक १, पृ. ११; प्रकाशमणि शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत, ने.का.प. २०५४, अंक ६, पृ. ३९; लोकविक्रम समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ने.का.प. २०५८, पृ. ८२ आदि ।

## ५.२ मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा देखा परेका मुख्य चुनौतीहरू

माथि उल्लिखित अवस्था हुँदा हुदैपनि संवैधानिक प्रावधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्नेमा थुप्रै प्रश्न चिन्हहरू खडा भएका छन । संविधानको धारा ४७ बमोजिम मौलिक हकको कार्यान्वयनको लागि आवश्यकता अनुसार राज्यले तीन वर्षभित्र बनाइ सक्नु पर्ने कानून पर्याप्त छलफल र परामर्श विना द्रुत मार्गबाट २०७५ असोज २ गते जारी भएपनि ती कानूनहरूमा प्रशस्त कमीकमजोरिहरू रहन पुगे ।

संविधानमा उल्लेख गरिएका मौलिक अधिकारहरूमाथि देशको हित रक्षाका लागि आवश्यक परेमा मनासिब (आवश्यकता अनुरूप मात्र) बन्देज लगाउन सकिने भए पनि जारी ऐनहरूमा धेरै बन्देजहरू लगाइएको देखिन्छ । सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता, सामाजिक सु–सम्बन्धमा खलल पार्ने, व्यक्तिलाई गाली बेइज्जती गर्ने, अदालतको अवहेलना गर्ने जस्ता कार्यहरू त्यस्तो बन्देज लगाउन सक्ने आधारहरू हुन् । तर त्यस्ता बन्देज लगाएर राज्यले के गर्न खोजेको हो, त्यतिसम्ममा सीमित हुनुपर्दछ । त्यस्तो बन्देज आवश्यक अवधिका लागि मात्र लगाउन सकिन्छ । अधिकारहरूमाथि बन्देज लगाउने त्यस्तो अधिकारले सम्पूर्ण अधिकारलाई सँधैका लागि खोस्न सक्ने अधिकार भने प्रदान गर्दैन । त्यसैगरी मौलिक हक र मानव अधिकारसँग बाझिने गरी बन्ने कानून र संविधानको संशोधनलाई समेत बन्देज गरिएको छ । यसको उद्देश्य संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारहरू भविष्यमा बन्ने कानूनद्वारा खोस्न नसकियोस् भनेर सुनिश्चित गर्नु हो ।

अर्कोतर्फ मानव अधिकार संस्कृतिको विकासको सट्टा दण्डहीनता तथा राजनैतिक आममाफीको संस्कारगत विकास भएको छ । परिणामस्वरूप कानूनको शासन, राज्यको नागरिकप्रतिको जवाफदेहीतामा समेत समस्या बढ्दै गएका छन । नागरिकहरूबाट पनि सरकारले गरेका अधिकाँश पहलहरूमा साथ दिनुको सट्टा बेवास्ता गर्ने र राज्यका गतिविधिहरूमा असहयोग गर्ने तथा असहिष्णु बन्ने जस्ता गलत संस्कारमा कमी आएको महशुस हुन सकेको छैन । अर्कोतर्फ मानव अधिकार उल्लङ्घनका पीडितले लामो समयसम्म न्याय पाउन सकेका छैनन् । सरकारका अधिकाँश प्रतिबद्धताहरू कागजमा मात्र सीमित देखिएको भन्दै पीडितहरूले प्रश्न उठाइरहेका छन् । सरकारको नागरिक समाज, र मानव अधिकारकर्मीलाई हेर्ने दृष्टिकोण आलोचनात्मक भन्दा बढि नकारात्मक

देखिएको भान भइरहेको छ । यस अवस्थाले संविधान कार्यान्वयनको लागि सहज भन्दा चुनौतीपूर्ण अवस्था आउने संकेतहरु देखिन थालेका छन् । यसबाट संविधानमा भएका मौलिक हकहरूको कार्यान्वयनको लागि मूल रूपमा निम्न चुनौतीहरु रहेको निष्कर्षमा पुग्न सकिन्छः–

क) राजनैतिक नेतृत्व अहिले पनि नागरिकका मौलिकहकहरूको प्रचलनको लागि उदार नदेखिँदा प्रतिबद्धताले मात्र कानूनको शासन स्थापित गर्न नसकिने,

ख) सर्वसाधारणको लागि न्यायमा पहुँच अझपनि अत्यन्तै महङ्गो र दुर्लभ हुदैँ गएको,

ग) स्वास्थ्य र शिक्षामा धनी वर्गको मात्र पहुँच बढ्दै गएको,

घ) विशेषतः आर्थिक, सामाजिक तथा साँकृतिक अधिकारसम्बन्धी मौलिक हकहरूको पूर्ण रूपमा कार्यान्वयन हुनको लागि प्रशस्त स्रोत र साधनको आवश्यकता पर्ने भए पनि त्यस्तो अवस्थाको व्यवस्थापनमा सरकारबाट धेरै मेहनत गर्न बाँकी रहेको सन्दर्भ पनि मौलिक हक कार्यान्वनमा अर्को चुनौती रहेको छ ।

ङ) राज्यका हरेक संयन्त्रहरूमा महिला र पछाडि पारिएका अन्य समूहहरूको समानुपातिक प्रतिनिधित्वका साथै आवासमा पहुँच, निःशुल्क शिक्षा, स्वास्थ्य, सरसफाइ, रोजगारी, सामाजिक सुरक्षा जस्ता आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको तीन वर्षभित्र सुनिश्चितता गर्नुपर्नेमा यस अवधिसम्ममा कानून निर्माण भएपनि त्यस्ता कानूनहरु अपूर्ण रहनु,

च) खास समूहहरूका लागि सकारात्मक विभेदका आधारमा अधिकार प्रदान गर्दा भविष्यमा अन्य त्यस्ता समूहहरु पनि उत्पन्न हुनसक्ने भएकाले त्यसका लागि विशेष उपायहरु आवश्यक पर्न सक्छ भन्ने विषयमा ध्यान केन्द्रीत हुन नसक्नु,

छ) आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको सफल कार्यान्वयनका लागि धेरै नै स्रोत र दक्ष व्यवस्थापन क्षमता आवश्यक पर्दछ । अपर्याप्त साधन श्रोतबाट महत्वकांक्षी अधिकारहरु परिपूर्ति गर्न कठिन हुनाले त्यसको कारण नैराश्यता बढ्नसक्ने अवस्था सिर्जना हुनसक्ने,

ज) मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि संवैधानिक रूपमा दोहोरोपना हुन नदिनेतर्फ स्पष्ट कानुनी व्यवस्था नहुनु,

झ) राज्यका अङ्गहरु तथा त्यसका अवयवहरुमा जवाफदेहीताको अभाव अत्यन्तै चुनौतीपूर्ण बन्दै गएको छ । मानव अधिकारको संरक्षण र सम्वर्द्धन जवाफदेहीता बिना सम्भव नहुने विषय प्रदेशमा सम्पन्न विभिन्न कार्यक्रमहरुमा पनि उठेका थिए ।

ञ) नेपाल सङ्घीय प्रणालीको अभ्यास गर्दैछ । राज्यका विभिन्न अङ्गहरु र सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा स्पष्टता छैन । यस्तो अवस्थामा मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि जवाफदेही निकायको अभावमा स्थिति नाजुक बन्दछ । उदाहरणको लागि प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयले प्रदेशमा भएका घटनाहरुमा आफ्नो अनुकूल काम गर्न सकेका छैनन । किनभने उनिहरुसँग आफ्नो प्रहरी र सुरक्षा निकाय छैनन ।

ट) दण्डहीनता, आम माफीको संस्कार र कानूनी शासनको अभाव हालसम्म पनि मुख्य चुनौतीको रुपमा रहेको छ । फौजदारी न्याय प्रणालीमा आधुनिक साधन, श्रोत र दक्ष जनशक्तिको अभाव छ भने भ्रष्टाचार हरेक क्षेत्रमा गम्भीर समस्याको रुपमा रहेको छ ।

# मौलिक हक कार्यान्वयन र प्रदेश

## ६.१ मौलिक हक कार्यान्वयनमा प्रदेश स्तरमा उठेका सवालहरू

सातवटै प्रदेश र सङ्घमा २०७५ कार्तिक देखि पुस सम्ममा सम्पन्न गरिएका कार्यक्रमहरूबाट मानव अधिकार कार्यान्वयनको अवस्था चित्रण गर्न सकिन्छ । ती सबै कार्यक्रमहरूबाट सकारात्मक प्रशंसा सहित केही सुझावहरूसमेत प्राप्त भएका छन् । कार्यक्रमहरूबाट आएका सकारात्मक तथा सुधार गर्नुपर्ने विषयहरु समग्रमा निम्न लिखित छन्ः

### ६.१.१ सकारात्मक पक्षहरू

- प्रदेशस्तरमा पनि जनसङ्ख्याको आधारमा आरक्षणको सुरुवात भएको,
- जातीय, लैङ्गिक, भाषिक र क्षेत्रीय विभेदहरूको अन्त्यको लागि दरिलो प्रतिवद्धता जाहेर गरिएको,
- मानव अधिकारमैत्री कानून निर्माण गर्ने कुरामा सङ्घ र सबै प्रदेशहरु प्रतिवद्ध रहेको,
- कानून निर्माण तथा विकास प्रक्रियामा समावेशी सिद्धान्तका आधारमा अगाडि बढ्ने प्रतिबद्धता रहेको,
- दण्डहीनता, नातावाद र कृपावादलाई अन्त्य गर्ने प्रतिबद्धता रहेको,
- सरकार, संसद्, राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजले सँगै मिलेर काम गर्ने तथा एकापसमा सहयोग आदान-प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको,
- पञ्चवर्षीय योजना बनाई लागु गर्ने प्रतिबद्धता जाहेर भएको,
- दलित र महिलाहरूको लागि अलग धारा सहित मौलिक हकमा ३१ वटा अधिकारहरु समेटिएको, जुन दक्षिण एशियामा नेपाल एकमात्र देश हो भन्ने कुरा स्वीकार गरिएको ।

### ६.१.२ सुधार गर्नुपर्ने पक्षहरू

- मौलिक हकको विषयमा पर्याप्त जानकारी प्रवाह गर्न नसकिएको, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनमा साधन र श्रोतको अभाव रहेको तथा अपराध अनुसन्धानमा आधुनिक प्रविधि र दक्ष जनशक्तिको अभाव रहेको,
- दण्डहीनता, नातावाद र कृपावाद सबै क्षेत्रमा हावी हुँदै गएको, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन प्रभावकारी नभएकोले पीडितले न्याय पाउन नसकेका,
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगहरु प्रभावकारी हुन नसक्दा सङ्क्रमणकालिन न्याय व्यवस्थापन हुन नसकी पीडितको मानव अधिकार संरक्षणमा कठिनाई रहेको । एउटा आयोगमा झण्डै ६०,००० र अर्कोमा करिब ३००० को संख्यामा रहेका उजुरीहरुको अवस्था के हुने ? जस्ता विषयहरुमा अन्यौलता रहेको,
- मौलिक हकलाई धारा ४७ बमोजिम कानूनी हकमा रुपान्तरण गरिएको, ३ वर्षभित्र बन्ने कानूनमा सरोकारवालाहरुसँग छलफल नगरी अन्तिम अवस्थामा अपूर्ण कानून ल्याईएकोले त्यसको सूधार आवश्यक रहेको,
- मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राज्य प्रभावकारी हुन नसकेको, सरकार स्वयं मानव अधिकारको रक्षक हो भन्ने कुरा व्यवहारमा उतार्न नसकिएको, अन्य अधिकारमुखी आयोगहरुको प्रभावकारितामा शङ्का रहेको,
- राज्यलाई कमजोर बनाएर अधिकार बहाली हुन सक्दैन तर राज्यलाई कसरी बलियो बनाउने भन्ने बिषयमा ध्यान केन्द्रित गर्न नसकिएको, नेपालको शान्ति प्रक्रियाको विधिशास्त्र अन्तर्राष्ट्रिय जगत सामु पस्कन सक्नुपर्ने आवश्यकता रहेको,
- कतिपय कानूनहरु केन्द्रले नबनाएका कारण प्रदेश रोकिनु परेको र प्रदेशले नबनाएका कारण स्थानीय तह रोकिनुपर्ने अवस्था रहेको, केन्द्र/सङ्घबाट नयाँ बनेका कानूनहरु पनि केन्द्रमुखी हुँदै गएका,
- मौलिक हकको चर्चा गर्ने गरिएको तर कर्तव्यको चर्चा कम हुने गरेको, अपराध र मानव अधिकारबीच फरक नछुट्टाई एउटै डालोमा राखेर हेर्ने गरिएको,

- कानून कार्यान्वयन गर्ने निकायप्रति विश्वास दिलाउन नसकिएका कारण राज्य प्रभावकारी हुन नसकेको,
- संविधान र अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिम मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सरकारको भूमिका प्रभावकारी हुन नसकेको, मानव अधिकार अनुगमन प्रणालीको विकास नभएको, जवाफदेहीताको अभाव रहेको र कामहरूमा पारदर्शिता नभएको,
- मानव अधिकारमैत्री कानून निर्माण प्रक्रियामा पर्याप्त ध्यान पुग्न नसकेको,
- वैदेशिक रोजगारलाई समय सापेक्ष कानून निर्माण गरी व्यवस्थित गर्न नसकिएको,
- शिक्षामा समान अवसर र पहुँचको अभाव रहेको, निजी शिक्षाका कारण व्यापक असमानता रहेको,
- पुराना कानूनहरु संशोधन नभइसकेका कारण संविधान र कानूनबीच तालमेल मिलाई काम गर्न कठिनाइ भएको,
- कर्मचारी व्यवस्थापन समयमा नभएका कारण अत्यन्तै सानो जनशक्तिले अत्यधिक भार खेप्नु परेको, दक्ष जनशक्ति केन्द्रमा मात्र भएकोले प्रदेश तथा स्थानीय तहमा विषयगत विज्ञताको अभाव रहेको,
- निर्वाचन अत्यन्तै महङ्गो हुँदै गएकोले दक्ष, कर्मठ र इमान्दार नेता तथा कार्यकर्ता पाखा लाग्दै जाने र त्यसैका कारण भ्रष्टाचार नियन्त्रण हुन नसकेको,
- महिला हिंसा बढ्दै गएको, महिला हिंसा केन्द्रित अपराधहरूमा अनुसन्धान फितलो हुने गरेको,
- मानव अधिकारकर्मी, नागरिक समाज र पत्रकारहरु पनि कतिपय सन्दर्भ र स्थानमा तटस्थ हुन नसकेका,
- सबै जात जाति वर्ग क्षेत्रमा आन्तरिक रूपमा विभेदहरूको अवस्था गम्भीर रहेको, सकारात्मक विभेदको उपायहरु पनि उक्त क्षेत्रका माथिल्लो वर्गको लागि मात्र हुँदै गएको,
- हालसम्म पनि, बाल बिवाह, छाउपडी जस्ता कुप्रथाहरूलाई हटाउन नसकिएको, छुवाछुत विरूद्धको कानून प्रभावकारी रूपमा कार्यान्वयन नभएको ।
- संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउने कुरामा निजी क्षेत्र र राज्यको पर्याप्त ध्यान पुग्न नसकेको,

- कतिपय स्थानमा निजी सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्ति पनि नदिइएको र सुनुवाई पनि नभएको,
- पूरातात्विक र ऐतिहासिक संरचनाहरूको प्रभावकारी संरक्षण र सम्वर्द्धन हुन नसकेको, निर्माण कार्य वातावरणमैत्री हुन नसकेको,
- राज्यका निकायहरूका विभिन्न पदहरूमा नियुक्ति गरिँदा हालसम्म पनि समानुपातिक समावेशी सिद्धान्तको पूर्णतः पालना हुन नसकेको,
- कतिपय क्षेत्रहरूमा स्वास्थ्य सेवाको अभाव, औषधिको अभावका कारण कमजोर वर्गका व्यक्तिहरूको अवस्था अत्यन्तै नाजुक रहेको,
- खाद्यान्नको अभावका कारण भोकमरीले मानिसहरु समस्याग्रस्त रहेको, १५ किलो चामलको लागि घण्टौं लाइन बस्नुपर्ने अवस्था कायम रहेको,
- प्रत्येक स्थानीय तहमा दलितका बिषय हेर्ने डेस्कको अभावमा मुद्दाहरु कमजोर बनाइएको,
- बाबु आमाले काम गर्ने मान्छे खोज्नु पर्ने र छोरा छोरीहरूले काम खोज्नुपर्ने अवस्था सिर्जना भएको, कामको उचित सम्मान र ज्यालाका अभावमा ठुलो संख्यामा (४९ लाख भन्दा बढि सङ्ख्यामा) युवाहरु विदेशिन बाध्य भएको आदि ।

## ६.२ साझा प्रतिबद्धता तथा घोषणापत्र

सातवटै प्रदेश र काठमाडौंमा सम्पन्न भएका कार्यक्रमहरूबाट अलग–अलग प्रतिबद्धतापत्रहरु जारी गरिएका थिए । ती घोषणापत्रहरूको एकीकृत बुँदाहरु अनुसूची - २ प्रस्तुत गरिएको भएपनि सारांशमा निम्न बमोजिम रहेको थियोः

क) आगामी दिनहरूमा प्रदेशलाई मानव अधिकारको उल्लंघन नहुने प्रदेशको रूपमा विकास गरिने,

ख) वैदेशिक रोजगारको विषयलाई व्यवस्थित गर्न आवश्यक कानूनहरु निर्माण गरिने र त्यस कार्यको लागि आवश्यक संरचना निर्माण एवं जनशक्ति समेत परिचालन गरिने,

ग) मानव अधिकार र मौलिक हकहरूको कार्यान्वयनकोलागि व्यापक रूपमा नागरिक शिक्षा सञ्चालन गरिने,

घ) शिक्षा, स्वाथ्य र रोजगार जस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको कार्यान्वयनमा नीति, कानून र कार्यक्रमहरु बनाई यथाशीघ्र लागु गरिने,

ङ) दण्डहीनता र आम राजनैतिक माफीको संस्कार अन्त्यको लागि भएका कानूनहरूको ईमान्दारीताका साथ पालना गर्ने र आवश्यक कानून बनाई लागु गरिने,

च) नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चार जगतको स्वतन्त्रता र पेशागत मर्यादाको सम्मानका लागि एकापसमा हातेमालो गर्दै अगाडि बढ्ने वातावरण निर्माण गरिने,

छ) राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य आयोगहरूका सिफारिसहरु प्रदेश तहबाट इमान्दारीताका साथ कार्यान्वयन गरिने र त्यसको लागि आयोग, नागरिक समाज र प्रदेश सरकारले संयुक्तरूपमा साझा योजना निर्माण गरी कार्यान्वयन गर्ने,

ज) महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक र नागरिक अधिकार प्राप्तिका लागि समान अवसरको सिर्जना गर्दै सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

झ) कृषि, पर्यटन तथा साना उद्योगको माध्यमबाट नेपालीको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभूत गर्न प्रदेश सरकारले प्राथामिकताकासाथ योजना तर्जुमा गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

ञ) मानव अधिकारको क्षेत्रमा कार्यरत सक्रिय निकाय, संस्था तथा व्यक्तिहरूले थप निष्पक्ष र स्वतन्त्र रूपमाा काम गर्ने कुरामा पुनः प्रतिवद्धता व्यक्त,

ट) बालबालिकाको अधिकारको रक्षा र उत्थानका लागि विशेष कार्यक्रम र योजना तर्जुमा गरी कार्यान्वयन गरिने,

ठ) विकास निर्माण सम्बन्धी कानून, नीति तथा योजना निर्माण र कार्यान्वयन गर्दा समावेशी सहभागीता जस्ता विकासका अधिकारलाई सुनिश्चित हुने गरी गरिने,

ड) जातीय छुवाछुत र विभेदहरूको अन्त्यको लागि कानून बनाई कडाईकासाथ लागु गरिने,

ढ) सीमान्तकृत वर्गमा रहेका समुदायको लागि यथेष्ठ र प्राथमिकताकासाथ बजेट तर्जुमा गरी यथाशीघ्र लागु गरिने ।

परिच्छेद ७

# विश्लेषण, निष्कर्ष र सुझावहरु

## ७.१ प्रदेश तथा काठमाडौंमा भएका कार्यक्रमका आधारमा मानव अधिकार अवस्थाको विश्लेषण

संविधानमा मौलिक हकहरूले वर्षौंदेखि स्थान पाउँदै आएका भएपनि ती अधिकारहरूको प्रभावकारी कार्यान्वयन र वास्तविक भोगचलन भने सन्तोषजनक हुन सकेन । यही तथ्यलाई ध्यानमा राखी नेपालको वर्तमान संविधानमा सबै जनताका लागि प्रभावकारी कार्यान्वयन गरिने कुरा सुनिश्चित गर्न थुप्रै व्यवस्था समावेश गरिएको छ । मौलिक हक संरक्षणका लागि राज्यका सम्पूर्ण पदाधिकारीहरूको कर्तव्य स्पष्टरूपमा उल्लेख हुनु, विभिन्न तहका अदालतमा न्यायका लागि जानसक्ने व्यवस्था, सीमान्तकृत समुदायहरूका लागि छुट्टै संवैधानिक आयोगहरूको स्थापना, र मौलिक हकहरु विरूद्ध गरिने संविधान संशोधन माथि बन्देज लगाउने लगायतका यस्ता केही व्यवस्थाहरु हुन् ।

संविधानको धारा ४७ मा गरिएको व्यवस्थालाई हेर्दा संविधान जारी भएको तीन वर्षभित्र कानून बनाएर लागु गर्ने र मौलिक हकमा भएका केही अनुचित बन्देज बाहेक मौलिक हकका प्रावधानहरूमा धेरै प्रश्न उठाउनु पर्ने विषय छैनन् । मौलिक हक कार्यान्वयन गर्न बनेका १६ वटा कानूनहरूको प्रभावकारितामा भने प्रश्न उठाउन सकिने स्थानहरु देखिन्छन् । यद्यपी ती कानूनहरूमा समयक्रममा संशोधन हुँदै जाने कुरामा आशावादी हुन सकिन्छ । संवैधानिक आयोगहरूको सम्बन्धमा,- एकभन्दा बढि आयोगहरु पेरिस सिद्धान्त, १९९३ अनुकूलका हुन सक्दछन कि सक्दैनन् ? यदि हुन सक्दछन भने क्षेत्राधिकारमा हुने दोहोरोपनाको समाधान के हो ? संख्यात्मकरूपमा समान प्रकृतिका आयोग हुँदा त्यसको प्रभावकारीतामा कस्तो असर पर्ला ? एउटै प्रकृतिका "अन्य आयोगहरु" शिर्षक अन्तर्गत राखिएका आयोगहरूको समेत हैसियत फरक-फरक हुँदा त्यसको प्रभाव कस्तो होला ? जस्ता प्रश्नहरूमा भने स्पष्टताको आवश्कता देखिन्छ ।

नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता, संलग्नता र सन्धिहरूमा पक्षराष्ट्र बन्ने क्रम अत्यन्तै प्रगतिशील र प्रशंसनीय छ । तर कार्यान्वयनको पक्ष चिन्ताजनक छ ।

नागरिक तथा राजनैतिक अधिकारको कार्यान्वयनको लागि कानूनको शासन र मानव अधिकार संस्कारको विकाससँगै प्रत्येक तहको जवाफदेहीपनमा खरोरूपमा उत्रन आवश्यक छ । त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनको लागि अल्पकालीन तथा दीर्घकालीन योजना सहित विभिन्न आयोगहरु, राज्यका सबै तह, गैर सरकारी सङ्घसंस्था, नागरिक समाज र विकास साझेदारहरु हातेमालो गरेर अगाडि बढ्नुपर्ने हुन्छ । करको दायरा वृद्धि गरी निजी क्षेत्रलाई समेत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा संलग्न गराई योजनावद्ध ढङ्गबाट अगाडि बढ्नु आवश्यक छ भने भ्रष्टाचार र नातावादको अन्त्य बिना यी अधिकारहरूको पूर्ण प्रत्याभूति सम्भव छैन । यी अधिकारको प्रत्याभूतिको लागि ठूलो मात्रामा लगानी आवश्यक पर्ने भएकोले सबै क्षेत्रलाई समेट्ने गरी नीति तथा योजना तर्जुमा गरी लागु गर्नुपर्ने हुन्छ । त्यसैगरी समूहका अधिकारहरु सुनिश्चित गर्नको लागि मात्र इमान्दारीताको खाँचो छ । विकास तथा वातावरणको अधिकार सुनिश्चत गर्नको लागि नीति तथा योजनाहरु निर्माण गरी इमान्दारिताका साथ कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

यसरी हेर्दा संविधानले जनताका अधिकांश सरोकारहरूलाई समेट्ने प्रयास गरेको छ । र यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा जनताका दैनिक जीवनसँग प्रत्यक्ष सरोकार रहेका विषयहरु सम्बोधन हुनसक्ने र जनताको जीवनस्तर माथि उठन सक्छ । खास गरेर आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक रूपले पछाडि पारिएका समुदायहरूको संरक्षण, विकास र उत्थानमा बिषेश ध्यान दिएकोले त्यस्ता समुदायहरूको मूल प्रवाहीकरणमा यसले महत्वपूर्ण भूमिका खेल्नेछ । संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था मौलिक हकको रूपमा गरेबाट जनताले त्यस्ता अधिकारहरु दाबी गर्न र त्यसबाट लाभ उठाउन सक्दछन । कतिपय समूहका अधिकारको उल्लेखनबाट त्यस्ता समूहका खास प्रकारका आवश्कताहरु सम्बोधनका मागहरु प्रशस्त भएका छन् ।

## ७.२ निष्कर्ष

राष्ट्रिय कानून तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा व्यवस्था गरिएका मानव अधिकार र मौलिकहकको सम्मान, संरक्षण र परिपूर्ति गर्ने राज्यको प्राथामिक दायित्व हो । उक्त दायित्वलाई पूरा गर्नको लागि

मानव अधिकारको संस्कार र कानून बमोजिमको शासनको आवश्यकता पर्दछ । नागरिक तथा राजनैतिक अधिकारहरु सामान्यतया कानूनको शासनबाट पूरा गर्न सकिन्छ । जसको लागि असल संस्कार र संस्कृतिको समेत विकास गर्दै अगाडि बढ्न आवश्यक छ । भ्रष्टाचार उल्मूलन, दण्डहीनताको अन्त्य, राजनीतिक आम माफीको संस्कारको अन्त्य, नातावाद तथा कृपावादको अन्त्य जस्ता विषयहरु हाम्रो निम्ति चुनौतीपूर्ण बन्दै गएका छन भने जवाफदेहीताको अभावमा सबै क्षेत्रहरु आक्रान्त छन् । राज्यका सबै अङ्गहरु, नागरिक समाज र आम नागरिक समेत आ– आफनो क्षेत्रबाट इमान्दारिताका साथ जिम्मेवारी पूरा गर्ने हो भने मानव अधिकार र कानूनको शासनको संस्कारको विकास गर्न समय लाग्दैन ।

जवाफदेहिता बहन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको पक्ष राष्ट्र बनेर वा राष्ट्रिय कानून बनाएर मात्र जिम्मेवारी पूरा हुँदैन । नेपालको संविधान मानव अधिकारका दृष्टिले संसारकै उत्कृष्ट र नमूना संविधानको रुपमा चिनिएको छ भने नेपाल मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र बन्ने सम्बन्धमा अग्रपङ्ति छ, तर हाम्रो लागि प्रमुख चुनौती नै ती कानूनहरुको कार्यान्वयन हो । कार्यान्वयन पक्षमा इमान्दार प्रयास गर्ने हो भने असम्भव छैन ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनमा प्रशस्त श्रोत र जनशक्तिको खाँचो पर्दछ । त्यसको लागि पनि योजनावद्धरुपमा राज्य, नागरिक समाज र आम नागरिक एकवद्ध भएर लाग्ने हो भने दिगो विकास र समृद्धि टाढा छैन जुन मानव अधिकार तथा मौलिक हकको सम्मान र संरक्षण तथा कानूनको शासनबाट मात्र सम्भव छ भन्ने कुरालाई मनन गर्न सकेमा यस अभियानको उद्देश्य पूरा हुनेछ ।

## ७.३ मौलिक हक कार्यान्वयनको लागि सिफारिस तथा सुझावहरु

माथिका परिच्छेदहरुमा उल्लिखित तथ्य र निष्कर्षको आधारमा आयोग संघीय व्यवस्थापिका कानुन, न्याय तथा मानव अधिकार समिति, नेपाल सरकार र प्रदेश सभा एवम् प्रदेश सरकार, स्थानीय तथा नागरिक समाजलाई देहाय बमोजिमका सुझाव तथा सिफारिस गर्दछः

### ७.३.१ संघीय व्यवस्थापिका कानुन, न्याय तथा मानव अधिकार समिति र प्रदेश सभालाई सुझावहरू

सङ्घीय संसद्, प्रदेश संसद् तथा स्थानीय व्यवस्थापिकाले मानव अधिकार तथा मौलिक हकको संरक्षण तथा कार्यान्वयनको लागि निम्न कार्यहरु गर्न आवश्यक छः

क) विधायिकाबाट जारी गरिने कानूनहरु मानव अधिकारमैत्री ढङ्गबाट निर्माण हुने वातावरण सिर्जना गर्न ।

ख) सङ्घबाट पारित गरिनु पर्ने कतिपय कानुनहरु समयमा नै जारी हुन नसक्दा प्रदेश तथा स्थानीय तहमा केही अन्यौलता उत्पन्न भएको भन्ने पाइएको हुँदा ती समस्याको समाधानको लागि आवश्यक पहल हुन ।

ग) मौलिक हक कार्यान्वयन सम्बन्धमा सरकारबाट भएका कामहरूको प्रगति प्रतिवेदनहरु झिकाई सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिन ।

घ) राज्यबाट हुन सक्ने मानव अधिकार उल्लङ्घनप्रति सरकारलाई सचेत गराउँदै दोषीहरूलाई कारवाही र पीडितलाई न्याय दिलाउने अवस्थाको वातावरण बनाउन सरकारलाई निर्देशन दिन ।

ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनको सन्दर्भमा आवश्यक कानूनहरु तदारूकता र प्राथमिकताका साथ निर्माण गर्ने वातावरणका लागि पहल हुन ।

च) सरकारबाट निर्माण गरिने विभिन्न नीति तथा कार्यक्रमहरूलाई मानव अधिकारमैत्री बनाउन सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिन ।

छ) सबै किसिमका नियुक्तिहरूमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा भएको कुरा सुनिश्चित गर्ने विषयमा सरकारलाई आवश्यक निर्देशन दिन ।

ज) मौलिक हकको कार्यान्वयन तथा मानव अधिकारका अन्य विषयवस्तुसँग सम्बन्धित कानुन निर्माण गर्दा राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य सरोकारवाला निकायहरूको व्यापक सहभागिताको सुनिश्चितता गर्ने वातावरण निर्माण हुन ।

### ७.३.२ सरकारलाई सिफारिस

क) मौलिक हक कार्यान्वयन सम्बन्धमा पारित ऐनहरूमा रहेका त्रुटिहरूलाई आयोग तथा अन्य सरोकारवाला निकायहरूको सहभागितामा मानव

अधिकारका अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन ।

ख) मौलिक हक कार्यान्वयन सम्बन्धमा जारी भएका ऐनहरूको पूर्ण कार्यान्वयनको लागि नियमावली र निर्देशिकाहरु समेत निर्माण गरिनु पर्ने देखिँदा सरोकारवालाहरूको परामर्श र सहभागितामा निर्माण गर्न ।

ग) केही मौलिक हकहरूको पूर्ण रूपमा कार्यान्वयनको सुनिश्चितताका लागि पर्याप्त स्रोत र साधनको आवश्यकता पर्ने देखिँदा त्यसको लागि पञ्चवर्षीय योजना, वार्षिक कार्य योजना र रणनीतिक योजनाहरु मार्फत प्राथामिकताका आधारमा योजना तर्जुमा र बजेट बिनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्न ।

घ) मौलिक हकका बिषयमा पर्याप्त जानकारी प्रवाह हुन नसक्दा पनि सम्बन्धित तहहरूमा पर्याप्त अन्यौलता रहेको हुँदा अन्यौलता अन्त्यको लागि सङ्घ, प्रदेश र स्थानीय तहका तर्फबाट व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्न ।

ङ) संविधानसँग बाझिएका कानूनहरु समयमा संशोधन नभएका कारण अति आवश्यक स्वास्थ्य, शिक्षा तथा सुरक्षासंग सम्बन्धित विषयमा योजना तर्जुमा र कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा कठिनाई रहेको पाइएको हुँदा त्यस्ता कानुनहरूको निर्माण तथा संशोधन प्रक्रिया व्यवस्थापिका संसद् समक्ष अगाडि बढाउन ।

च) प्रत्येक प्रदेशबाट आएका प्रतिबद्धताहरु पूरा गर्न पर्याप्त श्रोत तथा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुँदा त्यसको लागि यथासिघ्र आवश्यक जनशक्तिको व्यवस्था गर्दै प्रदेश तथा स्थानीय तहले आफूले गर्न सक्ने कर्मचारी वा विशेषज्ञ भर्नाको लागि मार्ग प्रशस्त गर्न ।

छ) कर्मचारीहरूको अभावमा प्रदेश तथा स्थानीय तहहरूले प्रभावकारी काम गर्न नसकेको हुँदा तत्काल त्यसको व्यवस्था गर्न ।

ज) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनका लागि योजनाबद्ध ढङ्गबाट श्रोतको उच्चतम प्रयोग गरी अल्पकालीन तथा दीर्घकालीन योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न ।

झ) दण्डहीनताको प्रवृत्ति अन्त्य गर्न निश्चित मापदण्ड तयार गरी दण्डहीनता अन्त्य गर्न सरकार जवाफदेही र कानुनी शासन प्रति प्रतिबद्ध रहेको कुरा व्यवहारमा लागु गर्न ।

ञ) मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर), राष्ट्रसङ्घीय समाधिक्षक तथा विभिन्न सन्धिजनित समितिहरूको सिफारिस कार्यान्वयन गर्नको लागि अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्य गर्न ।

ट) विश्वव्यापी आवधिक समीक्षा (UPR), राष्ट्रसङ्घीय समाधिक्षक तथा विभिन्न सन्धिजनित समितिहरूको सिफारिस कार्यान्वयन गर्नको लागि अल्पकालिन तथा दीर्घकालीन योजना बनाई मानव अधिकार आयोग तथा नागरिक समाजसंग सहकार्य गरी अगाडि बढ्न ।

ठ) हालसम्म बनेका अधिकांश भौतिक संरचनाहरु मानव अधिकारमुखी विकास पद्धतिबाट सम्पन्न हुन नसकेको देखिंदा अब बन्ने संरचनाहरु सहभागीतामूलक ढङ्गबाट मानव अधिकारमैत्री प्रक्रिया अपनाई निर्माण गर्न ।

ड) कानून, नीति तथा योजना तर्जुमा गर्दा सबै तहमा सरोकारवालाहरूसँग आवश्यक छलफल र परामर्श गरी उनिहरूका सरोकारको सम्बोधन गर्दै त्यस्ता कानून, नीति तथा योजनामा अपनत्व हुने वातावरण निर्माण गर्न ।

ढ) सङ्क्रमणकालीन न्यायको निम्ति गठन भएका सत्य निरूपण तथा मेल मिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगहरु र सम्बन्धित कानूनको प्रभावकारीतामा संवेदनशील रूपमा प्रश्नहरु उठिरहेको अवस्था र ती आयोगहरूको अवधि समेत समाप्त भएको अवस्थामा सङ्क्रमणकालीन न्यायको प्रभावकारी व्यवस्थाको लागि तत्काल कानून संशोधन गरी पीडितलाई सन्तुष्ट हुने गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको आदेश बमोजिम यथाशीघ्र कार्य गर्न ।

ण) हालसम्म राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन नभएकोले राज्यको मानव अधिकारको संरक्षण, सम्मान र परिपूर्ति प्रतिको दायित्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रश्न चिन्ह उठिरहेकोले आयोगका सिफारिशहरूको प्रभावकारी कार्यान्वयनको लागि स्थायी रणनीति र योजनाहरु तर्जुमा गरी इमान्दारीताका साथ कार्यान्वयन गर्न ।

त) नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चार जगतको स्वतन्त्रता र पेशागत मर्यादाको सम्मान गर्दै आवश्यकता अनुसार हातेमालो गर्ने वातावरणको निर्माण गर्न ।

थ) उपयुक्त स्थान र पदका लागि उपयुक्त व्यक्तिलाई क्षमता र दक्षताका आधारमा जिम्मेवारी दिने प्रचलनको विकास गर्न ।

द) राज्यको हरेक निकायमा समानुपातिक तथा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउने, कमजोर वर्गको निम्ति सकारात्मक विभेदका आधारमा प्रतिनिधित्व र क्षमता विकासको सुनिश्चितता गर्न ।

ध) नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दा मौलिक हक कार्यान्वयनका विषयहरूलाई उच्च प्राथमिकता दिन ।

न) अपराध अनुसन्धानमा भएका कमी कमजोरीहरूका कारणले राज्यको अनुसन्धान निकाय प्रतिको विश्वासमा कमी आउन सक्ने अवस्था हुन नदिने व्यवस्था हुन आवश्यक छ । मानव अधिकारका उल्लङ्घन तथा ज्यादतीकर्ता (पीडक) लाई कानून बमोजिम कारवाही गर्न नसकिएका कारणले सिर्जना भएको दण्डहीनताको प्रवृत्तिको अन्त्य गर्नको लागि निश्चित मापदण्ड र पद्धतिको विकास गर्दै राज्य नागरिकप्रति जवाफदेही छ भन्ने कुरा व्यवहारतः पुष्टि गर्न सबै तहका सरकारहरूबाट जवाफदेहिता लिई प्रभावकारी मापदण्डको विकास गरी, भ्रष्टाचारको अन्त्य र कानूनी शासन व्यवहारिक रूपमै र देखिने गरी लागु गर्न ।

### ७.३.३ नागरिक समाज तथा मानव अधिकारकर्मीहरूलाई

क) राष्ट्रिय मानव अधिकार आयोगसँगको सहकार्यमा मानव अधिकारको अनुगमन गरी दक्षतापूर्वक प्रतिवेदन तयार गरी सिफारिस गर्न ।

ख) आवश्यकता र औचित्यताको आधारमा संसद्को लागि कानून मस्यौदामा विशेषज्ञ सेवा उपलब्ध गराउन; कानून, नीति तथा योजना तर्जुमा गर्दा सक्रियताकासाथ छलफलमा भाग लिन, सुझाव दिन र सम्भव भएसम्म श्रोतको एकीकृत प्रयोग गर्दै सम्बृद्ध नेपाल निर्माणको लागि सहयोग गर्न ।

ग) नागरिक समाजको पेशागत मर्यादा कायम गर्न सबै खालका क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्न ।

घ) अन्य अधिकारमुखी संवैधानिक आयोगहरूको गठन, क्षेत्राधिकार र क्षमता विकासमा सहकार्य र सहजीकरण गर्दै उनीहरूको प्रभावकारीताको लागि आवश्यक समन्वय र सहकार्य गर्न ।

ङ) राज्य पक्ष र गैर राज्य पक्षको रूपमा व्यवहार नगरी राज्यबाट भएका राम्रा कामको प्रशंसा र आवश्यक सहयोग तथा कमी कमजोरी उपर सकारात्मक सल्लाह, सुझाव र आवश्यक दवाव दिन । मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा पेशागत दक्षताको विकास गर्दै तटस्थताको सिद्धान्तको इमान्दारीताका साथ पालना गर्न ।

च) आयोग तथा सरकारलाई विभिन्न प्रतिवेदन तयार गर्ने क्रममा सहयोग गर्न ।

छ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत, नागरिक तथा राजनैतिक अधिकारका क्षेत्रमा लगातार अनुगमन र अध्ययन (Research) गर्दै मानव अधिकार संरक्षण र सम्वर्द्धनका सम्भावना, तरिका र श्रोतको सही सदुपयोगका आधारहरू समेत तयार गरी नियमित रूपमा सरकारलाई प्रतिवेदन दिने र आवश्यकता अनुसार सो सम्बन्धमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न ।

ज) राज्यबाट हुने जवाफदेहिताको अभावका क्षेत्रहरूमा खबरदारी गर्दै व्यापक रूपमा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै, आफ्नो दायित्वका सम्बन्धमा पनि सबै तर्फबाट जिम्मेवारी पूरा गरिएको कुरा सुनिश्चित गर्न आफ्ना कामहरू सरकार र नागरिकका सामु पारदर्शी रूपमा सार्वजनिक गर्न ।

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
इमेलः nhrc@nhrcnepal.org
फोनः ०१–५०१००१५, १५, १७, १८
वेभ साइटः www.nhrcnepal.org
फ्याक्सः ०१–५५४७९७३, ५५४७७९७५
हट लाईनः ०१–५०१००००

### प्रदेश कार्यालयहरू

चाँदनी चोक, विराटनगर
फोनः ०२१–४६१९३१, ४६१०९३
फ्याक्सः ०२१–४६११००

देवि चोक, जनकपुर
फोनः ०४१–५२७८११, ५२७८१२
फ्याक्सः ०४१–५२७२५०

जनप्रिय मार्ग, पोखरा
फोनः ०६१–४६२८११, ४६३८२२
फ्याक्सः ०६१–४६५०४२

सानेपा, ललितपुर : फोनः ०१–५५३०३६२

बुटवल, रुपन्देही : फोनः ०७१–५४६९११

उत्तर बेहेडी, धनगढी
फोनः ०९१–५२५६२१, ५२५६२२
फ्याक्सः ०९१–५२५६२३

सुर्खेत, विरेन्द्रनगर (प्रस्तावित)

### प्रदेश शाखा कार्यालयहरू

दिक्तेल, खोटाङ : फोनः ०३६–४२०२८४

खलंगा, जुम्ला : फोनः ०८७–५२०२२२

शान्तिनगर, नेपालगञ्ज
फोनः ०८२–५२६७०७, ५२६७०८
फ्याक्सः ०८२–५२६७०६